सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२२ फागुन २०८०, मंगलबार (5 Mar 2024, Tuesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३१६ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

१५ महिनामा तेस्रो गठबन्धन

कांग्रेसको 'असावधानी' र प्रचण्डलाई एमालेको 'गोल्डेन अफर' नयाँ गठबन्धनको जग, नागरिकले महसुस गर्ने गरी कार्यसम्पादन सरकारको मुख्य चुनौती

यसकारण भत्कियो कांग्रेससँगको गठबन्धन

- कोशीमा एमालेसँग मिलेर काग्रेसले सरकार बनाएपछि दुई दलबीच आशंकाको सुरुवात
- कोशीमै राष्ट्रिय सभा निर्वाचनमा आफ्ना उम्मेदवारको पराजयपछि माओवादी थप सशंकित
- समन्वय नगरेको भन्दै अर्थमन्त्री डा. प्रकाशशरण महतलाई हटाउने प्रधानमन्त्रीको पटकपटकको प्रयासमा देउवाको असहयोगले प्रधानमन्त्री रुष्ट
- महासमिति बैठकमा उपसभापति पूर्णबहादुर खड्काले माओवादी सशस्त्र संघर्षलाई हिंसात्मक युद्धको रूपमा व्याख्या गर्दै प्रतिवेदन पेस गरेपछि माओवादीभित्र कांग्रेससँगको सहकार्यको विषयमा गम्भीर समीक्षा
- महासमिति बैठकमै महामन्त्री गगन थापाको आसन्न निर्वाचनमा कसैसँग गठबन्धन नगर्ने प्रस्ताव पेस भएपछि कांग्रेससँग दीर्घकालीन सहकार्य हुन नसक्ने माओवादीको बुझाइ
- मन्त्रिपरिषद् पुनर्गठन गर्ने प्रधानमन्त्री प्रचण्डको चाहनामा पनि कांग्रेस सभापति देउवाको अवरोध
- विभिन्न कारणले प्रधानमन्त्री असन्तुष्ट छन् भन्ने सूचना हुँदाहुँदै पनि त्यसलाई विश्वासमा ढाल्ने गरी कांग्रेस नेतृत्वबाट संवादको अग्रसरता नदेखिनु

प्रेम गौतम/नयाँ पत्रिका

एक वर्षको तित्कतापूर्ण सम्बन्ध चिर्दै दुई ठूला वामपन्थी दल माओवादी र एमाले पुनः सत्तासहयात्री बनेका छन् । कांग्रेससँगको सहकार्य तोडेर प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले एमाले, रास्वपा र जनता समाजवादी पार्टीसहितको नयाँ गठबन्धन निर्माण गरेका हुन् । १० पुस ०७९ यता तीनवटा गठबन्धन निर्माण भइसकेका छन् ।

आइतबार राति नै भएको, तर सोमबार साँझ मात्र सार्वजनिक नवगठित सत्तागठबन्धनका चार दलबीच भएको आठबुँदे सहमतिमा सरकारको नेतृत्व प्रचण्डले गर्ने उल्लेख छ । स्रोतका अनुसार

» पृष्ठ ११ मा क्रमशः



नयाँ गठबन्धनको सहमतिपछि प्रधानमन्त्री पुष्पकमल दाहाल र एमाले अध्यक्ष केपी ओली बालुवाटारमा

चार दलबीच भएका सहमति

१ सुशासन, विकास, सामाजिक न्याय र समृद्धिको प्रश्नमा समान सोच राख्ने दलहरूको बीचमा सहकार्य आवश्यक रहेको महसुस गरी नयाँ सरकार गठन गर्ने, सरकारको नेतृत्व माओवादी अध्यक्ष प्रचण्डले गर्ने

२ रिक्त राष्ट्रिय सभा अध्यक्षमा माओवादी र उपाध्यक्षमा एमालेका उम्मेदवारलाई समर्थन गर्ने

३ आपसी सहमतिमा मन्त्रालय बाँडफाँट गर्ने, मन्त्रालयको विशेषताको आधारमा वर्गीकरण गरी मिलाउने र नयाँ संयुक्त सरकार गठनमा अन्य दलहरूसँग संवाद अघि बढाउने

४ संक्रमणकालीन न्यायसम्बन्धी विधेयक (टिआरसी), शान्ति प्रक्रिया र देशमा स्थायी शान्ति कायम गर्न सहमतिको आधारमा अविलम्ब टुंग्याउने

५ संघीयता कार्यान्वयनसँग सम्बन्धित बाँकी कानुन निर्माण गरी सबै तहका सरकार प्रभावकारी बनाउने

६ सरकारको नीति तथा कार्यक्रम मार्गदर्शन गर्ने गरी साझा न्यूनतम कार्यक्रम तय गर्ने

७ वर्तमान मन्त्रिपरिषद् पुनर्गठन गरी सहमति अनुसार नयाँ संयुक्त सरकार गठन गर्ने

८ राष्ट्रिय स्वाधीनता, सार्वभौमसत्ता र भौगोलिक अखण्डतालाई सुदृढ गर्न तथा समाजवादउन्मुख आर्थिक-सामाजिक विकासका लागि राजनीतिक स्थायित्वको दिशामा अघि बढ्ने

अन्तर्वार्ता

अहिले प्रचण्डले नै नेतृत्व गर्ने कुरा छ, आवश्यकताअनुसार भोलि निर्णय होलान्

- **प्रदीप ज्ञवाली**, उपमहासचिव, एमाले



छिटो-छिटो सरकार परिवर्तनले राजनीति भनेकै सत्ताको भागबन्डा भन्ने गलत सन्देश जाने, त्यसले दातृ निकाय, विदेशी लगानीकर्ता, निजी क्षेत्र र समग्र प्रशासनमा अस्थिरताको सन्देश जाने भएकाले अहिले सरकारको नेतृत्वको विषयमा प्रवेश गरेका छैनौं । आवश्यकताअनुसार भोलिका दिनमा निर्णय होलान् । अहिलेचाहिँ प्रधानमन्त्री प्रचण्डले नै नेतृत्व गर्ने कुरा छ ।

राष्ट्रिय सहमति जुटाउने कोसिस गरेका हौं, परिस्थिति मिलेन

- **देव गुरुङ**, महासचिव, माओवादी



हामीले सबैलाई समेट्नुपर्‍यो भनेका हौं । प्रतिपक्षलाई पनि समेटेर लानुपर्छ भन्न खोजेको हो । तर, कांग्रेस छिर्दा एमाले आउट हुने, एमाले छिर्दा कांग्रेस आउट हुने स्थिति बन्यो ।

(पृष्ठ ११)

'वेटिङ प्राइममिनिस्टर' देउवालाई 'पावर सक्ड'



केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

आन्तरिक विवादमा फसेको कांग्रेस प्रधानमन्त्रीसँग समन्वयकारी भूमिकामा चुक्दा पुनः प्रतिपक्षमा पुगेको छ । गत वर्षको संघीय र प्रदेश निर्वाचनलगत्तै आफूअनुकूलको गठबन्धन बनाउन चुकेको कांग्रेस गत फागुनमा सत्ताराजनीतिमा फर्केको थियो । तर, गठबन्धनमा रहेको असन्तुष्टि व्यवस्थापनमा चुक्दा संसद्को ठूलो दल कांग्रेसलाई तत्कालका लागि ठूलो धक्का लागेको छ ।

गठबन्धन भत्किएको विषयमा कांग्रेस नेताहरू आत्ममन्थनमा छन् । आफ्नोतर्फबाट उचित समयमा उचित कदम नचाल्दा गठबन्धन भत्किएको कांग्रेसमा एकथरीको बुझाइ छ । सत्तागठबन्धन दल कांग्रेसप्रतिको माओवादी असन्तुष्टि सम्बोधन नगर्दा एमालेसँग नयाँ गठबन्धन बनेको ती नेताहरूको मत छ । अर्कोथरी मतचाहिँ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड गठबन्धनप्रति प्रतिबद्ध नहुँदा गठबन्धन टुटेको दाबी गर्छन् ।

पार्टी पदाधिकारी बैठकअघि सोमबार सभापति शेरबहादुर देउवा र उपसभापति एवं उपप्रधानमन्त्री पूर्णबहादुर खड्का बालुवाटार पुगेर प्रधानमन्त्री प्रचण्डसँग भेट गरी माग सम्बोधनमा आफूहरू लचक

» पृष्ठ ११ मा क्रमशः

सबै दिन्छौं भन्दा पनि प्रधानमन्त्रीले मान्नुभएन



- **पूर्णबहादुर खड्का**, उपसभापति

प्रधानमन्त्रीलाई हामीले राष्ट्रिय सभा अध्यक्ष माओवादीबाटै बनाउन पनि कांग्रेस तयार छ, कांग्रेसका सबै मन्त्री फेरबदल गर्न तयार रहेको जानकारी गराएका थियौं । साथै प्रधानमन्त्रीको कार्यकाल बढाउनसमेत कांग्रेस तयार छ भन्यौं, तर उहाँले त्यसका लागि ढिला भइसक्यो, अब कांग्रेससँगको गठबन्धनमा रहन सकिँदैन भन्नुभयो । सबै दिन्छौं भन्दा पनि प्रधानमन्त्रीले मान्नुभएन । उहाँहरू पहिलेदेखि नै यो योजनामा रहेको देखियो ।

संकेत पाउँदा पनि सभापतिमा सजगता देखिएन



- **प्रदीप पौडेल**, युवा नेता

निर्वाचनअगाडि मिलेर लडेको शक्ति सँगसँगै जाने कुरामा प्रधानमन्त्री गम्भीर भएको देखिएन । जोसँग पनि मिल्न तयार हुने उहाँले चाहना राख्नुभयो, विकल्प प्रयोग गरेर गठबन्धन जोगाउन तयार रहनुभएन । उहाँले मिलाउन चाहेको भए विकल्प रहन्थे । प्रधानमन्त्रीले औपचारिक रूपमा कांग्रेसका यी कारणले गठबन्धनमा रहने अवस्था रहेन भन्नुभएको छैन । पछिल्लो समय प्रधानमन्त्रीको सर्त बुझ्ने प्रयास कांग्रेसले गरेकै हो । वेटिङ प्राइममिनिस्टरका रूपमा रहेका हाम्रा सभापति पनि गठबन्धन तोडिने संकेत पाउँदा चनाखो हुनुपर्थ्यो । त्यो सजगता पनि देखिएन ।

नवनियुक्त तीन मन्त्रीले लिए शपथ

मन्त्री विनाविभागीय, सबै मन्त्रालयको कार्यभार प्रधानमन्त्रीसँग

■ देउवा र नेपाल शीतलनिवास गएनन्, पुराना मन्त्री बिदाइ हुन पाएनन्

नयाँ पत्रिका

नयाँ समीकरण बनेपछि एमाले, माओवादी र रास्वपाबाट तीन मन्त्रीले शपथ लिएका छन् । एमालेका पदम गिरी, माओवादीका हितबहादुर तामाङ र रास्वपाका डिपी अर्याललाई राष्ट्रपति रामचन्द्र पौडेलले पद तथा गोपनीयताको शपथ खुवाएका हुन् । उनीहरूको मन्त्रालय भने तोकिएको छैन । सबै मन्त्रालयको कार्यभार हाललाई प्रधानमन्त्रीले नै सम्हाल्ने गरी तोकिएको छ । गिरी पर्वत र तामाङ नुवाकोट- १ बाट निर्वाचित सांसद हुन् । डिपी समानुपातिक सांसद हुन् । तीनैजना पूर्वमन्त्री हुन् ।

शीतलनिवासमा आयोजित नयाँ मन्त्रीहरूको शपथग्रहण समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री प्रचण्ड, प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, सभामुख देवराज घिमिरे, एमाले अध्यक्ष केपी ओली, रास्वपा सभापति रवि लामिछाने, जसपा अध्यक्ष उपेन्द्र यादवलगायत सत्तागठबन्धन दलका नेताहरू सहभागी थिए । कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र एकीकृत समाजवादी अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधव नेपाल भने सहभागी भएनन् ।


त्यसैबीच, निवर्तमान मन्त्रीहरूले बिदाइ हुन पनि पाएनन् । गठबन्धन

» पृष्ठ ११ मा क्रमशः



■ संघीय निजामती विधेयक संसद्मा दर्ता

प्रदेशको प्रमुख सचिव, सचिव र स्थानीय तहको प्रमुख प्रशासकीय १० वर्षसम्म संघले नै पठाउने



■ सचिवलाई जतिवेला पनि, सहसचिवलाई एक र अन्य कर्मचारीलाई दुई वर्षपछि मात्र सरुवा गर्न सकिने

■ ट्रेड युनियनका पदाधिकारीलाई अतिरिक्त आचरण : कर्मचारीको सरुवा, बढुवा वा वृत्ति विकासका विषयमा दबाब दिन नपाउने

■ कामका आधारमा कार्यविवरण र कार्यसम्पादन सम्झौता, सुपरिवेक्षणको संयन्त्र

सुवास भट्ट भट्ट/नयाँ पत्रिका

लामो रस्साकस्सीपछि अन्ततः सरकारले संघीय निजामती सेवा ऐनको विधेयक संसद् मा दर्ता गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अनिता देवीले संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० सोमबार संघीय संसद् सचिवालयमा दर्ता गरेकी हुन् ।

विधेयकमा प्रदेशको प्रमुख सचिव, सचिव र स्थानीय तहको प्रमुख प्रशासकीय १० वर्षसम्म संघले नै पठाउने व्यवस्था गरिएको छ । तल्ला तह सक्षम नहुन्जेलसम्मका लागि भनेर यस्तो व्यवस्था गरिएको उल्लेख छ । प्रमुख सचिव संघीय सेवाको रहे पनि प्रदेश सरकारप्रति उत्तरदायी हुने तथा प्रमुख सचिव र सचिवलाई एक वर्ष नपुगी सरुवा गर्न नमिल्ने व्यवस्था पनि विधेयकमा छ । त्यस्तै, स्थानीय तहको प्रमुख

» पृष्ठ ११ मा क्रमशः

■ खसआर्य, थारू र मुस्लिम पनि आरक्षण सूचीमा

विधेयकले आरक्षणको व्यवस्था पनि फेरबदल गरेको छ । आरक्षण प्रदान गरिने प्रतिशत चार अंकले बढाएर ४९ पुऱ्याइएको छ । आरक्षणको सुविधा पाउनेमा खसआर्य, थारू र मुस्लिम पनि थपिएका छन् । हाल महिलालाई आरक्षण सुविधाको अंकभित्र सीधै ३३ प्रतिशत छुट्याइएकामा विधेयकले ५० प्रतिशत हिस्सा पुऱ्याएको छ । त्यसभित्र पनि महिला, खसआर्य, आदिवासी जनजाति, मधेशी, दलित, थारू, मुस्लिम, पिछडिएको क्षेत्र र अपांगता भएकाबीच उही अनुपातमा आरक्षण दिनुपर्ने व्यवस्था विधेयकमा गरिएको छ ।

खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४९ प्रतिशत पद छुट्याई त्यसमा आरक्षण सुविधा दिइएको छ । ४९ प्रतिशतलाई शतप्रतिशत मानी त्यसको ५० प्रतिशत पदमा महिलाबीच मात्र हुनेछ । बाँकी ५० प्रतिशत पदमा त्यसलाई शतप्रतिशत मानी आदिवासी जनजातिलाई ३२.५, मधेशीलाई २९, दलितलाई १५.५, विपन्न खसआर्यलाई १०, थारूलाई नौ, मुस्लिम, पिछडिएको क्षेत्र र अपांगता भएका व्यक्तिलाई पाँच-पाँच प्रतिशत आरक्षण तोकेर त्यसबीच प्रतिस्पर्धा गराउने व्यवस्था विधेयकमा छ ।

■ अनिवार्य अवकाश ६० वर्ष

विधेयकले निजामती कर्मचारीको अनिवार्य अवकाश उमेर ६० वर्ष कायम गरेको छ । हाल यस्तो उमेर ५८ वर्ष छ । तर, ऐन आरम्भ भएको आर्थिक वर्षभरि भने अवकाश उमेर ५८ नै कायम रहनेछ ।

■ नासुको पदपूर्ति बढुवाबाट मात्रै

नासुमा शतप्रतिशत नै बढुवाबाट पूर्ति हुने व्यवस्था गरिएको छ । हाल यसको पदपूर्ति ४० प्रतिशत खुला प्रतियोगिता, २० प्रतिशत कार्यक्षमता मूल्यांकन र ४० प्रतिशत ज्येष्ठता र कार्य सम्पादन मूल्यांकनद्वारा गर्ने गरिएको छ ।



■ डेढ दशकअघि बाढीले पुरेपछि खेत बनाइएको १४४ बिघाको ताल ब्युँताइँदै



मोहना नदीको बाढीले पुरेपछि बनाइएको कैलालीको भजनी नगरपालिका- ७ लालबोझीस्थित खेत

धनगढीमा **तेजराज भट्ट**

कैलालीको भजनी नगरपालिका- ७, लालबोझीमा मोहना नदीको बाढीले पुरेपछि खेत बनेको एक सय ४४ बिघाको पुरैना ताल ब्युँताउन थालिएको छ । ०६४ को बाढीले ताल पुरेर बगर बनाएपछि अतिक्रमणमा परेको तालालाई पुरानै

» पृष्ठ ११ मा क्रमशः

तालालाई पुरानै स्वरूपमा फर्काउन वैशाखपछि माटो हटाउँछौं



- **केवल चौधरी**, मेयर, भजनी नगरपालिका

वन कार्यालयसँग मिलेर तालालाई पुरानो स्वरूपमा फर्काउँछौं, यो कामका लागि त्यहाँ भरिएको माटो बेचेरै स्रोत जुटाउन सकिने देखिएको छ । तालालाई पुरानै स्वरूपमा फर्काउन नापीको टोलीले सीमांकन गरेको क्षेत्रमा माटो हटाउने काम वैशाखपछि सुरु गर्छौं । तालालाई पुनर्जीवन दिन सके पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सकिनेछ ।

विद्यालय तहको पाठ्यपुस्तकको 'फ्याक्ट चेक'

समावेश पाठ्यसामग्रीमा त्रुटि देखियो : प्रतिवेदन

शिवहरि घिमिरे/नयाँ पत्रिका

विद्यालय तहको पाठ्यपुस्तकमा समावेश विषयमाथि गरिएको अडिटले कैयौं प्रश्न उठाएको छ। एजुकेसन इन एभ्री होम नामक संस्थाले एक वर्ष लगाएर गरेको अध्ययन प्रतिवेदनले असन्तुलित प्रतिनिधित्व, लैंगिक स्टिरियोटाइप र समावेशितालगायत विषयलाई कमजोर ढंगले चित्रण गरेको फेला पारेको छ। यस संस्थाले करिब एक वर्ष लगाएर अध्ययन गरेको प्रतिवेदन बिहीबार सार्वजनिक गरेको थियो। कक्षा एकदेखि कक्षा १० सम्मका पाठ्यपुस्तकलाई आधार मानेर जनवरी ०२३ देखि जनवरी ०२४ सम्म गरिएको अध्ययनले थुप्रै त्रुटि औंल्याएको छ। अध्ययनअनुसार कक्षा १० को सामाजिक अध्ययन विषयमा बाघ र बाँदरको उद्गमथलो जर्मनी भनेर उल्लेख गरिएको छ, जुन सत्य होइन। अध्ययनले बाँदर र बाघ दक्षिण एसियाली देशहरूमा पाइने तथ्य फेला पारेको छ।

विशेष गरी एकदेखि १० कक्षासम्मको सामाजिक अध्ययन, नेपालीलगायत २० वटा पाठ्यपुस्तकलाई अध्ययनको आधार बनाइएको थियो। अध्ययनका क्रममा पाठ्यक्रममा विविधता, समानता र समावेशीकरणलाई बढी ध्यान दिइएको थियो। तर, यी विषय पाठ्यक्रममा निकै असन्तुलित सामग्री समावेश गरिएको फेला परेको छ। नेपालमा पाठ्यपुस्तक अडिट गर्ने चलन छैन। तर, विद्यालय तहको शिक्षालाई समावेशी र प्रभावकारी बनाउन विश्वव्यापी रूपमा पाठ्यपुस्तक अडिट प्रचलनमा छ।

अध्ययनको तथ्यांक संकलन सातै प्रदेशमा पुगेर दुई हजारजनाबाट गरिएको थियो। स्थानीय जनप्रतिनिधि, शिक्षाविज्ञ, विद्यार्थी, शिक्षक, नागरिक समाज, आमा समूहलगायतबाट तथ्यांक संकलन गरिएको थियो। उनीहरूसँगको छलफल र पाठ्यपुस्तकका सामग्री अध्ययन गर्दा पाठ्यपुस्तकमा सामाजिक असमानता देखिएको अध्ययनका मुख्य अन्वेषक होमराज आचार्यले बताए। 'महिला अधिकार र महिला डाक्टरको तस्बिर समावेश गर्दा प्रायःजसो खाना पकाउने, लुगा धुने र बालबालिकाको हेरचाह गर्ने कार्यका सामग्री पाठ्यपुस्तकमा समावेश भएको देखियो, कतिपय समुदायको त पाठ्यपुस्तकमा सहभागिता नै छैन,' उनले भने, 'बरु, विदेशी विषयहरू समावेश गरिएका छन्, तर नेपालभित्रकै सबै समुदायलाई पाठ्यपुस्तकमा समावेश गरेको देखिएन।'

उनका अनुसार पाठ्यपुस्तकमा सबैका विषय समावेश गर्नाले अधिकारबारे सिकाउन र विविधताको मूल्यबारे जान्न-बुझ्न पनि सहयोग हुन्छ। अर्कोतर्फ पाठ्यपुस्तक

● कक्षा १० को सामाजिक अध्ययन पुस्तकमा ब्राजिलमा बाघ, हात्ती, गैंडा र अल्छी मानिस छन् र जर्मनीमा बाघ, बाँदर तथा ऊर्जावान्, रचनात्मक मानिस छन् भनेर लेखिएको छ।

● कक्षा १० कै नेपाली विषयको पेज नं २४३ मा रहेको अब्राहम लिंकनको कथा पनि मिथ्या भएको अध्ययनले देखाएको छ। अडिट टिमले लिंकनको चिठीको सत्यता पुष्टि गर्न अमेरिकाको स्प्रिंगफिल्ड, इलनोईस्थित लिंकन राष्ट्रपतीय लाइब्रेरी एवं म्युजियमलाई पत्राचार गरेको थियो। म्युजियमले प्रतिउत्तरमा लिंकनले उक्त चिठी कहिल्यै नलेखेको जनाएको थियो।

आफैंमा बलियो सन्देश प्रवाह गर्ने सामग्री भएकाले यसमा समावेश सामग्री प्रभावकारी हुनुपर्ने अध्ययनले औंल्याएको छ। पाठ्यपुस्तकमा सांस्कृतिक विविधताबारे सामग्री राख्दा निश्चित समुदायलाई मात्रै प्राथमिकता दिएको र पाठ्यपुस्तकमा समावेश जीवन तथा प्रोफाइलमध्ये बढी पुरुष नै रहेको अध्ययनले देखाएको छ।

राष्ट्रिय समावेशी आयोगका अध्यक्ष डा. रामकृष्ण तिमल्सेनाले नेपालको पाठ्यपुस्तक पुनरावलोकन गर्नुपर्ने बेला आइरहेको बताउँदै विद्यार्थीलाई नेपाल र नेपालको मौलिकताका बारेमा बढी ज्ञान दिन आवश्यक रहेको बताए। 'हामीले पाठ्यपुस्तक पुनरावलोकन गर्न आवश्यक छ, नेपाल र नेपाली पढाउनुपर्छ, १५ वर्षभन्दा कम उमेर समूहकालाई यहाँको संस्कृति र विविधत् पढाउनुपर्छ,' उनले भने, 'पाठ्यपुस्तक अडिटका लागि सकारात्मक सुरुवात भएको छ।'

संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना सञ्चार प्रविधिका सभापति भानुभक्त जोशीले अडिट रिपोर्टलाई समितिले सकारात्मक रूपमा लिएको र यसबारे समितिको बैठकमा छलफल गरिने बताए। 'यो अध्ययन एउटा दस्ताबेजका रूपमा रहन्छ,' उनले भने, 'यसबारे अन्य माननीयज्यू र शिक्षाका सरोकारवालासँग छलफल गर्छौं।'

पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक वैकुण्ठप्रसाद अर्यालले निश्चित अवधिमा पाठ्यपुस्तक अडिट तथा अपटेड गर्नुपर्ने बताउँदै सो संस्थाले गरेको अध्ययन प्रतिवेदनलाई केन्द्रले पनि थप अध्ययन गर्ने बताए। 'उहाँहरूले कुन ढंगबाट अध्ययन गर्नुभएको हो, त्यसमा त्यति जानकारी भएन, उहाँहरूको प्रतिवेदन पनि हामी हेर्छौं, हामीले पाठ्यपुस्तक अपडेटचाहिँ गर्नुपर्छ,' उनले भने, 'कुनै पनि वेला वा अवधिमा पाठ्यपुस्तक परिमार्जन गर्नुपर्छ।'

पाठ्यपुस्तकका ८५ प्रतिशत पात्र पुरुष

अध्ययन प्रतिवेदनले पाठ्यपुस्तकमा समावेश पात्रहरूमध्ये ८५ प्रतिशत पुरुष रहेको पत्ता लगाएको छ। कक्षा एकदेखि १० सम्मका सबै पाठ्यपुस्तकमा गरी नौजना महिलाको मात्रै प्रोफाइल तथा जीवनी छ। त्यसमध्ये पनि ६ जना मात्रै नेपाली छन्। पाठ्यपुस्तकमा सगरमाथा आरोहण गर्ने जापानी व्यक्ति जुन्को ताबेई र मदर टेरेसालाई बहु-पृष्ठ पाठहरूमा समेटिएको छ। अध्ययन प्रतिवेदनअनुसार हाल नेपालमा धेरै समुदाय गहिरो सीमान्तीकृत छन्, विशेष गरी दलित, मधेशी, थारू, मगर र तामाङ। पाठ्यपुस्तकमा पनि यी सामुदायिक सीमान्तकृत रूपमै रहेको अध्ययनले देखाएको छ। निश्चित समुदायको विषयलाई बढी उठान गर्दा अर्को समुदायबारे बेवास्ता गरिएको अन्वेषक आचार्यले बताए। 'पाठ्यपुस्तकमा राउटे समुदायबारे अपमानजनक पाठ समावेश गरिएको फेला परेको छ,' उनले भने, 'यसले सांस्कृतिक विनाश गर्छ भने अर्कातिर कुनै समुदाय सधैं पिँधमा परिरहन्छ।' पाठ्यपुस्तकमा अब्राहम लिंकनको मृत्युबारे उल्लिखित तिथिमितिमा पनि त्रुटि छ। 'अब्राहम लिंकनको 'लेटर टु माई सन्स प्रिन्सिपल'लाई नेपालीमा अनुवाद गरेर पाठ्यक्रममा राख्दा तिथिमितिमै गल्ती छ। अध्ययन टोलीले संयुक्त राज्य अमेरिकामा रहेको अब्राहम लिंकन राष्ट्रपति पुस्तकालयबाट यसको सही तिथिमिति पत्ता लगाएको छ। यसबाहेक पनि पाठ्यपुस्तकमा धेरै त्रुटि छन्।

धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको २१ दिने सूचना

प्रकाशित मिति : २०८०/११/२२ गते

यस माछापुच्छे बैंक लि. सुर्यविनायक शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०८०/०६/१५ गतेको कारोवार राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईसौं) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाईसौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी/संचालक/प्रोप्राइटर तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी/संचालक/प्रोप्राइटर तथा सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारवाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न समेत विशेष अनुरोध गरिन्छ।

तपसिल

ऋणीको नाम, ठेगाना	
लाली रुम्बा ना.प्र.नं. ३१३०२६/५४९, जि.प्र.का. मकवानपुर, जारी मिति : २०६३/१०/२३ बाबु : विर बहादर रुम्बा, बाजे : चोङ रुम्बा तामाङ ठेगाना : मकवानपुर जिल्ला, सिस्नेरी वडा नं. २, हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १०	
व्यक्तिगत जमानतकर्ताहरु	
१. लाली रुम्बा ना.प्र.नं. ३१३०२६/५४९, जि.प्र.का. मकवानपुर जारी मिति : २०६३/१०/२३ बाबु : विर बहादर रुम्बा, बाजे : चोङ रुम्बा तामाङ ठेगाना : मकवानपुर जिल्ला, सिस्नेरी वडा नं. २ हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १०	**२. विर बहादर रुम्बा** ना.प्र.नं. ९८३, जि.प्र.का. मकवानपुर जारी मिति : २०४५/०२/०५ बाबु : चोङ रुम्बा तामाङ, बाजे : मान बहादर रुम्बा ठेगाना : मकवानपुर जिल्ला, सिस्नेरी वडा नं. २ हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १०
३. ठुली रुम्बा ना.प्र.नं. ३१३०२६/४५४, जि.प्र.का. मकवानपुर जारी मिति : २०६३/१०/२२ बाबु : वीर बहादर गाले पति : विर बहादर रुम्बा, ससुरा : चोङ रुम्बा तामाङ ठेगाना : मकवानपुर जिल्ला, सिस्नेरी वडा नं. २ हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १०	**४. सुनमाया रुम्बा** ना.प्र.नं. ३१-०१-७५-०१६३९, जि.प्र.का. मकवानपुर जारी मिति : २०७५/०२/११ बाबु : विर बहादर रुम्बा बाजे : चोङ रुम्बा तामाङ ठेगाना : मकवानपुर जिल्ला, इन्द्रसरोवर वडा नं. ३ हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १०
संस्थागत जमानतकर्ता	
नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता कार्यालयमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम भएको **यु.आर.पसल**। दर्ता नं. १३१७७७ /०७३/७४, दर्ता मिति : २०७३/०८/२१, पान नं. ६०८६१७८४०, दर्ता मिति : २०७५/०६/२४ ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३१ **प्रोप्राईटर : लाली रुम्बा**	
धितोमा रहेको सम्पतिको विवरण	
चोङ रुम्बा तामाङको नातिनी, विर बहादर रुम्बाको छोरी, मकवानपुर जिल्ला, सिस्नेरी वडा नं. २ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १० बस्ने लाली रुम्बाको नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता कायम भएको भक्तपुर जिल्ला, सुडाल गा.वि.स./न.पा. वडा नं. ४ ख स्थित कि.नं. ४२८, ४१८ र ४३० को क्षेत्रफल क्रमशः ०-३-०-१ (रो.आ.पै.दा.) ०-२-१-२ (रो.आ.पै.दा.) र ०-३-०-२ (रो.आ.पै.दा.) को जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।	

लिलाम बिक्रीको शर्त तथा बन्देजहरु

१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ। म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ। सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ।
४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ।
५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर/गुडफर पेमेन्ट चेक समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ।
६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ। उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ। लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/बिजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ।
११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ। धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाईने छैन।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी बापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन। साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन।
१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

पुनश्च : उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरबाजुर गर्न पाउनुहुने छैन।

बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान :	बोलपत्र खोलिने मिति, समय र स्थान :
२०८०/१२/१२ सोमबार कार्यालय समय सम्म शाखा कार्यालय, सुर्यविनायक	२०८०/१२/१३ मंगलबार दिनको ३:३० बजे शाखा कार्यालय, सुर्यविनायक

माछापुच्छे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, सुर्यविनायक

नबिल बैंक लिमिटेड, विराटनगर (पुष्पलालचोक) शाखा, मोरङको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति : २०८०/११/२२)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना **मिति २०८०/०६/०९ को आर्थिक अभियान दैनिक पत्रिकामा प्रकाशित गरिएको**मा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी साबाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **विराटनगर (पुष्पलालचोक) शाखा, मोरङ**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण

मानपुर विश्वासकी छोरी, सुर्य नारायण राउतकी बुहारी, शशी भुषण कुमार राउतकी श्रीमती, सप्तरी जिल्ला महदेवा गा.वि.स. वडा नं. ९ बस्ने, ना.प्र.नं. ६२३७ (जारी मितिः २०६२/०६/१६, स्थान सप्तरी) भएकी **श्रीमती जयमाला देवी राउत।**

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

१. सुर्य नारायण राउतकी नातिनी, शशी भुषण कुमार राउतकी छोरी, सप्तरी जिल्ला महदेवा गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल मोरङ जिल्ला कटहरी गा.वि.स. वडा नं. ६ बस्ने, ना.प्र.नं. १६/०१/७०/०८०२४ (जारी मितिः २०७०/१२/०६, स्थान सप्तरी) भएकी **श्रीमती पुजा राउत।**
२. पञ्चानन्द राउतको नाति, सुर्य नारायण राउतको छोरा, सप्तरी जिल्ला पकरी गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल मोरङ जिल्ला कटहरी गा.वि.स. वडा नं. ६ बस्ने नागरिकता नं. २०४०२१, (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. सप्तरी, मितिः वि.सं. २०४४/०५/४) भएको **श्री शशी भुषण कुमार राउत।**

धितोको विवरण

सप्तरी जिल्ला महदेवा गा.वि.स. वडा नं. ९ बस्ने **श्रीमती जयमाला देवी राउत**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सप्तरी जिल्ला थलाहा गा.वि.स. वडा नं. ५ सिट नं. ५ ख मा अवस्थित कि.नं. २२७ को क्षेत्रफल ०-५-०-० विगाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा** वा **विराटनगर (पुष्पलालचोक) शाखा, मोरङ**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मितिः २०८०/१२/०६ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा** वा **विराटनगर (पुष्पलालचोक) शाखा, मोरङ**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मितिः २०८०/१२/०७ गते ३:०० बजे बैंकको **विराटनगर (पुष्पलालचोक) शाखा, मोरङ**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिकरुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीबापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **विराटनगर (पुष्पलालचोक) शाखा, मोरङ**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

संक्षेपमा उपत्यका

नयाँ बसपार्क : वैदेशिक रोजगारीका लागि काजकिस्तान पठाइदिन्छु भनी साढे ६ लाख रुपैयाँ ठगी गरेको आरोपमा प्रहरीले ४० वर्षीया नेत्रमाया गुर्मछानेलाई पक्राउ गरेको छ। सिन्धुली कमलामाई-१२ घर भई काठमाडौं महानगरपालिका-२६, नयाँ बसपार्क बस्ने गुर्मछानेले असिमेष श्रेष्ठलाई वैदेशिक रोजगारीका लागि काजकिस्तान पठाउने भन्दै रकम लिएर सम्पर्कविहीन भएकी थिइन्। काजकिस्तान जान ६ लाख ५० हजार लाग्ने र काजकिस्तान पुगेपछि प्रतिष्ठित कम्पनीमा मासिक ७० हजार तलब हुने भन्दै उनले प्रलोभनमा पारेको पीडितको आरोप छ। रकम लिई सम्पर्कविहीन भएपछि पीडितले प्रहरीमा उजुरी गरेका थिए। सोहीअनुसार काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले गुर्मछानेको खोजतलास गर्ने क्रममा काठमाडौं-२६, मित्रनगरबाट पक्राउ गरी थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल बठाएको जनाएको छ।

सूर्यविनायक : वैदेशिक रोजगारीका लागि कतार पठाइदिन्छु भनी रकम ठगी गर्ने एक व्यक्तिलाई प्रहरीले भक्तपुर सूर्यविनायकबाट पक्राउ गरेको छ। उदयपुर त्रियुगा नगरपालिका-३ घर भई भक्तपुर सूर्यविनायक नगरपालिका-१, बालकोट बस्ने ३२ वर्षीय नवीन बुढाथोकीले विजय राईलाई कतार पठाउने भन्दै पाँच लाख ६० हजार लिई सम्पर्कविहीन भएका थिए। कतार जान आठ लाख रुप

प्रदेशमा पनि बदलिँदै छ सत्तासमीकरण

कांग्रेसले तीन मुख्यमन्त्रीसहित ६ प्रदेश सरकार गुमाउने, एक वर्षपछि सत्तामा फर्किँदै एमाले

■ मधेशको मुख्यमन्त्रीमा जनमतको पनि दाबी, माओवादीको ग्रिन सिग्नल

सत्ता गठबन्धनबाट कांग्रेस बाहिरपछि मधेशमा पनि नयाँ सिराबाट सरकार गठन हुने भएको छ। नयाँ गठबन्धनमा प्रधानमन्त्री प्रचण्डले जनमत पार्टीलाई समावेश गर्ने प्रयास गरिरहेका छन्। तर, जनमतले सत्ता गठबन्धन सामेलका लागि मधेश प्रदेशको मुख्यमन्त्री पहिलो सर्त राखेको छ।

जनमतले सहयोग नगरे पनि मधेशमा एमाले (२४ सिट), जसपा (१९ सिट), माओवादी (९ सिट), नागरिक उन्मुक्ति (एक सिट), एक स्वतन्त्र वा रिजवान अन्सारी नेतृत्वको नेपाल संघीय समाजवादी पार्टीका एक सांसदको सहयोगमा सरकार बन्छ।

तर, एमाले, जसपा र माओवादीको मात्र सरकार भने बन्दैन। दुई मत कम हुन्छ। एक सय सात सदस्य रहेको प्रदेश सभामा नयाँ सरकारका लागि ५४ मत चाहिन्छ। तर, जसरी नयाँ गठबन्धनलाई सरकार बनाउन दुई मत कम हुन्छ, त्यसरी नै विपक्षी दल बन्न पुगेका कांग्रेस (२३ सिट),जनमत (१३ सिट), लोसपा (९ सिट) र एकीकृत समाजवादी (६ सिट) लाई पनि दुई मत कम हुन्छ। अर्थात्, जनमत, लोसपा र नेकपा एसमध्ये कुनै दल नयाँ सत्ता गठबन्धनमा सहभागी नभएमा कांग्रेसले पनि सरकार गठन गर्न सक्छ।

यही गणितको फाइदा उठाउँदै जनमतले सरकारमा सहभागीका लागि मुख्यमन्त्री मागेको हो। जनमतका उपाध्यक्ष वसन्त कुसवाहले जसपा नेतृत्वको सरकारमा सहभागी हुन नसकिने बताए। जनमतले एक महिनाअघि मात्र मधेश सरकार छाडेको थियो। 'हामीलाई सरकारको नेतृत्व नदिए कांग्रेससँग मिलेर सरकार गठनको प्रयास गरिनेछ,' उनले भने। नयाँ गठबन्धनको हिसाबले सरकार गठनका लागि मंगलबार छलफल हुने माओवादी केन्द्रका मधेश प्रदेशका संसदीय दलका नेता भरत साहले जानकारी दिए। 'अब जसपाले सरकारको नेतृत्व छोडेर अन्य पार्टीलाई दिनुपर्छ। गठबन्धनमा विगतमा भएको सहमतिअनुसार आलोपालो सरकारको नेतृत्व पाउनुपर्छ,' उनले भने।

■ कोशीको सत्ता के होला ?



केदार कार्की, मुख्यमन्त्री
कोशी प्रदेश

नयाँ गठबन्धनलाई कोशीमा कांग्रेस नेता केदार कार्की नेतृत्वको सरकार फेर्न सहज छैन। कार्की संविधानको धारा १६८ को उपधारा ५ अनुसार २७ असोजमा मुख्यमन्त्री बनेका हुन्। यो धाराअनुसार प्रदेश सभाको कुनै सदस्यले प्रदेश सभामा विश्वासको मत प्राप्त गर्ने अवस्थामा प्रदेश प्रमुखले त्यस्तो सदस्यलाई मुख्यमन्त्री नियुक्त गर्ने व्यवस्था छ। तत्कालीन गठबन्धनले पछि मात्र उनलाई समर्थन गरेको हो। धारा १६८ को पाँचवटै उपधारा प्रयोग भएर बनेको अहिलेको सरकार परिवर्तन हुन नसक्ने तर्क कांग्रेस नेताहरूले गरिरहेका छन्।

नयाँ गठबन्धनले तत्काल कोशीमा सरकार बनाउन हतार नगर्ने माओवादी संसदीय दलका नेता इन्द्र आङ्बोले बताए। 'हामी हतारमा छैनौं। प्रदेशमा राजनीतिक अस्थिरता आउने र कुनै दुर्घटनामा जाने खालको निर्णय गर्ने पक्षमा हामी छैनौं,' उनले भने, 'हामी कानुन र संविधानका जानकारसँग परामर्श लिएर कसरी जाने भन्ने धारणा बनाउँछौं। तत्काल प्रदेशलाई अस्थिर बनाउने हिसाबले समर्थन फिर्ता लिने विषयमा सोचिसकेका छैनौं।'

कोशीमा संविधानको धारा १६८ (५) अनुसार सरकार बने पनि व्यक्तिले समर्थन फिर्ता लिन पाउने पनि व्यवस्था रहेको उनको भनाइ छ। 'सरकार बन्ने सम्भावना रहेसम्म संसद् विघटन गर्न मिल्दैन। तसर्थ कोशीमा अझै पनि सरकार बन्ने सम्भावना छ नि,' उनले भने। एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्कीले केन्द्रीय गठबन्धनको निर्णयअनुसार अघि बढ्ने बताए। यद्यपि कोशीको सन्दर्भमा कानुनी प्रक्रिया पूरा गरेर अघि बढ्ने उनको भनाइ छ। 'कोशीमा कानुनी र संवैधानिक प्रक्रिया पूरा गरेर जानुपर्ने भएकाले केन्द्रसँग छलफल र परामर्श गरेर मात्र अघि बढ्छौं,' उनले भने, 'यद्यपि राजनीतिक कोर्सचाहिँ केन्द्रकैलाई फलो गर्छौं।'

कोशी प्रदेशका प्रवक्तासमेत रहेका आन्तरिक मामिला तथा कानुनमन्त्री शमशेर राईले अब अर्को सरकार बन्ने सम्भावना नरहेको बताए। 'अहिलेको सरकार संविधानको धारा १६८ को उपधारा ५ अनुसार बनेको छ। यहाँ कुनै पार्टीको सरकार बनेको होइन, व्यक्तिको नेतृत्वमा बनेको हो। अन्तिम विकल्पमा संसद् सदस्यको नेतृत्वमा बनेको होइन ? अब अर्को सरकार कसरी बन्छ ?' उनले भने, 'यो सरकार किन बहिर्गमन हुने ? मुख्यमन्त्रीले किन राजीनामा दिने ? कारण त चाहियो होला नि ! माथिको सत्ता समीकरण परिवर्तन भयो, मलाई लाज लाग्यो भनेर मुख्यमन्त्रीले राजीनामा दिनुपर्ने ? यो सरकार नै निरन्तर रहनेमा ढुक्क छौं।' विश्वासको मत दिएपछि दुई वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नपाउने भएकाले पनि यो सरकार परिवर्तन नहुने उनको दाबी छ।

संविधानविद् विपिन अधिकारीले भने सांसदहरूले समर्थन फिर्ता लिन मिल्ने बताए। 'धारा १६८ (५) अन्तिम विकल्प होइन। सरकार निर्माण जहिले पनि विकल्पको खोजी हो। अहिलेको सरकार टिकेन भने नयाँ सरकार बन्न सक्छ। कोशीको अहिलेको सरकार अन्तिम होइन। कोशीमा अर्को सरकार बन्ने विकल्प खुला छ,' उनको तर्क छ। ९३ सदस्यीय रहेको कोशी प्रदेश सभामा एमाले, माओवादी र जसपाको नयाँ गठबन्धनसँग ५४ (एमालेको एक उपसमामुखसहित) सांसद छन्।

■ सरकार फेर्न गठबन्धनलाई गण्डकीमा राप्रपाको साथ चाहिने

एमाले-माओवादीलाई गण्डकीमा सरकार बनाउन राप्रपाको साथ चाहिने भएको छ। फेरिएको नयाँ गठबन्धनअनुसार गण्डकीमा एमालेसँग २२ र माओवादीसँग सात (आठसिट रहे पनि एकजना सभामुख रहेकाले सात मात्र) गरी २९ मत मात्र छ। तर, सरकार बनाउन ३१ सदस्यको समर्थन चाहिन्छ। यो अवस्थामा गठबन्धनले दुई सिट रहेको राप्रपाको साथ लिनुपर्छ वा प्रदेश सभाको सबैभन्दा ठूलो दल कांग्रेस (२७ सिट)सँग मिल्नुपर्ने हुन्छ।

अहिले गण्डकीमा कांग्रेस नेता सुरेन्द्र पाण्डे मुख्यमन्त्री छन्। ६० सदस्य रहेको गण्डकी प्रदेश सभामा एकीकृत समाजवादीका एक सांसद मात्र छन्। माओवादीका कुल आठ सांसद रहे पनि सभामुख नन्दा गुरुङले सरकार गठनमा मत दिन पाउँदिनन्। गण्डकीमा मुख्यमन्त्रीका लागि एमाले संसदीय दलका नेता खगराज अधिकारी र माओवादी संसदीय दलका नेता हरिबहादुर चुमानको दाबी छ।

■ लुम्बिनी र कर्णालीमा सहजै गठबन्धनको सरकार

गठबन्धनलाई लुम्बिनी र कर्णालीमा भने सरकार बनाउन सहज छ। कर्णालीमा माओवादी नेता राजकुमार शर्मा नेतृत्वको सरकारलाई निरन्तरता दिने देखिए पनि लुम्बिनीमा भने नयाँ सरकार बन्नेछ। लुम्बिनीमा अहिले कांग्रेस नेता डिल्ली चौधरी मुख्यमन्त्री छन्। तर, नयाँ समीकरण अनुसार ८७ सिट रहेको प्रदेश सभामा एमाले (२९ सिट), माओवादी (१० सिट) र जसपा (तीन सिट) छ। गठबन्धनमा रहने बताएका नाउपाको चार र जनमतको तीन सिट छ। यो अवस्थामा गठबन्धनसँग ४९ सिट पुग्छ।

लुम्बिनीमा सरकार बनाउन ४४ सांसदको मत चाहिन्छ। लुम्बिनीमा २७ सिटसहित कांग्रेस दोस्रो दल हो। यहाँ लोसपा र एकीकृत समाजवादीका तीन-तीन तथा जनमोर्चाका एक र स्वतन्त्र एक सांसद छन्। माओवादी नेता एवं लुम्बिनीका अर्थमन्त्री धनबहादुर मास्कीले केन्द्रको समीकरणअनुसार नै सरकार बन्ने बताए। 'प्रदेशका सन्दर्भमा केन्द्रबाट विस्तृत कुरा आएको छैन। तर, केन्द्रको समीकरण अनुसार नै प्रदेशमा सरकार गठनको प्रक्रिया अघि बढ्छ,' उनले भने।

यसैगरी, ४० प्रदेश सभा सदस्य रहेको कर्णालीमा माओवादी (१३ सिट) र एमाले (१० सिट)को सरकार बन्छ। सरकार बनाउन २० सिट चाहिन्छ। यहाँ कांग्रेस १४ सिटसहित पहिलो रहे पनि प्रतिपक्ष बन्ने देखिएको छ। एकीकृत समाजवादी, राप्रपा र स्वतन्त्रका एक-एक सांसद छन्। कर्णाली सरकारका प्रवक्ता एवं कानुनमन्त्री कृष्णबहादुर जिसीले कर्णालीमा माओवादीले नै सरकारको नेतृत्व गर्ने बताए। प्रदेश सरकारका विषयमा प्रतिक्रिया दिनु हतार हुने एमालेका कर्णाली प्रदेशका अध्यक्ष गुलावजंग शाहले बताए। यहाँ माओवादी नेता राजकुमार शर्मा नेतृत्वको सरकार छ।

■ सुदूरपश्चिममा नागरिक उन्मुक्ति निर्णायक, गच्यो मुख्यमन्त्रीको दाबी

सुदूरपश्चिममा नागरिक उन्मुक्तिले जता समर्थन गच्यो, उतै सरकार बन्ने स्थिति छ। त्यही भएर अध्यक्ष रेशम चौधरीले सोमबार नै प्रधामन्त्री प्रचण्डलाई भेटेर 'गठबन्धनप्रति सकारात्मक रहेको तर सुदूरपश्चिममा मुख्यमन्त्री दिनुपर्ने' सन्देश सुनाएका छन्। 'सुदूरपश्चिममा थारू मुख्यमन्त्री भएको सबैले हेर्न चाहेका छन्, यो गठबन्धनबाटै हाम्रो मुख्यमन्त्री होस् भन्ने चाहेका छौं,' प्रधानमन्त्रीसँगको भेटपछि सञ्चारकर्मीसँग उनले भने।

कांग्रेसबाट मुख्यमन्त्री बनेका कमलबहादुर शाह पदमुक्त हुने भएपछि सात सिटसहित तेस्रो रहेको नाउपाले सरकारमा दाबी गरिरहेको हो। ५३ सदस्यीय प्रदेश सभा (एक सदस्यको निधन भएपछि हाल ५२) मा सरकार बनाउन २७ मत चाहिन्छ। तर, एमाले-माओवादीको कुल मत २० मात्र छ। सदनमा दोस्रो ठूलो दल माओवादीका सभामुखबाहेक १० र एमालेका १० सदस्य छन्। सदनको पहिलो ठूलो दल नेपाली कांग्रेसका १८ सदस्य छन्। सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री रहेको अवस्थामा दुर्घटनामा परेर बझाङबाट निर्वाचित कांग्रेस सांसद पृथ्वीबहादुर सिंहको गत असारमा निधन भएको थियो।

कांग्रेसका १८, नाउपाका सात र एकीकृत समाजवादीका चार सदस्य मिल्दा आवश्यक बहुमत पुग्छ। एकीकृत समाजवादी गठबन्धनतिर गए पनि कांग्रेस, नाउपा, राप्रपा र स्वतन्त्र मिल्दा पनि सरकार गठनका लागि आवश्यक २७ सिट पुग्छ। ४ मंसिर ०७९ को निर्वाचनपछि एमाले-माओवादी गठबन्धनबाट एमाले संसदीय दलका नेता राजेन्द्रसिंह रावल मुख्यमन्त्री बनेका थिए। तर, नाउपाले मत नदिएपछि विश्वासको मत पाउन नसकेर उनको सरकार एक महिना ढलेको थियो।

रावलले मुख्यमन्त्रीको दाबीको सन्दर्भमा अहिले नै बोल्न हतार हुने बताए। 'भर्खरै नयाँ गठबन्धन बनेको छ, प्रदेशका सन्दर्भमा पनि गठबन्धनमा केही सहमति होला,' उनले भने, 'प्रदेश सरकारको नेतृत्वको सन्दर्भमा हामीले अहिले नै बोल्नु उपयुक्त हुँदैन।' माओवादी संसदीय दलका नेता मानबहादुर धामीले पनि केन्द्रको निर्णयअनुसार प्रदेशमा अगाडि बढ्ने बताए। सुदूरपश्चिममा अहिले नेपाली कांग्रेस नेता शाह नेतृत्वको सरकारमा माओवादी, नाउपा र एकीकृत समाजवादी सहभागी छन्।

■ झापामा **चिरञ्जीवी घिमिरे**, जनकपुरधाममा **हदिश खुद्दार**, हेटौंडामा **पोष्टराज अधिकारी**, पोखरामा **रोहितराज पराजुली**, दाङमा **दीपक बोहरा**, सुर्खेतमा **रमेश रावल र** धनगढीमा **तेजराज भट्टको रिपोर्ट**

■ बागमतीमा राष्ट्रिय प्रजातन्त्र पार्टी र एकीकृत समाजवादी निर्णायक

बागमती प्रदेशमा सरकारका लागि राप्रपा र एकीकृत समाजवादी निर्णायक देखिएका छन्। ११० सिट रहेको बागमतीमा सरकार गठनका लागि ५६ मत चाहिन्छ। बागमतीमा माओवादी नेता शालिकराम जम्कट्टेल नेतृत्वको सरकार जोगाउन राप्रपा वा एकीकृत समाजवादीसँगै हाम्रो पार्टी नेपालको साथ चाहिन्छ। एमाले (२७ सिट) र माओवादी (२१ सिट)ले मात्र सरकार चलाउन बहुमत पुग्दैन। सात सिटको एकीकृत समाजवादी मिल्दा पनि ५५ सिट मात्र हुन्छ। यो अवस्थामा जम्कट्टेल नेतृत्वको सरकार टिकाउन राप्रपा (१३ सिट)लाई सहभागी गराउनुपर्ने हुन्छ वा एकीकृत समाजवादीसहित नेमकिपाका (तीन सिट) र हाम्रो नेपाली पार्टी (दुई सिट) मध्ये एउटाको साथ चाहिन्छ।

होइन भने ३७ सिटसहित पहिलो रहेको कांग्रेसले राप्रपा र एकीकृत समाजवादीलाई लिएर ५७ सिट पुऱ्याई सरकार बनाउन सक्ने स्थिति छ। गत वर्ष एमाले-माओवादीको गठबन्धन हुँदा पनि बागमतीमा एमाले, माओवादी र राप्रपाको संयुक्त सरकार थियो। तर, पछि केन्द्रमा गठबन्धन फेरिएर कांग्रेस सत्तामा आएपछि बागमतीबाट पनि एमाले बाहिरिएको थियो।

मुख्यमन्त्री जम्कट्टेलले बागमतीमा सहजै समीकरण परिवर्तन हुने अवस्था नभएको बताए। 'केन्द्रमा देखिएको समीकरणको प्रभाव त प्रदेशमा पनि पर्ने स्वाभाविकै हो। तर, यहाँ तत्काल समीकरण परिवर्तन भइहाल्ने अवस्था छैन। कांग्रेस एक्लैसँग ३७ सिट छ, राप्रपा सरकारमा आउने सम्भावना छैन,' उनले भने, 'एकीकृत समाजवादी केन्द्रीय समीकरणमा समेटिन्छ कि समेटिन्न। यी सबै कुराले गर्दा बागमतीमा यसै भन्ने अवस्था छैन। कांग्रेसलाई प्रतिपक्षीमा राखेर माओवादी, एमाले, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टी मिलेर सरकार बनाउन सकिने उनले बताए। कांग्रेस बामगती प्रदेशका संसदीय दलका उपनेता एवं प्रदेशका उद्योग वाणिज्य, भूमि तथा प्रशासनमन्त्री रामकृष्ण चित्रकारले परिस्थितिअनुसार कदम चालिने बताए। 'बागमतीमा हामी ठूलो दल हौं। तत्काल केही भनिहाल्ने वा गरिहाल्ने अवस्था छैन। केन्द्र र बागमतीको गणितीय परिस्थिति भिन्न छ। राजनीतिमा सम्भावना र विकल्प पर्याप्त हुन्छ, अहिले नै केही भन्न सक्ने अवस्था छैन,' उनले भने।

ANKURAM
अङ्कुरम् Academy

VACANCIES

Ankuram Academy **<http://www.ankuram.edu.np>**, is a certified "A" Class school in Chitwan, that offers World Class Education. It is well known for its technology-based classrooms, services, child-centered philosophy and experiential learning.

We are seeking creative thinkers who encourage new approaches to teaching and discovery learning, are versed in emerging education models, and foster innovative and student-centric approaches to learning. We are growing and further strengthening our team. If you feel, you bear these qualities or want to learn and grow further as an educator, join our team.

POSITIONS	REQUIREMENTS	RESPONSIBILITIES
Mathematics and Science Specialist (2 positions)	Master's degree, minimum 5 years of experience, highly trained professional	Work with students and teachers from class 1 to 12, provide individualized instruction, design curricula, conduct workshops, and create materials for complex concepts
Lower-Primary Expert Teacher (1 position)	Bachelor's degree, minimum 3 years of teaching experience	Nurturing educational foundation for classes 3 and 4, design age-appropriate curriculum, implement effective teaching strategies, guide and support fellow teachers
General Teachers at Different Levels	Minimum of 3 years of teaching experience, a passion for education	Deliver engaging and effective instructions. Maintain a positive and inclusive classroom atmosphere. Assess students' learning, participate in ongoing training
Career Counselor (1 position)	Minimum 3 years of experience in guidance and counseling	Provide career counseling, assess interests and aspirations, develop personalized career plans, collaborate with employers and industry partners, update on educational trends, assist in college search strategies
Art and Craft Teacher (1 position)	BFA, Minimum of 3 years of experience. Strong artistic and creative skills across various mediums.	Develop and implement an age-appropriate art curriculum. Use diverse art forms, instruct for skill development. Plan and organize exhibitions, projects, and events. Facilitate art activities and clubs.
Teacher Assistants (at Different Levels)	Proficient in English, passion for teaching and working with children	No experience required; training provided. Responsibilities: Support classroom activities, contribute to a positive learning environment.
School Chef (1 position)	Proven chef experience, preferably in a school setting	Craft well-balanced menus, prepare nutritious and delicious meals, manage kitchen operations, adhere to food safety standards

Write what skills or unique abilities you will bring to Ankuram Academy and explain how they could contribute to our students' learning.
Send your CV and supporting documents to : **hr@ankuram.edu.np** or drop them to our front desk, by 19th March 2024.

For inquiries: 056418327

P.S.: Fluency in written and spoken English and computer skills are prerequisites. There is provision for a lodge and food for staff from out of Chitwan.

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

सिंगटी हाईड्रो इनर्जी लिमिटेड
Singati Hydro Energy Limited

वडा नं.५, काठमाण्डौं, नेपाल । टेलिफोन नं. ०१-४५४३२०३/०१-४५४३२०२
E-mail: shehydro@gmail.com, Website: www.singatihydro.com

हकप्रद शेयर निष्काशन तथा बिक्री बन्द बारेको सूचना

सिंगटी हाईड्रो इनर्जी लिमिटेडको मिति २०८०/०९/२१ गतेसम्म कायम सावित शेयरधनीहरुका लागि १ कित्ता शेयर बराबर नयाँ १ कित्ता (१:१) शेयरको अनुपातमा प्रति शेयर रु.१००/- अंकित दरको १,४५,००,००० कित्ता हकप्रद शेयरको निष्काशन तथा बिक्री खुल्ला मिति २०८०/११/०२ गतेदेखि निष्काशन तथा बिक्री खुल्ला भैरहेको र उक्त हकप्रद शेयर खरिदका लागि दरखास्त बुझाउने अन्तिम म्याद आज मिति २०८०/११/२२ गतेसम्म रहेको हुँदा हकप्रद शेयर खरिदका लागि दरखास्त बुझाउन बाँकी शेयरधनी महानुभावहरुले **आज मिति २०८०/११/२२ गते मंगलबार बैंकिङ्ग समयसम्ममा** हकप्रद शेयर खरिदका लागि दरखास्त बुझाई आफ्नो हक कायम गर्नु हुन अनुरोध गरिन्छ ।

क्र.सं.	हकप्रद शेयर खरिदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरु:
१.	श्री कुमारी क्यापिटल लिमिटेड, नागपोखरी, नक्साल, काठमाण्डौं ।
२.	श्री कुमारी बैंक लिमिटेडको शाखा कार्यालयहरु: **उपत्यका भित्र:** १) कुमारीपाटी, २) ठिमी **उपत्यका बाहिर:** १) हेटौडा, २) बिर्तामोड, ३) बिराटनगर, ४) बिरगंज, ५) जनकपुर, ६) नारायणगढ, ७) पोखरा, ८) बेनी, ९) बुटवल, १०) सुर्खेत, ११) नेपालगञ्ज, १२) धनगढी, १३) महेन्द्रनगर, १४) चरिकोट ।
३.	नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड, सिंगटी शाखा
४.	नेपाल बैंक लिमिटेड, सिंगटी शाखा
५.	प्रभु बैंक लिमिटेड, सिंगटी शाखा
६.	श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (C-ASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" अनलाइन प्रयोग गरी सिआस्वा प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:
कुमारी क्यापिटल लिमिटेड
KUMARI CAPITAL LIMITED
Invest for your future
दुर्गा भवन, नागपोखरी-१, नक्साल, काठमाडौं
फोन: ०१-५९७००८२
Email: info@kumaricapital.com
Website: www.kumaricapital.com

हुन्डी कारोबारमा संलग्न पाँच पक्राउ

बारामा **इन्दिप कोइराला**

प्रहरीले हुन्डी कारोबारमा संलग्न रहेको आरोपमा पाँचजनालाई पक्राउ गरेको छ । शुक्रबार र आइतबार गरी दुईपटकमा प्रहरीले २१ लाखसहित हुन्डी कारोबारीलाई पक्राउ गरेको हो । कलैया उपमहानगरपालिका-६ स्थित अस्पताल रोडमा भारतबाट लुकाएर ल्याउँदै गरेको अवस्थामा गत शुक्रबार प्रहरीले करिब पाँच लाखसहित भारतीय नागरिक रञ्जित सर्राफलाई पक्राउ गरेको थियो । उनीसँगै प्रहरीले कलैया उपमहानगरपालिका-४ स्थित मनी चेन्जर सञ्चालक ३१ वर्षीय कलामुद्दिन अन्सारी र बारा महागढीमाई नगरपालिका-१ घर भएका ३९ वर्षीय मेराजुल हक अन्सारीलाई पक्राउ गरेको हो ।

यस्तै, प्रहरीले आइतबार विशेष सूचनाका आधारमा विश्रामपुर गाउँपालिका-१ स्थित छत्वा कल्याणपुर सुलिगेटमा भारतबाट नेपालतर्फ आउँदै गरेको बिआरओसार ३५०९ नम्बरको भारतीय मोटरसाइकलमा सवार ४२ वर्षीय कृष्णलाल प्रसाद र ४० वर्षीय रविशंकर सिंहलाई पक्राउ गरेको थियो । उनीहरूबाट सोह्र लाख नौ हजार रुपैयाँसमेत बरामद गरेको बारा प्रहरी प्रमुख सुरेश काफ्लेले जानकारी दिए ।



पक्राउ परेकाहरूसँग कुनै पनि बैंकको इजाजत पत्र नभएको पाइएपछि प्रहरीले हुण्डी कारोबार हुन सक्ने भन्दै अनुसन्धान सुरु गरेको थियो । त्यसपछि प्रहरीले मलेसियामा रहेका नेपालीले पठाएको मासिक तलब भारत हुँदै नेपाल भित्रिएको खुल्न आएको प्रहरी उपरीक्षक काफ्लेले जानकारी दिए । उनका अनुसार पक्राउ परेकाहरूले करोडौंको कारोबार गरेकोसमेत भेटिएको छ । पक्राउ परेकाहरूलाई बैंक तथा वित्तीय संस्थासम्बन्धीको कसुर मुद्दा दर्ता गरी बारा जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

■ शान्ति प्रयास-४ सम्पन्न

१८ देशका ११२५ सैनिक सहभागी



काठमाडौं/ संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रका सैनिकबीच शान्ति स्थापना कार्यमा समन्वय वृद्धि गरी निखार ल्याउने उद्देश्यले आयोजना गरिएको शान्ति प्रयास-४ सम्पन्न भएको छ । नेपाली सेनाको वीरेन्द्र शान्ति कार्य तालिम केन्द्र, पाँचखालमा सञ्चालित अभ्यासमा १८ देशका एक हजार एक सय २८ सैनिक सहभागी थिए ।

यो अभ्यासले द्वन्द्वग्रस्त मुलुकको जटिलता र विविध चुनौतीका बाबजुद शान्ति सैनिकको व्यावसायिकता, आपसी सम्बन्ध, पेसागत ज्ञान तथा मनोबल अभिवृद्धिमा सहयोगी हुने प्रधानसेनापति प्रभुराम शर्माले बताए । समापन कार्यक्रमलाई सम्बोधन गर्दै उनले यसबाट शान्ति स्थापनामा संलग्न देशबीच आपसी सद्भाव, सहयोग र समन्वयमा वृद्धि हुने बताए । यसअघि तीनपटक नेपालमा यस्तो अभ्यास सम्पन्न भइसकेको छ । अमेरिकी सरकारको ग्लोबल पिस अप्रेसन इनिसियटिभको सहयोगमा अभ्यास सम्पन्न भएको हो ।

अमेरिकी सेनाका मेजर जनरल जिरेड हालविडले हालसम्म सञ्चालित सबैभन्दा ठूलो शान्ति स्थापनासम्बन्धी प्रयास अन्तर्राष्ट्रिय अभ्यासमा पर्ने बताए । शान्ति प्रयास-४ ले चुनौतीपूर्ण बन्दै गइरहेको हालको विश्वमा संयुक्त राष्ट्रसंघीय शान्ति स्थापना कार्यको आवश्यकता र महत्त्व बढिरहेको एवं यस्तो परिप्रेक्ष्यमा सञ्चालित अभ्यासमा सहभागी विभिन्न देशका सैनिकले विश्व शान्ति स्थापनामा ठूलो योगदान पुऱ्याउने विश्वास उनले व्यक्त गरे । गत ८ फागुनमा अभ्यास सुरु भएको थियो । अभ्यासमा शान्ति स्थापना मिसनमा शान्ति सैनिकले निर्वाह गर्नुपर्ने भूमिकामा आधारित गतिविधि समावेश थिए ।

संक्षेप

नारायणी नदीमा भेटियो पुरुषको शव

नवलपरासी/ पूर्वी नवलपरासीस्थित नारायणी नदीकिनारमा एकजना पुरुषको शव फेला परेको छ । जिल्ला प्रहरी कार्यालय नवलपुरका अनुसार मध्यविन्दु नगरपालिका- २ नन्दपुरस्थित नदीकिनारमा अन्दाजी ४० वर्षको पुरुषको शव फेला परेको हो । शव पोस्टमार्टमका लागि कावासोती-१६ डन्डास्थित मध्यविन्दु जिल्ला अस्पतालमा राखिएको प्रहरीले जनाएको छ ।

विन्दवासिनी सहकारी ठगी आरोपमा अध्यक्षसहित तीन पक्राउ

कास्की/ प्रहरीले पोखरा महानगरपालिका-९ न्युरोडस्थित विन्दवासिनी बचत तथा ऋण सहकारी संस्थाका अध्यक्षसहित तीनजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा पोखरा-९ नयाँबजार बस्ने सहकारी सञ्चालक समितिका अध्यक्ष सुवर्णमान नकर्मी, सञ्चालक समिति सदस्य कृष्णमान श्रेष्ठ र उदित सन्दीप पौडेल छन् ।

सञ्चालक समितिका पदाधिकारीसमेतले निक्षेपकर्ताको बचत रकम फिर्ता नगरेको, सहाकारीको रकम हिनामिना, अपचलन एवं ठगी गरेको सम्बन्धमा सहकारी रजिस्ट्रारको कार्यालय पोखराको जाहेरीका आधारमा उनीहरूलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय कास्कीका निमित्त सूचना अधिकारी तिलक मानन्धरले जानकारी दिए । यसअघि छानबिनको माग गर्दै सहकारीका बचतकर्ताले सहकारी रजिस्ट्रारको कार्यालयमा उजुरी दिएका थिए । सोही आधारमा प्रहरीले मुद्दा दर्ता गरी थप अनुसन्धान गरिरहेको मानन्धरले जानकारी दिए । उनका अनुसार पक्राउ परेकाहरूलाई जिल्ला अदालत कास्कीबाट सहकारी ठगीसम्बन्धी कसुरमा सात दिन म्याद थप गरी अनुसन्धान प्रक्रिया अगाडि बढाइएको छ । सहकारीमा के-कति ठगी भएको हो भन्ने सम्बन्धमा प्रहरीले आवश्यक छानबिन गरिरहेकाले यसका लागि केही दिन लाग्ने उनको भनाइ छ ।

ग्यारेज विस्फोटको आरोपमा धनुषाबाट दुईजना पक्राउ

बारा/ निजगढ नगरपालिका-७ स्थित गाडी मर्मत गर्ने ग्यारेजमा भएको विस्फोट घटनामा संलग्न रहेको आशंकामा प्रहरीले धनुषाबाट दुईजना पक्राउ गरेको छ । प्रहरीले धनुषा गणेशमान चारनाथ नगरपालिका-२ स्थित न्यू शिवस्वर्यापका सञ्चालक शिवशंकर साह र कबाडी संकलक बिल्टु महतोलाई पक्राउ गरेको हो । यससँगै पक्राउ पर्नेको संख्या पाँच पुगेको छ । प्रहरीले यसअघि निजगढ नगरपालिका-९ मा कबाडी सञ्चालन गरिरहेका भारत मोतिहारी घर भएका रमेश जैसवाल, कबाडीको सामान बोक्ने ना.५ख ९७२७ नम्बर ट्रकचालक वासु तामाङ र सहचालक टीकाराम पाख्रिनलाई पक्राउ गरेको थियो । उनीहरूलाई जिल्ला अदालत बाराबाट सात दिनको म्याद लिएर प्रहरीले अनुसन्धान अघि बढाएको छ ।

ग्यारेजमा भएको विस्फोटमा परी तीनजनाको मृत्यु भएको थियो । अन्य तीनजना घाइते छन् । निजगढ नगरपालिका-९ का कबाडी सञ्चालक राज जैसवालले 'प्रोजोक्टाइल' जस्तै देखिने वस्तुमा भएको तामा निकाल्न ल्याएको र सो क्रममा उक्त वस्तु विस्फोट भएको प्रहरीको भनाइ छ । जैसवालले सुरुमा कबाडीमै तामा निकाल्न प्रयास गरे पनि नसकेपछि ग्यारेजको लेथमा ल्याएका थिए । लेथले काट्ने प्रयास गर्दा उक्त वस्तु विस्फोट भएको हो ।

भन्सार छली ल्याइएका कपडा बरामद

नवलपरासी/ पूर्वी नवलपरासीमा भन्सार छली अवैध रूपमा भारतबाट नेपाल भित्र्याइएका ५६ हजार रुपैयाँबराबरको कपडा इलाका प्रहरी कार्यालय दुम्कीवासले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय दुम्कीवासका अनुसार नवलपुरको विनयी त्रिवेणी गाउँपालिका-२ ज्यामिरेमा भे.१ख ४१२६ नम्बरको बसलाई चेकजाँच गर्ने क्रममा उक्त कपडा बरामद गरेको हो । बसको डिक्कीमा विनाबिलभर्पाईको एक सय ४० पिस सुतीको धोती र ब्लाउज सेट गरी करिब ५६ हजार रुपैयाँबराबरको कपडा बरामद भएको छ । बरामद कपडाबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय कावाशोती, नवलपरासी (ब.सु.पू.) को तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/११/२२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्यौंट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरण
१. नवलपरासी जिल्ला, दुम्कीबास न.पा./गा.पा. वडा नं. १ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय नवलपरासीमा मिति २०६६ साल श्रावण महिना २२ गते रोज ५ मा प्रा.फ.नं. ११/३०१५/०६६ तथा आन्तरिक राजश्व कार्यालय भरतपुरमा मिति २०६६/०७/१२ मा स्थायी लेखा नम्बर (PAN) ३०३६२०१३४ अन्तर्गत दर्ता कायम भएको **रोयल ढोकी रेष्टुरेन्ट एण्ड लज** । **प्रोप्राईटर : नेत्र नारायण महतो**
२. नवलपरासी जिल्ला, कावासोती गा.वि.स./न.पा. वडा नं. १६ स्थित रजिष्टर्ड कार्यालय रहि प्रदेश सरकार, पर्यटन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, पर्यटन उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, पर्यटन तथा उद्योग कार्यालय, नवलपुर, नवलपरासी (बर्दघाट सुस्ता पुर्व), गण्डकी प्रदेश, नेपालमा मिति २०७९ पौष महिना ०१ गते उ.प्रा.फ. दर्ता नं. ३१८७/०७९/०८० तथा आन्तरिक राजश्व कार्यालय कावासोतीमा मिति २०७९/०९/०१ मा स्थायी लेखा नम्बर (PAN) ६१९१११६०५ अन्तर्गत दर्ता कायम भएको **सजिलो टायर एण्ड वर्कशप** ।

व्यक्तिगत जमानीकर्ताको विवरण	
१. शिव नारयण महतोको नाति, बहादुर प्रसाद महतोको छोरा, नवलपरासी जिल्ला, साविक कुमारवर्ती गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. १६ बस्ने **औका राम महतो** (ना.प्र.नं. ३६४१३१३, जारी मिति २०४१/०९/११, जि.प्र.का. नवलपरासी) ।	२. तुला महतोको नाति, शिव नारयण महतोको छोरा, नवलपरासी जिल्ला, साविक अग्वौली गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. १६ बस्ने **बहादुर प्रसाद महतो** (ना.प्र.नं. १५५९०, जारी मिति २०३५/०६/११, जि.प्र.का. नवलपरासी) ।
३. बहादुर प्रसाद महतोको बुहारी, औका राम महतोको पत्नी, नवलपरासी जिल्ला, साविक कुमारवर्ती गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. १६ बस्ने **विक्रम कुमारी महतो** (ना.प्र.नं. ९३७, जारी मिति २०४६/०२/०७, जि.प्र.का. नवलपरासी) ।	४. बहादुर प्रसाद महतोको बुहारी, नेत्र नारायण महतोको पत्नी, नवलपरासी जिल्ला, साविक कुमारवर्ती गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. १६ बस्ने **कमला राना मगर (महतो)** (ना.प्र.नं. ३१२२७, जारी मिति २०५६/०४/०६, जि.प्र.का. नवलपरासी) ।
५. शिव नारयण महतोको बुहारी, बहादुर प्रसाद महतोको पत्नी, नवलपरासी जिल्ला, साविक कुमारवर्ती गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. १६ बस्ने **महरजनी थरुनी** (ना.प्र.नं. ९/६९४, जारी मिति २०४४/११/११, जि.प्र.का. नवलपरासी) ।	६. शिव नारयण महतोको नाति, बहादुर प्रसाद महतोको छोरा, नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. १७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. १६ बस्ने **नेत्र नारायण महतो** (ना.प्र.नं. २४०१२, जारी मिति २०५२/०१/२४, जि.प्र.का. नवलपरासी) ।

धितोको विवरण
१. **ऋणी रोयल ढोकी रेष्टुरेन्ट एण्ड लजको नाममा धितोबन्धकी कायम रही ऋणी सजिलो टायर एण्ड वर्कशपको नाममा दोहोरो धितोबन्धकी कायम रहेको** शिव नारयण महतोको नाति, बहादुर प्रसाद महतोको छोरा, नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. १७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. १६ बस्ने नेत्र नारायण महतो (ना.प्र.नं. २४०१२, जारी मिति २०५२/०१/२४, जि.प्र.का. नवलपरासी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला, अग्यौली गा.वि.स. वडा नं. ३ क हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. १६ स्थित कित्ता नं. १९९ र २०३ को क्षेत्रफल क्रमशः ०-१-० र ०-०-१३ (वि.क.धु.) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. **ऋणी रोयल ढोकी रेष्टुरेन्ट एण्ड लजको नाममा धितोबन्धकी कायम रही ऋणी सजिलो टायर एण्ड वर्कशपको नाममा दोहोरो धितोबन्धकी कायम रहेको** तुला महतोको नाति, शिव नारयण महतोको छोरा, नवलपरासी जिल्ला, साविक अग्वौली गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. १६ बस्ने बहादुर प्रसाद महतो (ना.प्र.नं. १५५९०, जारी मिति २०३५/०६/११, जि.प्र.का. नवलपरासी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला, अग्यौली न.पा. वडा नं. ७ क हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. १७ स्थित कित्ता नं. ३३९ को क्षेत्रफल ०-५-६ (वि.क.धु.) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
३. नवलपरासी जिल्ला, दुम्कीबास न.पा./गा.पा. वडा नं. १ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय नवलपरासीमा मिति २०६६ साल श्रावण महिना २२ गते रोज ५ मा प्रा.फ.नं. ११/३०१५/०६६ तथा आन्तरिक राजश्व कार्यालय भरतपुरमा मिति २०६६/०७/१२ मा स्थायी लेखा नम्बर (PAN) ३०३६२०१३४ अन्तर्गत दर्ता कायम भएको रोयल ढोकी रेष्टुरेन्ट एण्ड लजको स्वामित्वमा रहेको मालसमान तथा आय प्राप्ती (Goods and Assignments of Receivable) उपर हाइपोथिकेशन सुरक्षण ।
४. नवलपरासी जिल्ला, कावासोती गा.वि.स./न.पा. वडा नं. १६ स्थित रजिष्टर्ड कार्यालय रहि प्रदेश सरकार, पर्यटन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, पर्यटन उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, पर्यटन तथा उद्योग कार्यालय, नवलपुर, नवलपरासी (बर्दघाट सुस्ता पुर्व), गण्डकी प्रदेश, नेपालमा मिति २०७९ पौष महिना ०१ गते उ.प्रा.फ. दर्ता नं. ३१८७/०७९/०८० तथा आन्तरिक राजश्व कार्यालय कावासोतीमा मिति २०७९/०९/०१ मा स्थायी लेखा नम्बर (PAN) ६१९१११६०५ अन्तर्गत दर्ता कायम भएको सजिलो टायर एण्ड वर्कशपको स्वामित्वमा रहेको मालसमान तथा आय प्राप्ती (Goods and Assignments of Receivable) उपर हाइपोथिकेशन सुरक्षण ।

Siddhartha Bank
शाखा कार्यालय : कावाशोती, नवलपरासी (ब.सु.पू.)
फोन : ०७८-५४११३३
Website : www.siddharthabank.com

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौं
फोन: ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी २१ दिने सूचना

सूचना प्रकाशित मिति : २०८०/११/२२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८०/१२/१२ गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय हेटौडा, मकवानपुरबाट तपसिलको कर्जा शीर्षक अर्न्तगत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना र अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जाना लगायतका अन्य दे-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि २१ (**एक्काइस**) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ । तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनाने समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणी/प्रोप्राइटर/जमानीकर्ताको विवरण	जमानीकर्ताको विवरण
ऋणी : त्रिमुर्ती फर्निचर उद्योग दर्ता कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, हेटौंडा, मकवानपुर दर्ता नं. : २४५/२४५/२०७४/२०७५ दर्ता मितिः २०७४/०८/१८, पान नं.: ११०८००३७० ठेगानाः हेटौंडा-०५, मकवानपुर **प्रोप्राइटर/जमानीकर्ताको नाम : भोज राज जिम्बा** बुबाको नामः नर बहादुर जिम्बा बाजेको नामः किर्तिमान जिम्बा ठेगानाः हर्नामाडि-०९, मकवानपुर हालः हेटौडा-१८, मकवानपुर ना.प्र.न. २९/२१११४, जारी मितिः २०६१/१२/१७ जारी गर्ने कार्यालयः जि.प्र.का., मकवानपुर **कर्जा शिर्षक : एस.एम.ई अधिविकर्ष कर्जा** **ऋण लिएको शाखा कार्यालयः हेटौडा, मकवानपुर**	**घ) नामः निषा जिम्बा** पतिको नाम : डोल नाथ जिम्बा ससुराको नामः नर बहादुर जिम्बा ठेगानाः हर्नामाडि-०९, मकवानपुर, हालः हेटौडा-१८, मकवानपुर ना.प्र.न. ३१ १०१४/६७९२७, जारी मितिः २०६६/१०/०७ जारी गर्ने कार्यालय : जि.प्र.का., मकवानपुर **ङ) नामः रस्मी जिम्बा** पतिको नामः भोज राज जिम्बा ससुराको नामः नर बहादुर जिम्बा ठेगानाः हर्नामाडी-०९, मकवानपुर, हालः हेटौडा-१८, मकवानपुर ना.प्र.न. ३११०१४/४९३२७, जारी मिति : २०६५/०१/०५ जारी गर्ने कार्यालय : जि.प्र.का., मकवानपुर **च) नामः चन्द्रविर जिम्बा** बुबाको नामः नर बहादुर जिम्बा बाजेको नामः किर्तीमान जिम्बा ठेगानाः हर्नामाडि-०९, मकवानपुर, हालः हेटौडा-१८, मकवानपुर ना.प्र.न. ३११०१४/६०६९८, जारी मिति : २०६६/०२/११ जारी गर्ने कार्यालय : जि.प्र.का., मकवानपुर **छ) नामः श्रेत्र बहादुर जिम्बा** बुबाको नामः नर बहादुर जिम्बा बाजेको नामः किर्तीमान जिम्बा ठेगानाः हर्नामाडी-०९, मकवानपुर, हालः हेटौडा-१८, मकवानपुर ना.प्र.न. ३१२९/२१११५, जारी मितिः २०६१/१२/१७ जारी गर्ने कार्यालय : जि.प्र.का., मकवानपुर **ज) नामः बली नाथ जिम्बा** बुबाको नामः नर बहादुर जिम्बा बाजेको नाम : किर्तीमान जिम्बा ठेगानाः हर्नामाडि-०९, मकवानपुर, हालः हेटौडा-१८, मकवानपुर ना.प्र.न. २९/२१११६, जारी मिति : २०६१/१२/१७ जारी गर्ने कार्यालय : जि.प्र.का., मकवानपुर **झ) नामः डोल नाथ जिम्बा** बुबाको नामः नर बहादुर जिम्बा बाजेको नाम : किर्तीमान जिम्बा ठेगानाः हर्नामाडि-०९, मकवानपुर, हालः हेटौडा-१८, मकवानपुर ना.प्र.न. ८/२१५, जारी मि

'महाजात्रा' ९ चैतमा

प्रदीप भट्टराई निर्देशित फिल्म 'महाजात्रा'को ट्रेलर सार्वजनिक भएको छ। ट्रेलरमा फिल्मका मुख्य कलाकारहरू विपिन कार्की, रवीन्द्रसिंह बानियाँ, रवीन्द्र झा, वर्षा राउतसँगै हरिवंश आचार्यलाई देखाइएको छ। फिल्म चैत ९ मा नेपालसँगै विश्वभर एकसाथ प्रदर्शन हुँदै छ। फिल्ममा म्याक्स दीपेश खत्री र यज्ञश्वर पौडेल निर्माता छन्।





'बिग गर्ल्स डन्ट क्राई'मा पूजा

पूजा भट्ट अभिनीत वेबसिरिज 'बिग गर्ल्स डन्ट क्राई'को टिजर सार्वजनिक भएको छ। १४ मार्चदेखि अमेजन प्राइममा यो सिरिज प्रदर्शन हुनेछ। जोया हुसेन, लवनी मिश्रा र राइमा सेन पनि यसमा मुख्य भूमिकामा छन्। नित्या मेहरा, करण कपाडिया, कोपल नैथाली र सुधांशु सरियाले मिलेर यसलाई निर्देशन गरेका हुन्।

मौसम बदलीको वेला बालबालिकामा देखिन सक्छन् यस्ता स्वास्थ्य समस्या

मौसम परिवर्तनसँगै धुवाँ-धुलो तथा तापक्रम वृद्धिजस्ता कारणले बालबालिकामा विभिन्न स्वास्थ्य समस्या देखिन्छन्। गर्मीबाट बच्न बालबालिका खोला वा तालमा जमेको पानीमा पौडी खेल्ने पनि गर्छन्। जसका कारण विभिन्न संक्रमण हुने जोखिमसमेत रहन्छ।

डाक्टरको सल्लाह



डा. विवेकप्रभात शाह
वरिष्ठ फिजिसियन
विजयपुर हस्पिटल एन्ड रिसर्च, धरान



भाइरल ज्वरो

● मौसम परिवर्तनमा बालबालिकामा एक्कासि ज्वरो आउने हुन सक्छ। सामान्य ज्वरोमा बच्चालाई लुगा खोलेर पानीपट्टी गर्ने, नरम कपडालाई पानीमा भिजाएर पूरै शरीर पुछ्नेलगायत गर्न सकिन्छ। ज्वरो नघटेमा अस्पताल लैजानुपर्छ। जथाभावी एन्टिबायोटिक औषधि खान दिनुहुँदैन।

● भाइरल ज्वरो एक व्यक्तिबाट अर्कोमा सजिलै सर्ने भएकाले यो निकै खतरनाक पनि हुन्छ। सामान्यतया, पाँच वर्षमुनिका बालबालिकामा बेहोस हुने, कमजोर देखिने, चिसो लाग्ने तथा एक्कासि खोकी बढ्नेजस्ता लक्षण देखिन सक्छन्।

झाडापखाला

● अधिकांशमा गर्मी मौसममा झाडापखालाको समस्या देखिन्छ। यो खासगरी भाइरस र ब्याक्टेरियाको संक्रमणका कारण हुने गर्दछ।

झाडापखालाको समयमै रोकथाम गर्न सकिएन भने बच्चाको ज्यानै पनि जान सक्ने हुन सक्छ।

● झाडापखाला भएमा आमाको दूध साबिकभन्दा धेरै खुवाउनुपर्छ। त्यसैले गर्दा सफा पानी र जीवनजल प्रशस्त मात्रामा खुवाउनुपर्ने हुन्छ। त्यस्तै, बच्चालाई झोलिलो खानेकुरा, गेडागुडीको झोल आदि खुवाएर झाडापखाला नियन्त्रण गर्न सकिन्छ। कतिपय अवस्थामा बच्चा दूध चुस्न नसक्ने अवस्थाको हुन सक्छ। यस्तो अवस्थामा बच्चालाई तत्काल अस्पताल लैजानुपर्छ।

भाइरल इन्फेक्सन

● चिसो खानेकुरा खाँदा घाँटीमा संक्रमण हुने सम्भावना बढेर जान्छ। जसले गर्दा बच्चामा श्वास-प्रश्वासमा समस्या देखिन सक्छ। अन्यको तुलनामा बालबालिकामा प्रतिरोधी क्षमता कम हुन्छ। गर्मी मौसममा अझ नाजुक हुने भएकाले भाइरल इन्फेक्सनले बढी सताउने गर्छ।

● गर्मी बढ्दै जाँदा बालबालिकामा रुघाखोकीको जोखिम उच्च हुन्छ। कतिपय बच्चालाई बान्ता हुने, रिँगटा लाग्ने, छालामा विभिन्न समस्या देखापर्ने आदि समस्या पनि देखिन्छन्।

हेरचाह

● बालबालिकाको उचित हेरचाह गर्न जरुरी हुन्छ। त्यसैले भिडभाडमा जाँदा मास्क लगाउने, घाममा धेरै खेल्न नदिने, फोहोर पानीको सम्पर्कबाट टाढा राख्ने गर्नुपर्छ।

● बासी खाना खुवाउन हुँदैन। स्वस्थ र ताजा खाना खुवाउनुपर्छ। पानी प्रशस्तै पिउन दिनुपर्छ।

● बाहिर निस्कँदा सनस्क्रिन क्रिम लगाइदिनुपर्छ। छाला ढाकिने गरी पातलो कपडा लगाइदिनु राम्रो हुन्छ।

● बच्चालाई शारीरिक रूपमा सक्रिय राख्नुपर्छ। बिहान वा साँझको समय खेल्न जान दिनु राम्रो हुन्छ। खेल खेल्ने ठाउँ सुरक्षित हुन जरुरी पनि छ। बच्चा कहाँ खेल्दै छ भन्ने विषय अभिभावकले ध्यान दिनुपर्छ। गर्मीको समय चर्को घाममा खेल्न पठाउन हुँदैन।



बर्गैंचामा समय बिताउँदा...

● बर्गैंचामा समय बिताउँदा मानिसले तनाव कम महसुस गर्छन्। दैनिक तनाव, व्यस्तता र चिन्ताबाट केही समयका लागि भए पनि छुटकारा पाइन्छ।

● बिरुवा रोप्ने, गोड्ने, काँटछाँट गर्ने, पानी हाल्नेलगायत कामले शारीरिक अभ्यास गराउँछ। तौल नियन्त्रण गर्न सहयोग पुग्छ।

● बिहानको कलिलो घामबाट प्राप्त हुने भिटामिन डी हड्डी मजबुत बनाउन र रोगप्रतिरोधी क्षमता बढाउन महत्त्वपूर्ण हुन्छ। तसर्थ, बर्गैंचामा बिहानको समय बिताउनु राम्रो हुन्छ।

● खुला स्पेसमा स्वच्छ हावा लिन पाउँदा आनन्ददायी महसुस हुन्छ।

● बिरुवाहरूको गोडमेल गरेर बर्गैंचालाई चिटिक्क राख्नु आफैंमा सिर्जनात्मक काम हो। प्रकृतिसँग समय बिताउँदा बेग्लै ऊर्जा प्राप्त हुन्छ।

घरमा किरा-फट्यांग्रा छिर्न नदिन...

● घरमा कुनै भित्ता चर्किएको, ग्याप देखिएको वा कुनै प्वाल छ भने पहिचान गर्नुस् र त्यस स्थानलाई टाल्नुस्। झ्याल, ढोका राम्ररी लगाउनुस्।

● झ्याल र ढोकामा जाली हाल्नुस्। मसिनो जालीले किरा, फट्यांग्रा र लामखुट्टेलाई कोठामा छिर्नबाट रोक्छ। गर्मीमा झ्याल खोलेर ताजा हावाको मज्जा पनि लिन सकिन्छ। विशेषगरी, साँझ र बिहानको समय किरा-फट्यांग्रा धेरै सक्रिय रहन्छन्।

● घरवरपर पानी जम्ने खाल्डा छन् भने तुरुन्तै पुर्नुस्। जमेको पानीमा किरा-फट्यांग्रा र लामखुट्टे आकर्षित हुन्छन्।



● गमलालगायत पानी जम्ने ठाउँको नियमित सफाइ गर्नुस्।

● जुठो भाँडा, खानेकुरा र फोहोरले भिँगा, किरा-फट्यांग्रालाई आकर्षित गर्ने भएकाले भान्सा सधैँ सफा राख्नुस्। घरमा फोहोर जम्मा नगर्नुस्।

● धेरै चम्किलो प्रकाशले किरा-फट्यांग्रालाई आकर्षित गर्छ। त्यसैले घरबाहिर धेरै चम्किलो प्रकाश प्रयोग नगर्नुस्। पहेँलो रङको वा एलइडी बल्ब राख्न सक्नुहुन्छ।

रिलायन्स फाइनान्स लि. को कर्जा चुक्ता गर्ने तथा धितोमा रहेका अचल सम्पतिको लिलाम बिक्रिका लागि ७ दिने शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मितिः २०८०/११/२२)

यस वित्तीय संस्थाबाट कर्जा कारोबार गर्ने तपशिल बमोजिमको विवरणका ऋणीले यस वित्तीय संस्थासंगका शर्त कबुलियत लिखत बमोजिम कर्जा नतीरी नबुझाई बक्यौता राख्नु भएकोले पटक पटक लिखित, मौखिक तर ताकेता एवं सार्वजनिक पत्रिकामा सूचना प्रकाशित गर्दा समेत कर्जा हिसाब फरफारक नगरेकोले यो सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित गरेको मितिले ७ दिन भित्र कर्जा हिसाब फरफारक गर्न गराउन ऋणी, धितो दिने र व्यक्तिगत धन जमानी दिने समेतलाई यसै सूचनाद्वारा सुचित गरिन्छ। उक्त म्याद भित्र पनी कर्जा हिसाब राफसाफ नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३ ले दिएको अधिकार तथा ऋणी संगका कानुनी लिखितका आधारमा सो कर्जा वापत राखेको धितो जायजेथा लिलाम बिकी गरि लेना असुल उपर गरीने र सो बाट नपुग भएमा ऋणी र धितो जमानी दिनेको अन्य जायजेथा समेतबाट असुल उपर गर्न आवश्यक कानुनी कार्यवाही अगाडी बढाइने व्यहोरा समेत सुचित गरिन्छ। साथै ऋणी व्यक्तीगत धन जमानीकर्ता तथा धितो जमानत दिनेलाई समेत कर्जा सुचना केन्द्रको कालो सुचिमा राख्नका लागी लेखि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। ऋणीले सो म्यादमा कर्जा हिसाब राफसाफ नगरेमा लेखाई दिएको तपशिल बमोजिमको जायजेथा ८औं दिनमा लिलाम बिकी गरिने हुनाले यो सूचना प्रकाशित भएको ७ दिन भित्र तपशिलका शर्तका अधिनमा आफ्ले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी पेश गर्न हुन समेत सर्वसाधारणमा आह्वान गर्दछौं। सो जेया लिलाम बिकी नभएमा वित्तीय संस्था आफैले सकार गरि लिन सक्नेछ।

तपसिल

शाखा कार्यालयः शहिद चोक, नारायणगढ

ऋणीको विवरण	धितोको विवरण	व्यक्तिगत धन जमानी दिनेको विवरण	
नामः अब्दुल शंकर एकवाल खान ठेगानाः पिप्ले-०९, चितवन हाल राप्ती-०३, चितवन बुवाः कमाल खान बाजेः कायम खान कर्जा शिर्षकः आवास कर्जा	अब्दुल शंकर एकवाल खानको नाममा दर्ता रहेको चितवन जिल्ला खैरहनी न.पा. वडा नं. १२ साबिक कुमरोज वडा नं. ७/क स्थित कित्ता नं. ९४९ र ९५७को क्षेत्रफल त्रलमशः ११३.११ र २२५.५२ वर्ग मिटर जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत।	**सुनिता सापकोटा** ठेगानाः पटिहानी-०५, चितवन हाल राप्ती-०३, चितवन ससुराः कमाल खान श्रीमान्ः अब्दुल शंकर एकवाल खान	**जैबुन निसा** ठेगानाः पिप्ले-०८, चितवन हाल राप्ती-०३, चितवन ससुराः कायम खान श्रीमान्ः कमाल खान

शिलबन्दी बोलपत्र सम्बन्धि शर्तहरुः १. शिलबन्दी बोलपत्र आह्वान सुचना प्रकाशित भएको मितिले ८ औं दिनमा सरकारी प्रतिनिधिको रोहवरमा अपरान्ह २ बजे संस्थाको शाखा कार्यालय शहिद चोक, नारायणगढमा हुनेछ, सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट हुनेछ। २. खरिद गरि लिन चाहेको उल्लेखित सम्पत्ति के कति रकममा खरिद गरि लिन चाहेको हो, सो रकम अङ्क तथा अक्षरमा स्पष्ट हुनुपर्ने छ। आफुले कबोल गरेको रकमको घटिमा १० प्रतिशत रकम धरौटी स्वरुप संस्थाको नामको प्रभु बैंक लि कोटेश्वर शाखाको चल्ती खाता नं. ०१७००१७८१२४०००२६ मा जम्मा गरि सो को सक्कल भौचर बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्ने छ। ३. बोलपत्रवालाको नागरिकताको प्रतिलिपी बोलपत्र साथ समावेश हुनुपर्ने छ। ४. बोलपत्र खोलिने दिन बोलपत्र दाता स्वयं वा निजको आधिकारिक प्रतिनिधि तोकिएको समय भित्र नै उपस्थित हुन यसै सुचनाद्वारा जानकारी गराइन्छ। बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा नपर्ने र सो खोलिएको बोलपत्र उपर पछि कुनै किसीमको दावी तथा उजुरी लाग्ने छैन। बोलपत्र रित नपुगी आएका तथा शर्त राखी दिएको बोलपत्र उपर कुने कारवाहि गरिने छैन। ५. बोलपत्रमा कबुल अंकमा सो जेया बिकी गर्ने नगर्ने अधिकार यस वित्तीय संस्थालाई हुनेछ। ६. कबुल अंकमा सो जेया बिकी गर्ने निर्णय भएमा धरौटी रकम बाहेक बांकी रकम संस्थाले तोकेको समयमा संस्थामा दाखिला गरि जेया दाखेल खारेज गरि लान सकिनेछ। ७. बोलपत्र अस्वीकृत भएमा धरौटी फिर्ता गरिनेछ। बोलपत्र स्वीकृत भै सुचना गरीएमा सुचना गरेको मितिमा रकम दाखिला गरि जेया दा.खा. गरि नलिएमा धरौटी जफत गरिनेछ। ८. सो जेया दा.खा. गर्दा लाग्ने राजश्व र अन्य खर्च बोलपत्रवालाले व्यहोर्नु पर्नेछ। ९. विस्तृत जानकारीका लागि वित्तीय संस्थामा सम्पर्क राख्न सकिनेछ।

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड

Head Office: B.J. Bhawan, Pradarshani Marg, Kathmandu.
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167
Branch Office: Shahid Chowk, Narayangarh, Tel: 056-596598
info@reliancenepal.com.np | www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

को

शाखा कार्यालय : बागबजार, काठमाण्डौ
फोन नं. : ०१-५३५२२६०

शाखा कार्यालय बागबजार, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/११/२२ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय बागबजार, काठमाण्डौबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धि ७५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

ऋणीको विवरण

हर्क बहादुर भटराईको बुहारी, राज कुमार भट्टराईको पत्नी, मोरङ जिल्ला, उर्लावारी गा.वि.स/न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **गायत्रा भट्टराई (ना.प्र.प.नं. ५४३६, मोरङ)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. घोकल सिंह भट्टराईको नाति, हर्क बहादुर भटराईको छोरा, मोरङ जिल्ला, उर्लावारी गा.वि.स/न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **राज कुमार भट्टराई (ना.प्र.प.नं. ७४६३, मोरङ)**

२. हर्क बहादुर भट्टराईको नाति, राज कुमार भट्टराईको छोरा, मोरङ जिल्ला, उर्लावारी गा.वि.स/न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **अविशेक भट्टराई (ना.प्र.प.नं. ०५२००६/२७१८२, मोरङ)**

धितोमा रहेको सम्पतिको विवरण

गायत्रा भट्टराईको नाममा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता श्रेस्ता कायम रहेको भक्तपुर जिल्ला, कढुन्जे गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. ३०१६ को क्षेत्रफल ०-५-०-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८०/११/२२ गते मंगलबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय बागबजार, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ।

२. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ।

३. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ।

४. शिलबन्दी बोलपत्र मिति २०८०/११/२८ गते सोमबार सार्वजनिक विदा परेकोले मिति २०८०/११/२९ गते मंगलबाबार कार्यालय समय यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा दर्ता भईसक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन।

५. शिलबन्दी बोलपत्र मिति २०८०/११/३० गते बुधबार दिउँसो ४:०० बजे यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन। साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगातै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ।

६. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ। सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वचंले ब्यहोर्नु पर्नेछ।

७. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय बागबजार, काठमाण्डौबाट भुक्तानी गरिनेछ। साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन।

८. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा खट्टाखुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछन्।

९. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय बागबजार, काठमाण्डौमा सम्पर्क राखी बुझ्न सकिनेछ।

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीहरूलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/११/२२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट तपसीलमा उल्लिखित ऋणीले उपभोग गर्नु भएको ऋण/ कर्जा निज ऋणीले बैंकसँग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासँग सम्बन्धित सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तर ताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत/संस्थागत/धितो जमानतकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी कर्जाको सम्पूर्ण बाँकी साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नु होला। अन्यथा यस बैंकसँग भए गरेको सम्झौता तथा लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना/बाँकी बक्यौता रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन, परिपत्र, सूचना अनुसार सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ।

साथै सुरक्षण वापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण बाँकी बक्यौता लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानतकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

कलंकी शाखा, काठमाडौं

ऋणीको विवरण

१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २३३६०४/०७६/०७७ अन्तर्गत मिति २०७६/१०/१९ मा दर्ता कायम भएको **कसमस मेडिसोल ट्रेड प्रा.लि.** कम्पनी दर्ता ठेगाना : काठमाडौं म.न.पा. -१६, बालाजु, काठमाडौं स्थायी लेखा नं. ६०९७१३४५५, मिति २०७६/१०/२३ **सञ्चालक अध्यक्ष तथा जमानतकर्ता : पुष्कर राज श्रेष्ठ** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा डिमाण्ड कर्जा**	**२. पुष्कर राज श्रेष्ठ** ना.प्र.नं. १८१७/१०२०, जारी मिति २०३८/०५/१७ जि.प्र.का. काठमाडौं बाबुको नाम : शिव राज श्रेष्ठ बाजेको नाम : हिराकाजी श्रेष्ठ स्थायी ठेगाना : काठमाडौं म.न.पा. -२०, काठमाडौं **कर्जा शिर्षक : घर कर्जा**

व्यक्तिगत जमानत दिनेको विवरण

सशिन श्रेष्ठ ना.प्र.नं. २७१०६०/१२०४०७ जारी मिति २०७०/०६/०३, जि.प्र.का. काठमाडौं बाबुको नाम : पुष्कर राज श्रेष्ठ बाजेको नाम : शिव राज श्रेष्ठ स्थायी ठेगाना : काठमाडौं म.न.पा. -२०, काठमाडौं	**बिनू श्रेष्ठ** ना.प्र.नं. २९९६/०४०/४१, जारी मिति २०४१/०१/०७, जि.प्र.का. ललितपुर बाबुको नाम : हरि भक्त श्रेष्ठ पतिको नाम : पुष्कर राज श्रेष्ठ ससुराको नाम : शिव राज श्रेष्ठ स्थायी ठेगाना : ललितपुर उ.म.न.पा. -१६, ललितपुर	**श्रेया श्रेष्ठ** ना.प्र.नं. २७१०६०/७८९८६ जारी मिति २०६८/०२/२२, जि.प्र.का. काठमाडौं बाबुको नाम : पुष्कर राज श्रेष्ठ बाजेको नाम : शिव राज श्रेष्ठ स्थायी ठेगाना : भिमसेनस्थान -२०, काठमाडौं

नर्यो वानेश्वर शाखा, काठमाडौं

ऋणीको विवरण

१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २१६७२०/७५/०७६ अन्तर्गत मिति २०७६/०२/२१ मा दर्ता कायम भएको **बिनु इन्टरप्राइजेज प्रा.लि.** कम्पनी दर्ता ठेगाना : काठमाडौं म.न.पा. -१६, बालाजु, काठमाडौं स्थायी लेखा नं. ६०९५५१२०४, मिति २०७६/०२/२४ **सञ्चालक तथा जमानतकर्ता : पुष्कर राज श्रेष्ठ** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा अल्पकालिन कर्जा**	**२. पुष्कर राज श्रेष्ठ** ना.प्र.नं. १८१७/१०२०, जारी मिति २०३८/०५/१७ जि.प्र.का. काठमाडौं बाबुको नाम : शिव राज श्रेष्ठ बाजेको नाम : हिराकाजी श्रेष्ठ स्थायी ठेगाना : काठमाडौं म.न.पा. -२०, काठमाडौं **कर्जा शिर्षक : आवधिक कर्जा**

व्यक्तिगत जमानत दिनेको विवरण

सशिन श्रेष्ठ ना.प्र.नं. २७१०६०/१२०४०७ जारी मिति २०७०/०६/०३, जि.प्र.का. काठमाडौं बाबुको नाम : पुष्कर राज श्रेष्ठ बाजेको नाम : शिव राज श्रेष्ठ स्थायी ठेगाना : काठमाडौं म.न.पा. -२०, काठमाडौं	**बिनू श्रेष्ठ** ना.प्र.नं. २९९६/०४०/४१, जारी मिति २०४१/०१/०७, जि.प्र.का. ललितपुर बाबुको नाम : हरि भक्त श्रेष्ठ पतिको नाम : पुष्कर राज श्रेष्ठ ससुराको नाम : शिव राज श्रेष्ठ स्थायी ठेगाना : ललितपुर उ.म.न.पा. -१६, ललितपुर	**श्रेया श्रेष्ठ** ना.प्र.नं. २७१०६०/७८९८६ जारी मिति २०६८/०२/२२, जि.प्र.का. काठमाडौं बाबुको नाम : पुष्कर राज श्रेष्ठ बाजेको नाम : शिव राज श्रेष्ठ स्थायी ठेगाना : भिमसेनस्थान -२०, काठमाडौं

नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

अनुगमन तथा मूल्यांकन प्रणालीका समस्या

योजना वा कार्यक्रमको प्रक्रियामा मात्र केन्द्रित हुने अनुगमनले सो प्रणालीलाई सबल होइन, झनै कमजोर बनाउँछ



● यमनाथ गिरी

अग्रलेख

नेपाल सरकारले अनुगमन तथा मूल्यांकनलाई नतिजामूलक बनाउन आवश्यक कानुनी र नीतिगत व्यवस्था गरेको छ। अनुगमन प्रणालीलाई सबल र सुदृढ बनाउन योजना तर्जुमादेखि कार्यान्वनमा देखिएका समस्या तथा चुनौती समाधान गर्न आवश्यक संरचना निर्माण गर्ने रणनीति बनाएको पाइन्छ। पन्ध्रौं आवधिक योजनाले नतिजामूलक अनुगमन तथा मूल्यांकन व्यवस्थामार्फत शासकीय सुधार गर्ने, मापनयोग्य सूचकका आधारमा नतिजामूलक अनुगमन तथा मूल्यांकन प्रणाली सुदृढ गरी विकास योजना तथा कार्यक्रमको निर्धारित लक्ष्य हासिल गर्ने विषयलाई स्विकारेको थियो। त्यस्तैगरी, संघ, प्रदेश र स्थानीय तहमा नतिजामूलक अनुगमन तथा मूल्यांकन प्रणालीलाई संस्थागत गर्नेलगायत लक्ष्य तथा उद्देश्य पनि तय गरेको थियो।

नेपाल सरकारले आव ०८०/८१ को नीति तथा कार्यक्रमको बुँदा नम्बर २८ र ३० मा विकास आयोजनाको अनुगमन तथा मूल्यांकनलाई नतिजामूलक बनाउने र त्यसका लागि राष्ट्रिय योजना आयोगलाई नीति, योजना तथा अनुगमनको केन्द्रीय निकाय बनाउने तथा तथ्यमा आधारित नीति तर्जुमाका लागि राष्ट्रिय तथ्यांक प्रणालीको संस्थागत सुदृढीकरण गर्ने उल्लेख छ। साथै, बजेट वक्तव्यको बुँदा नम्बर ४६, २८४, ४०२ र ४२५ मा समेत अनुगमन तथा मूल्यांकन प्रणालीको सुदृढीकरण तथा सोको प्रभावकारी कार्यान्वयनमार्फत विकास नीति, योजना, कार्यक्रम तथा आयोजनाको सफल कार्यान्वयनका साथै विकास प्रक्रियालाई नतिजामूलक र पारदर्शी बनाई सार्वजनिक जवाफदेहिता सुनिश्चित गर्ने विषय पनि समावेश छ।

तर, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ०७५ माघमा सार्वजनिक गरेको एउटा अध्ययनअनुसार देशका मुख्य विकासे अड्डा मानिएका सात मन्त्रालयअन्तर्गतका एक हजार ८४८ वटा एक खर्ब १८ अर्ब (तत्कालीन पुँजीगत बजेटको करिब ३५ प्रतिशत) बराबरका ठूला योजना तोकिएको समयमा सम्पन्न नभएको देखियो। यसबाहेक सम्पूर्ण सरकारी निकाय तथा प्रदेश र स्थानीय सरकारले समेत कार्यान्वयन गरेका योजना हेर्दा नेपाल सरकारको अनुगमन तथा मूल्यांकन प्रणाली कमजोर मात्र होइन, असफल नै भएको भनेर निष्कर्ष निकाल्न सकिने देखिन्छ।

तसर्थ, आवश्यक कानुनी व्यवस्था, आवश्यकताअनुरूप विभिन्न संरचनागत निकाय र अनुगमन तथा मूल्यांकनका नाममा अर्बौं रुपैयाँ खर्चका बाबजुद अनुगमन तथा मुल्यांकन प्रणाली किन असफल भयो भन्नेमा थप अध्ययन तथा अनुसन्धान गरेर यसका कानुनी तथा नीतिगत पक्ष, संरचनागत प्रणाली र अभ्यासलाई नतिजामूलक बनाउन सकिएन भने अनुगमन तथा मूल्यांकन प्रणाली मात्र होइन, नेपालको योजना कार्यान्वयन प्रणाली नै असफल हुन सक्छ।

आवश्यक कानुनी व्यवस्था, आवश्यकताअनुरूप विभिन्न संरचनागत निकाय र अनुगमन तथा मूल्यांकनका नाममा अर्बौं रुपैयाँ खर्चका बाबजुद अनुगमन तथा मूल्यांकन प्रणाली किन असफल भयो भन्नेमा थप अध्ययन तथा अनुसन्धान गरेर यसका कानुनी तथा नीतिगत पक्ष, संरचनागत प्रणाली र अभ्यासलाई नतिजामूलक बनाउन सकिएन भने अनुगमन तथा मूल्यांकन प्रणाली मात्र होइन, नेपालको योजना कार्यान्वयन प्रणाली नै असफल हुन सक्छ।

(क) तयारीविनाको अनुगमन तथा मूल्यांकन : पहिलो समस्या तयारीविनाको अनुगमन तथा मूल्यांकन नै हो। सामन्यतया अनुगमन तथा मूल्यांकनका लागि आयोजनको लक्ष्य, उद्देश्य, उपलब्धि, प्रतिफल तथा तिनीहरूबीच कारण र असरसमेत देखिने गरी वस्तुगत खाका तयार गरेर तिनलाई मापन गर्न विशिष्ट, मापनयोग्य, वास्तविक, भरपर्दा र पूरा गर्न लाग्ने अवधिसमेत उल्लेख भएका सूचक तयार गर्नुपर्छ। सूचकहरूको तयारीसँगै अनुगमनको खाका, अनुगमनको योजना र कार्ययोजनासमेत स्वीकृत गरेपश्चात् तथ्यांक संकलनका विधि र साधन तयार गर्ने र तत्पश्चात् तथ्यांक संकलन तथा विश्लेषणलगायत कार्य चरणबद्ध रूपमा गरे मात्र अनुगमन तथा मूल्यांकन प्रभावकारी बन्छ। तर, नेपालको सन्दर्भमा अधिकांश सरकारी अधिकारीले अनुगमन तथा मूल्यांकनका लागि अपनाइने प्रचलित दशमध्ये कुनै पनि चरणलाई पालना गरेको दखिँदैन। अनुगमन र मूल्यांकनलाई आयोजना तथा कार्यक्रमको मितव्ययी र नतिजामुखी कार्यान्वयनका लागि अपनाइने एक व्यवस्थित साधनका रूपमा प्रयोग गर्नेभन्दा पनि कर्मचारी तथा जनप्रतिनिधिलाई अतिरिक्त आयको एउटा आधारका रूपमा प्रयोग गरेको पाइन्छ। यसले गर्दा न त अनुगमन प्रभावकारी भएको छ, न त अनुगमनका लागि छुट्याइएको साधनस्रोतको सदुपयोग नै हुन सकेको छ। विनियोजित स्रोत-साधनको प्रभावकारी र मितव्ययी उपयोग गरी विकास आयोजना वा कार्यक्रमको नतिजामूलक उपलब्धि प्राप्तिमा सहयोग गर्नुपर्नेमा साधन र स्रोतको दुरुपयोगको माध्यम बन्नु नेपालमा अनुगमन तथा मूल्यांकनको एक प्रमुख समस्या हो।

(ख) प्रक्रियामा मात्र केन्द्रित हुने प्रवृत्ति : हालसम्मको सरकारी अभ्यास हेर्दा नेपालका अधिकांश अनुगमन तथा मूल्यांकन कार्य कागजमा मात्र सीमित हुने गरेको देखिन्छ। यद्यपि अधिकांश अनुगमन पनि योजना, आयोजना वा कार्यक्रमको प्रक्रिया वा सोको प्रतिफल निरीक्षणमै सीमित रहने गरेको पाइन्छ। सामन्यतया अनुगमन तथा मूल्यांकन गर्दा सम्बन्धित कार्यक्रम वा आयोजनाले परिलक्षित गरेको नतिजा शृंखलामा लगानी, प्रतिफल, उपलब्धि र असर वा प्रभावका साथै योजना वा कार्यक्रमको सान्दर्भिकता, दक्षता, दिगोपन, उपयोग, नतिजा र त्यसले पार्ने प्रभावलाई समेत दृष्टिगत गर्नुपर्ने हुन्छ। यी विषयमा दृष्टिगत नगरी प्रक्रिया वा प्रतिफलको अवलोकन वा निरीक्षणमा मात्र सीमित रहँदा योजना तथा कार्यक्रम उपलब्धिमूलक नहुने तथा त्यसका समस्या, चुनौती तथा सिकाइको पहिचानसमेत हुन सकेको पाइँदैन। यसले गर्दा अनुगमन तथा मूल्यांकनको उद्देश्य पूरा नहुने, योजना, आयोजना वा परियोजनाको साधनस्रोतको दुरुपयोग हुने तथा उपलब्धि प्राप्त नहुने निश्चित छ। योजना वा कार्यक्रमको प्रक्रियामा मात्र केन्द्रित हुने अनुगमनले सो प्रणालीलाई सबल होइन, झनै कमजोर बनाउँछ। त्यसैले योजना वा कार्यक्रम प्रक्रियाको निरीक्षणमा केन्द्रित हुने अनुगमन प्रणालीलाई परिवर्तन नगरेसम्म नीतिगत तथा स्रोत-साधनको यथोचित व्यवस्थाका बाबजुद प्रभावकारी नतिजा दिन सकिँदैन।



> विनियोजित स्रोत-साधनको प्रभावकारी र मितव्ययी उपयोग गरी विकास आयोजना वा कार्यक्रमको नतिजामूलक उपलब्धि प्राप्तिमा सहयोग गर्नुपर्नेमा साधन र स्रोतको दुरुपयोगको माध्यम बन्नु नेपालमा अनुगमन तथा मूल्यांकनको एक प्रमुख समस्या हो

(ग) पृष्ठपोषणको बेवास्ता : यसमा रहेको अर्को समस्या भनेको अनुगमन तथा मूल्यांकनबाट औंल्याइएका सकारात्मक पृष्ठपोषणलाई कार्यान्वयन नगर्नु पनि हो। अध्ययनअनुसार नेपालका सरकारी निकायमा अनुगमन प्रतिवेदन सार्वजनिक नै गरिँदैन भने मूल्यांकन प्रतिवेदन जम्मा १३ प्रतिशत मात्र सार्वजनिक गरिन्छन्। सामन्यतः अनुगमन तथा मूल्यांकनका प्रतिवेदन पेस्की फर्स्योट वा दैनिक भ्रमण भत्ताको निकासीका लागि मात्र प्रयोग हुने गरेको देखिन्छ। अनुगमनकर्ताले कार्यालय प्रमुख वा सहकर्मीसँग अनुगमनको निष्कर्षबारे जानकारी गराई कार्यालयमा प्रतिवेदन बुझाउनुपर्ने हो। साथै सो प्रतिवेदन सरोकारवालालाई समेत जानकारीका लागि उपलब्ध गराउने प्रचलन छ। तर, नेपालमा यस प्रकारको अभ्यास पाइँदैन। पहिलो, अनुगमन नै नगर्ने, दोस्रो प्रतिवेदन नै नबनाउने, बनाइहाले पनि अनुगमन तथा मूल्यांकनका निष्कर्ष सरोकारवालालाई जानकारी नै नगराउने र गराइहाले पनि प्रतिवेदनमा उल्लिखित सुझाव तथा पृष्ठपोषणको बेवास्ता हुनु अर्को प्रमुख समस्या तथा चुनौती रहेको पाइन्छ।

(घ) दक्ष जनशक्तिको अभाव : अनुगमन तथा मूल्यांकन प्रणालीलाई प्रभावकारी कार्यान्वयन गर्न दक्ष जनशक्ति आवश्यक हुन्छ। दक्ष जनशक्तिले मात्र अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सक्छ। सामन्यतः अनुगमन तथा मूल्यांकन शाखा सबैभन्दा सिनियर र दक्ष व्यक्तिले भरिएको हुनुपर्छ। तर, नेपालको सन्दर्भमा हेर्दा अनुगमन तथा मूल्यांकन गर्ने निकायमा कर्मचारीको रुचि नहुने तथा सो शाखामा पदस्थापन भएमा कारबाही भएको ठान्ने प्रवृत्ति पाइन्छ। जसले गर्दा अनुगमन गर्ने कर्मचारीमा न त इच्छाशक्ति पाइन्छ, न त विषयगत दक्षता नै। त्यसैले उक्त शाखा वा महाशाखामा कार्यरत कर्मचारीले समग्र कार्यालय वा आयोजनाको अनुगमन तथा मूल्यांकन प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने क्षमता नै राख्दैनन्।

(ङ) प्रभावहीन संरचना : नेपालको संविधानले राष्ट्रिय नीतिको कार्यान्वयन तथा सुशासनका सन्दर्भमा समेत अनुगमन तथा मूल्यांकनलाई महत्त्व दिई फराकिलो दायरामा राखेको छ। संविधानको धारा ५४, १५८ २२०, २४९, २५३, २५९, २८७, २९३ वा सो अन्तर्गतका उपधारामा विभिन्न निकायलाई अनुगमनसम्बन्धी जिम्मेवारी प्रदान गरेको पाइन्छ। साथै, विकास आयोजनाको व्यवस्थित अनुगमन तथा मूल्यांकनका लागि तथा सोसम्बन्धी अस्पष्टता हटाई व्यवस्थित बनाउन राष्ट्रिय योजना आयोगले अनुगमन तथा मूल्यांकन दिग्दर्शन, २०७५ जारी गरेको छ। भर्खर मात्रै राष्ट्रिय सभाले अनुगमन तथा मूल्यांकन विधेयक पारित गरी प्रतिनिधिसभामा पठाएको छ।

संघीय सरकारअन्तर्गत राष्ट्रिय विकास समस्या समाधान समिति, उपसमिति, मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति, उपसमिति र अनुमगन समितिलगायत थुप्रै समिति रहेका छन् भने प्रदेशस्तरमा पनि सोही प्रकृतिका समिति रहेका छन्। स्थानीय तहमा पनि अनुगमन समितिको व्यवस्था छ। जिल्ला समन्वय समितिलाई समेत अनुगमन तथा समन्वयको जिम्मेवारी दिइएको छ। राष्ट्रिय योजना आयोग, प्रदेशस्तरमा नीति तथा योजना आयोगलगायत संरचना, विभिन्न मन्त्रालय र सोअन्तर्गतका निकायमा अनुमगन तथा मूल्यांकन शाखा तथा महाशाखा छन्। नेपालमा अनुमगन तथा मूल्यांकनसम्बन्धी संस्थागत संरचना यथेष्ट र पर्याप्त नै देखिन्छन्। तर, यी संस्थागत संरचनाको प्रभावकारिता देखिन्न। गठित समिति वा संरचनाको बैठक तथा छलफल औपचारिकतामा मात्र सीमित हुन्छन्। ती बैठकमा अनुगमन तथा मूल्यांकन प्रतिवेदन र तिनका पृष्ठपोषणबारे छलफल नै हुँदैन, भए पनि परियोजना तथा कार्यक्रम कार्यान्वयनको चरणमा आएका समस्या समाधानका लागि कुनै ठोस पहल गरेको अपवादबाहेक देख्न र सुन्न पाइँदैन। जसले गर्दा भएका संरचना अनुगमन तथा मूल्यांकन प्रणालीको सबलीकरण र प्रभावकारिता अभिवृद्धि गर्नुभन्दा पनि साधन र स्रोतको दुरुपयोग र विकास निर्माणको गतिलाई सुस्त बनाउने माध्यम बनेका छन्।

यसका अलावा संघीय संरचनाअनुरूप संघ, प्रदेश र स्थानीय तहको सहकार्य र समन्वयमा अनुगमन तथा मूल्यांकन प्रणालीलाई व्यवस्थित गर्न नसक्नु, योजनाले परिलक्षित गरेका प्रगतिको एकीकृत प्रतिवेदन तयार गर्न नसक्नु, राष्ट्रिय लक्ष्यका सही तथा मापनयोग्य सूचक निर्धारण गर्न नसक्नु, दिगो विकास लक्ष्यलगायत विषयमा असर र प्रभाव तहका सूचकको खण्डीकृत एवं सर्वेक्षणमा आधारित तथ्यांक तथा सूचना तयार गरी प्रगति समीक्षा गर्न नसक्नु, अनुगमन तथा मूल्यांकनमा सूचना प्रविधिलाई यथेष्ट मात्रामा प्रयोग गर्न नसक्नुलगायत थुप्रै समस्या तथा चुनौतीका कारण नेपालको अनुगमन तथा मूल्यांकन प्रणाली निष्प्रभावी हुन गयो।

अनुगमनका चरणको अनुपालना गर्ने, विकास नीति, योजना तथा कार्यक्रमले पारेको समग्र प्रभाव, असर र दिगोपनाको मूल्यांकनलाई सघन बनाउने कार्य आवश्यक छ। योजना तर्जुमाकै क्रममा अनुगमन तथा मूल्यांकनका लागि आवश्यक कार्ययोजनाले निर्माण गर्ने, अनुगमन तथा मूल्यांकनबाट औंल्याइएका सकारात्मक पृष्ठपोषणलाई अनिवार्य कार्यान्वयन गर्नुपर्छ। कार्यक्रम तथा आयोजनाको नतिजालाई सम्बन्धित निकायका पदाधिकारीको कार्यसम्पादनसँग आबद्ध गरी पुरस्कार र दण्डको व्यवस्था गर्ने, अनुगमन तथा मूल्यांकनका लागि विशिष्टीकृत सेवाअन्तर्गत कर्मचारीको व्यवस्था गर्नु जरुरी छ। संघीय संरचनाअनुरूप संघ, प्रदेश र स्थानीय तहको सहकार्य र समन्वयमा अनुगमन तथा मूल्यांकन प्रणालीलाई संस्थागत गर्ने कार्य गरे मात्र नतिजामूलक अनुगमन तथा मूल्यांकन प्रणाली संस्थागत हुने र विकास आयोजनाको कार्यान्वयन प्रभावकारी हुने देखिन्छ।

(गिरी स्थानीय शासन सहयोग कार्यक्रम, सुदूरपश्चिम प्रदेशमा अनुगमन तथा प्रतिवेदन विज्ञका रूपमा कार्यरत छन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक **डम्बर खतिवडा**लाई



● नेपालमा गठबन्धनहरू किन बन्छन् र किन भत्किन्छन् ?

नेपालमा राजनीतिक अस्थिरताको निकै लामो शृंखला छ। सत्तामा पुग्ने र बाहिरिने खेल राणाशासनमा पनि चल्थ्यो। पछि राजाको पालामा पनि यो खेल चलिरह्यो र अहिले पनि यो जारी नै छ। हाम्रा राजनीतिक दल र नेताहरू सत्ताबाहिर बस्नै नसक्ने या बस्न नचाहने अवस्थामा पुगिसकेका छन्। सत्ताबाहिर रहँदा आफू र आफ्नो दलको अस्तित्व नै नरहने बुझाइ छ उनीहरूको। त्यसैले, सत्ताप्राप्तिका लागि उनीहरू जस्तोसुकै अवस्थामा गठबन्धन गर्न तयार हुन्छन् र गठबन्धनहरू बन्छन्। तर, सत्तामा रहँदाबस्दा अविश्वास बढ्दै जाँदा वा आफ्नो सत्तास्वार्थमा धक्का पुग्ने खतरा महसुस हुँदा गठबन्धनहरू भत्किन्छन्।

● नयाँ गठबन्धनले नेपाली राजनीतिमा कस्तो प्रभाव पार्ला ?

नयाँ गठबन्धन बनेपछि विगतदेखि नै क्रमशः स्खलित हुँदै गएको नेपाली राजनीति थप पतन हुनेछ। राजनीतिक संस्कार थप कमजोर हुनेछ। राजनीतिक, सामाजिक, आर्थिकलगायत क्षेत्रमा अस्थिरता बढ्नेछ। केही थान नेताले जागिर पाउलान्। सत्तारुढ पार्टीका थप केही समर्थक या शुभेच्छुकले नियुक्ति पाउलान्। त्योबाहेक खासै ठुलो परिवर्तन केही हुनेछैन।

● नयाँ गठबन्धनको भविष्य कस्तो होला ?

यस्तै हुन्छ भन्ने कुनै विश्वास छैन। अहिले यो गठबन्धनलाई वाम एकतातिर फर्किने प्रयास भनिएको छ। तर, विगतमा पार्टी एक हुँदाकै अवस्था पनि देखिएकै हो। दैनिक झगडा, बाझाबाझ र गालीगलोज हामीले देखेसुनेकै हौं। त्यसैले, राजनीतिक सिद्धान्त र संस्कार भुलिसकेका दल र नेतृत्वको के नै भर हुन्छ र ?

प्रेरक प्रसंग

सफलताको गुरुमन्त्र

संसारकै महान् वैज्ञानिक अल्बर्ट आइन्स्टाइनसँग एकपटक एउटा केटाले सोध्यो, 'सर, आज सारा संसारमा तपाईंको नाम चर्चित छ। सबै तपाईंकै प्रशंसा गर्छन्। तपाईंलाई महान् वैज्ञानिक भनेर सम्मान गर्छन्। आखिर तपाईं कसरी यति महान् बन्नुभयो, त्यसको गुरुमन्त्र के हो ? मलाई पनि बताइदिनुहोस् न।'

सो केटाको जिज्ञासा सुनिसकेपछि आइन्स्टाइनले एक शब्दमा उत्तर दिए, 'लगन।' उनको उत्तर सुनिसकेपछि केटाले सोध्यो, 'हजुरले के भन्नुभएको हो, मैले बुझ्न सकिनँ।' आइन्स्टाइनले मुस्कुराउँदै भने, 'हेर बाबु, जब म तिम्रो उमेरको थिएँ, त्यतिखेर गणितको नाम सुन्नासाथ डराउँथे, जस्तो आज तिमी डराइरहेका छौ। गणितमा म धेरैजसो फेल नै हुन्थें। फेल भएपछि मैले निकै कठोर सजाय पनि पाउँथें, मेरा साथीहरू मभन्दा निकै जान्ने थिए। उनीहरू मेरो मजाक उडाउँथे। म मन मारेर बस्थें। एक दिन मैले सोचें, आखिर ममा कुनै कमी त छैन, फेरि पनि म किन गणितदेखि डराइरहेको छु ? बस्, त्यस दिनदेखि मैले गणितका प्रश्न समाधानका लागि बडो लगनसाथ मिहिनेत गर्न थालें। त्यस क्रममा म बारम्बार असफल भएँ।

साथीहरूले मेरो मजाक उडाए। तर, ममा एउटा यस्तो लगन थियो कि ममा जसरी भए पनि गणितका समस्या समाधान गरेरै छाड्ने धुन चढेको थियो। यही लगनको प्रतिफल हो, आज मानिसहरू मेरा सिद्धान्त अपनाउँछन्। एउटा चमत्कार यो पनि भयो कि मैले विज्ञानमा नै प्रसिद्धि हासिल गरेँ। लगन नै मेरो गुरुमन्त्र हो तिमीले पनि लगन नछोड्नू।' आइन्स्टाइनको जवाफपछि सो केटाले साँचो लगनको महत्त्व बुझ्यो, र ऊ आइन्स्टाइनलाई धन्यवाद भनेर आफ्नो बाटो लाग्यो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

जेब्रा क्रसिङ खोइ ?

राजधानी सहर काठमाडौंको चाबहिल-साँखु खण्डको मूल सडक, जहाँ दैनिक हजारौं सवारीसाधन आवतजावत गर्छन् भने सो सडकबाट दैनिक हजारौं पैदलयात्रीले बाटो काट्छन् पनि। यस्तो अत्यन्त व्यस्त सडकमा ठाउँठाउँमा रहेको जेब्रा क्रसिङ मेटिएको महिनौं भइसक्दा पनि कसैको ध्यान नजानु दुःखको विषय हो। यही बाटोबाट संघीय तथा प्रदेश सांसदले दैनिक यात्रा गर्छन्। आफ्नो राजनीतिक अभीष्टका लागि एक-अर्काप्रति दोषारोपण गरेर नथाक्ने ठूला पार्टीका 'ठूलै' नेताहरू पनि यही बाटो ओहोरदोहोर गरिरहन्छन्। स्थानीय तहमा निर्वाचित पदाधिकारी त यसै पनि यही सडकका यात्रु हुँदै हुन्। यी सबैको उदासीनता र नेपाल सरकार, सडक विभागको चरम लापर्वाही तथा सुरक्षाका लागि खटिएका ट्राफिक प्रहरीको ओठे जवाफका कारण बाटो काट्ने पैदलयात्रीले उच्च जोखिमबीच बाटो काट्नुपर्ने बाध्यता छ। सम्भावित दुर्घटनाबाट हुने क्षतिको जिम्मेवारीबोध गरी यथाशीघ्र जेब्रा क्रसिङ पुनर्निर्माणलाई गम्भीरतापूर्वक लिन सम्बन्धित सरोकारवाला पक्षको ध्यानाकर्षण होस्।

● **माधवप्रसाद पुडासैनी**, जोरपाटी, काठमाडौं

सहकारीमाथि लगाम लगाऊ

पछिल्लो समयमा एकपछि अर्को सहकारी संकटग्रस्त घोषित हुने क्रम बढेकोबढ्दै छ। यस्ता सहकारीले लाखौं सर्वसाधारणको अर्बौं निक्षेप हिनामिना गरेर निक्षेपकर्तालाई बिचल्लीमा पारेका छन्। तैपनि, सरकारले केही गरेको देखिन्न। अझै समस्या समाधान गर्न गठित समितिले दुई महिनासम्म कामै नथालेको समाचार आउँछ। के सहकारी सञ्चालकलाई जहिल्यै फुक्काफाल छाडिराख्ने हो ? के सर्वसाधारणलाई जहिल्यै लुट्न छुट दिइरहने हो ? होइन भने अविलम्ब कडाभन्दा कडा कानुन ल्याएर सहकारी सञ्चालकमाथि लगाम कस।

● **पूर्णिमा अधिकारी**
मातातीर्थ, काठमाडौं

अति भयो भ्रष्टाचार

विद्यालयका छात्रछात्राका लागि स्यानिटरी प्याड खरिदमा भ्रष्टाचार भएको भन्द्र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेको समाचार पढ्दा दुःख लाग्यो। यतिखेर यता पनि भ्रष्टाचार, उता पनि भ्रष्टाचार र जताततै भ्रष्टाचार मात्र सुनिन्छ। संघ, प्रदेश र स्थानीय सरकार सबैतिर कुनै न कुनै स्तरको भ्रष्टाचारका घटनाबाहिर आइरहेकै छन्। तर, जतिसुकै ठूला भ्रष्टाचारका घटना बाहिर आए पनि अधिकांश ठूला र माथिल्लो तहका नेता, कर्मचारी संलग्न भ्रष्टाचारका घटनाबारे बलियो छानबिन नहुनु दुःखद छ।

● **पदम शाक्य**
मंगलबजार, ललितपुर


पाइप यथाशीघ्र मर्मत गरियोस्

काठमाडौंमा मेलम्ची खानेपानी पुनः वितरण सुरु भएयता खानेपानीका लागि काकाकुल बनेका बासिन्दालाई केही राहत त अवश्यै मिलेको छ। तर, मेलम्ची खानेपानी पुनः वितरण सुरु भएदेखि नै प्रायजसो स्थानका सडकमा खानेपानीको पाइप फुटेर पानीको भेल बग्न थालेको देखिन्छ। तीन दशकभन्दा लामो समयको प्रतीक्षापछि सम्पन्न निकै महँगो परियोजनाको पानी सडकमा बगेर त्यसै खेर जानु काठमाडौंवासीका लागि अवश्य पनि दुःखको विषय हो। यसरी सडकमा पानी बग्दा सडक हिलाम्य हुँदा पैदल यात्रु तथा सवारीसाधनलाई आवतजावत गर्न असहज भइरहेको छ। त्यति मात्र होइन, पिउने पानी सडकमा त्यत्तिकै चुहिँदा, पोखिँदा खानेपानीका उपभोक्ता ग्राहक वर्गलाई पानी अपर्याप्त हुन गएको छ। त्यस्तै, सडकमा पानी चुहिएर बग्दा सडक बिग्रेर ठाउँठाउँमा खाल्डाखुल्डी भइरहेको छ। हुन त ठाउँठाउँमा खानेपानीको पाइपको मर्मत कार्य सुस्त गतिमा भइरहेको पनि देखिन्छ। तर, यस्तो सुस्त गतिले काम दिँदैन। यसर्थ, सम्बन्धित निकायले पर्याप्त जनशक्ति थप गरेर भए पनि छिटोभन्दा छिटो फुटेका पाइप मर्मत गर्नु जरुरी छ।

● **अच्युतमान सिंह प्रधान** 'उत्सुक', बालुवाटार, काठमाडौं

जलवायु शरणार्थीलाई कानुनी संरक्षण आवश्यक

विस्थापित हुन बाध्य भएका वा पहिल्यै विस्थापित भएकाको मानवअधिकार रक्षा गर्दै अनैच्छिक विस्थापन रोक्न सक्नुपर्छ



देश / विदेश

● क्रिस्टिना-लोआना ड्रागोमिर

गत वर्ष दुबईमा भएको राष्ट्रसंघीय जलवायु परिवर्तन सम्मेलन (कोप २८) मा 'जलवायु आप्रवासी' र 'जलवायु शरणार्थी' शब्दावली बैठक एवं प्यानल छलफलमा निकै चर्चाको विषय बनेको थियो। यी शब्दावलीलाई राष्ट्रसंघका उच्चपदस्थ अधिकारी, बाह्य सरोकारवाला, प्राज्ञ र अभियन्ताले जलवायु परिवर्तनका असरका सन्दर्भमा प्रयोग गरेका थिए। प्यानल छलफलमा मैले यी शब्दावलीले कानुनी मान्यता नबोक्ने जनाउँदै जलवायुका कारण विस्थापित मानिसका लागि कानुनी संरक्षण आवश्यक भएकामा जोड दिएकी थिएँ। सहभागीलाई चकित पार्ने गरी मेरो प्रश्नलाई प्यानल छलफल आयोजकले खारेज गरिदिएका थिए। मैले न्युयोर्क पुगेका इक्वेडरका शरणार्थी, पश्चिम बंगालको सुन्दरवन द्वीपमा जलवायु प्रकोपका कारण विकल्पहीन भएर लखेटिएका महिला र ब्रुकलिनमा भारी वर्षाका कारण उजाडिएका मेरै छिमेकीलाई सम्झेकी थिएँ। उल्लिखित मानिसका लागि सम्मानजनक जीवनको प्रत्याभूति गर्ने कुनै पनि अन्तर्राष्ट्रिय कानुनी संरक्षण छैन। विभिन्न टिप्पणीकार आप्रवासनको कारणका रूपमा जलवायु परिवर्तनलाई नै इंगित गर्दा मानवीय गतिशीलताको जटिलतालाई अति सरलीकरण गरिदिने जनाउँछन्। यिनका अनुसार आप्रवासनलाई जलवायुसँग जोड्दा संकटका कारक रहेका संस्थागत एवं मानवीय प्रतिक्रिया र सामाजिक अवस्थाको अवमूल्यन हुन्छ। यही जटिलताले जलवायु शरणार्थी एवं आर्थिक आप्रवासीबीचको भिन्नता छुट्याउन असम्भव हुन्छ। विडम्बना, यो तर्क सन् २०५० सम्ममा सम्भावित रूपमा एक अर्ब २० करोड मानिस जलवायु परिवर्तनसँग सम्बन्धित प्रकोपका कारण विस्थापित हुने तथ्यका बाबजुद आएको छ।

कोप २८ पछि सम्मेलनमा बारम्बार दोहोरिएका केही वाक्य मेरो मानसपटलमा गुन्जिरहे। अर्थात् 'कुनै कानुनी परिवर्तनको आवश्यकता छैन, हामीले २०१८ को ग्लोबल कम्प्याक्ट फर सेफ, अर्डर्ली, एन्ड रेगुलर माइग्रेसनजस्ता राष्ट्र संघका पहलकदमीबाट यी मामिला हेर्छौं' भनिएको थियो। ग्लोबल कम्प्याक्टले 'मानिसलाई आफ्नै देशमा शान्तिपूर्ण, उत्पादनशील र दिगो जीवन जिउन र उनीहरूको व्यक्तिगत आकांक्षा पूरा गर्न अनुकूल राजनीतिक, आर्थिक, सामाजिक र वातावरणीय अवस्था' सिर्जना गर्ने प्रतिबद्धता जनाएको छ। कम्प्याक्टले आकस्मिक र क्रमिक प्राकृतिक प्रकोपबीच बसाइँसराइका चुनौतीलाई सम्बोधन गर्न एकजुट दृष्टिकोणको आवश्यकतालाई जोड दिन्छ।

पूर्वतयारीलाई प्रक्षेपण गर्दा यी नीति जलवायु संकट र बसाइँ सर्नुपर्ने आवश्यकता सामना गर्नेलाई बलियो कानुनी मान्यता र सुरक्षा प्रदान गर्नमा उल्लेखनीय रूपमा कमजोर छन्। यसमा मैले सुक्ष्म उल्लेख गरेको उदाहरण रहेका समूह र व्यक्ति समावेश छन्। जलवायु परिवर्तनको प्रभावका कारण बसाइँसराइको स्थिति खोज्ने व्यक्तिका लागि विशेष कानुनी रूपमा परिभाषित ढाँचाको अभावले अवरोध खडा गर्छ। वातावरणीय आप्रवासनका लागि अन्तर्राष्ट्रिय कानुनी ढाँचा स्थापना गर्नुपर्छ भन्ने आह्वानलाई अप्ट्यारो सिर्जना गर्नुसँग तुलना गरिएको छ। धेरैले यसले सन् १९५१ को शरणार्थी महासन्धिको 'शरणार्थी'को कडा परिभाषालाई चुनौती दिनेछ भन्ने गर्छन्। यिनका अनुसार शरणार्थीको परिभाषामा जलवायु एवं वातावरणीय आप्रवासनलाई जोड्ने हो भने पहिल्यैदेखि कमजोर शरणार्थी अधिकारप्रतिको प्रतिबद्धता थप खस्किनेछ। उनीहरूका अनुसार शरणार्थीको पुनः परिभाषाले प्रताडना र द्वन्द्वबाट पलायन भएकाको दुर्दशालाई ओझेलमा पार्न सक्छ। यो टिप्पणीप्रति मेरो पनि समर्थन छ, तर जलवायुका



तस्बिर : रोयटर्स/रुपक दे चौधरी

कारण हुने मानवीय संकटलाई कूटनीतिक जटिलता वा सम्भावित दुष्परिणामको भयले किनारा लगाउन मिल्दैन। निःसन्देह कुनै पनि प्रताडनाको पीडा र द्वन्द्वबाट शरण खोज्नेका लागि तत्काल पहलकदमी लिइनुपर्छ, तर हामीले यी जटिलतालाई अन्तर्राष्ट्रिय सम्झौतामा पुनर्विचार गर्ने आवश्यकतालाई ओझेलमा पार्न प्रयोग गर्नुहुँदैन। अन्तर्राष्ट्रिय सम्झौताको जहिल्यै समीक्षा हुन्छ। त्यसैले, जलवायु परिवर्तनको वास्तविकताका सन्दर्भमा सम्झौतामा संशोधन गर्नुले कुनै फरक पर्नेछैन। सन् १९९२ को युएन फ्रेमवर्क कन्भेन्सन अन क्लाइमेट चेन्ज एक सय ५४ मुलुकबीच भएको पहिलो कानुनी रूपमा बाध्यकारी सन्धि हो, जसले वायुमण्डलबाट हरितगृह ग्यासलाई कम गर्ने उद्देश्य राखेको थियो। सन्धि आफ्नो उद्देश्य पूरा गर्न पूर्ण रूपमा सफल भएको छैन, तर यसले सन् २०१५ को पेरिस सम्झौताका लागि मार्ग प्रशस्त गरेको थियो। जलवायु शरणार्थीका लागि हुने कानुनी ढाँचाको सन्दर्भमा बाध्यकारी सन्धिमा तुरुन्तै संवाद नहुन सक्छ, तर जलवायु शरणार्थीमाथि अहिल्यै विचार वा पुनर्विचार आवश्यक छ।

विद्यमान शरणार्थी अवस्थाको सुरक्षा गर्दै जलवायु परिवर्तन र वातावरणीय प्रकोपको प्रभावसँग जुध्ने जोखिममा रहेका जनसंख्याको संरक्षणतर्फ समझदारीपूर्ण र दिगो मार्गको परिकल्पना गर्ने समय आएको छ। प्राज्ञ, अभियन्ता, अन्तर्राष्ट्रिय संस्था र सरकारी प्रतिनिधिका साथमा जलवायु परिवर्तनबाट प्रत्यक्ष रूपमा प्रभावितलाई एकताबद्ध गर्दै सामूहिक प्रयासको आवश्यकता छ। र, यससँगै अवधारणात्मक र कानुनी रूपमा, एक आमूल फरक दृष्टिकोण सिर्जना गर्ने प्रभावमा पुनर्विचार गर्नुपर्छ।

क्रमिक जलवायु परिवर्तनका जटिल च

नोबेल पुरस्कार विजेता युनुसलाई भविष्यकै चिन्ता

ढाका/ बंगलादेशका नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसले प्रधानमन्त्री शेख हसिना वाजेदले आफूलाई किन घृणा गर्छिन् भन्ने विषय 'लाखौँ डलरको प्रश्न' भएको बताएका छन् । प्रधानमन्त्रीले युनुसलाई राजनीतिक खतराको रूपमा हेर्ने गरेको बताइरहेका वेला उनको यस्तो भनाइ आएको हो । त्रियासी वर्षीय युनुसलाई उनको अग्रणी लघुवित्त बैंकका साथ लाखौँ मानिसलाई गरिबीबाट बाहिर निकालेको श्रेय दिइन्छ । तर, उनको लामो समयदेखि प्रधानमन्त्री शेख हसिनासँग टकराव छ ।



मुहम्मद युनुस

एउटा आपराधिक मुद्दामा उनलाई सजाय दिइएको केही सातापछि गत महिना युनुसका धेरै फर्म 'जबर्जस्ती' कब्जामा लिइएको थियो । उनका समर्थकले युनुसलाई दिइएको सजाय राजनीतिक रूपमा प्रेरित भएको बताउँदै आएका छन् । 'उहाँ मलाई खुन चुसाहा भन्नुहुन्छ, मलाई सबै फोहोर शब्दले गाली गर्नुहुन्छ,' युनुसले हसिनातर्फ लक्षित गर्दै भने, 'उहाँ मलाई किन घृणा गर्नुहुन्छ ?' उनी प्रश्न गर्छन् ।

जनवरीमा युनुस र उनका तीन सहयोगीलाई श्रम कानुनको उल्लंघन गरेको आरोपमा ६ महिना कारागार सजाय सुनाइएको थियो । चारैजनाले ती आरोप अस्वीकार गरेका छन् । पुनरावेदन विचाराधीन रहेसम्म जमानत दिइएको छ । श्रम कानुनको उल्लंघन र कथित भ्रष्टाचारको आरोपमा एक सयभन्दा धेरै अन्य आरोपको सामना गरिरहेका युनुसले आफ्ना कम्पनी जबर्जस्ती अधिग्रहण गर्नु लोकतन्त्रको अभाव भएको बताउँछन् । 'मविरुद्ध लगाइएका मुद्दा कमजोर आधारमा बनाइएका हुन्,' गत साता राजधानी ढाकामा एक अन्तर्वार्तामा उनले भने, 'म यसका लागि कुनै कानुनी आधार देख्दिनँ, सम्भवतः यो राजनीतिक रूपमा प्रेरित हो ।'

अमेरिकाका पूर्वराष्ट्रपति बाराक ओबामा र संयुक्त राष्ट्रसंघका पूर्वमहासचिव बान कि मुनसहित करिब एक सय ६० वैश्विक हस्तीहरूले गत वर्ष एक संयुक्त पत्र प्रकाशित गर्दै युनुसको 'निरन्तर न्यायिक उत्पीडन'को निन्दा गरेका थिए । सयभन्दा धेरै नोबेल पुरस्कार विजेता साथीसहित हस्ताक्षरकर्ताले 'युनुसको सुरक्षा'बारे चिन्ता व्यक्त गरेका थिए ।

विपक्षीहरूको व्यापक बहिष्कार र राजनीतिक विरोधीमाथि कारबाहीसँगै जनवरीमा भएको आमनिर्वाचनमा ७६ वर्षीया हसिना लगातार चौथोपटक विजयी भएकी थिइन् । सन् २००७ मा युनुसले दशकौँदेखि हसिना र उनका प्रतिद्वन्द्वी खालिदा जियाको प्रभुत्वमा रहेको राजनीतिमा तेस्रो विकल्प प्रस्तुत गर्न 'नागरिक शक्ति' आन्दोलन सुरु गरेका थिए । तर, सत्ता संघर्ष र झगडाका प्रतिद्वन्द्वीले आफूलाई निराश बनाएपछि उनले राजनीतिबाट पछि हटेको बताए । 'म कुनै राजनीतिक व्यक्ति होइन, मैले त्यस्तो गर्दिनँ, त्यसैले मैले कुनै राजनीतिक दल खोल्न गइरहेको छैन भनेर तुरुन्त घोषणा गरेँ,' उनले भने ।

इतिहासमा आज



सन् १९७० : आणविक अप्रसार सन्धि लागू । यो सन्धिको पहलकदमी अणविक शक्ति सम्पन्न मुलुक चीन, रुस, बेलायत, अमेरिका र फ्रान्सले सन् १९६८ बाट लिएका थिए । यो सन्धिलाई अहिलेसम्म विश्वका एक सय ९० मुलुकले अनुमोदन गरिसकेका छन् ।

सन् १०६४ : फारसी विद्वान् नासेर खुस्रोबाट मध्यपूर्वको सातवर्षे यात्राको सुरुवात । यस यात्राबारे उनले आफ्नो पुस्तक सफरनामामा वर्णन गरेका छन् ।

सन् १६१६ : निकोलस कोपर्निकसको क्रान्तिकारी पुस्तक 'डी रिभोलुसनिबस ओरबिअम क्वयलेस्टिअम'लाई क्याथोलिक चर्चले प्रतिबन्ध लगायो । यो पुस्तकमा कोपर्निकसले पृथ्वीले सूर्यको परिक्रमा गर्ने दाबी गरेका थिए ।

सन् १९५६ : अमेरिकाको सर्वोच्च अदालतले सरकारी विद्यालय, कलेज र विश्वविद्यालयमा जातीय विभेदमाथि प्रतिबन्ध लगायो ।

सन् १९६० : अल्बेर्टो कोर्डाले क्रान्तिकारी चे ग्वेभेराको चर्चित तस्बिर खिचेको दिन । गुयरिलेरो हिरोईको नाम दिइएको यो तस्बिर ला क्युब्रे विस्फोटनका पीडितको सम्झनामा आयोजित स्मृतिसभामा खिचिएको थियो ।

धितोमा रहेको चल/अचल सम्पत्ति बोलपत्र मार्फत लिलाम बिक्री गरिने ३५ (पैतिस) दिने सार्वजनिक सूचना

प्रकाशित मितिः २०८०/११/२२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिका

साविकको जिएमई बचत तथा ऋण सहकारी संस्था लिमिटेड (एकिकरण पश्चात यस आईएमई कोअपरेटिभ सर्भिस लिमिटेडको सेवाकेन्द्र कार्यालय लैनचौर काठमाण्डौं) बाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको सावाँ ब्याज संस्थासँग गर्नु भएको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक/पटक मौखिक, लिखित पत्राचार तथा एसएमएस बाट बारम्बार तारताकेता गर्दा समेत बेवास्ता गरी ऋण/कर्जा भुक्तान नगर्नु भएकोले राष्ट्रिय दैनिक पत्रिकामा ऋणको सावाँ ब्याज चुक्ता/भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जाको सावाँ ब्याज भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भई ऋण लिदाँको बखत गर्नु भएको सम्पुर्ण शर्त/बन्देज तथा सम्झौताहरु उलंघन गर्नु भएकोले सो ऋण लिदाँको बखत सुरक्षण बापत धितो लेखी दिएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ, सोहि अवस्थामा नै प्रचलित कानुनको अधिनमा रहि बोलपत्र मार्फत लिलाम बिक्री गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गर्नको लागि **३५ (पैतिस) दिने लिलाम सम्बन्धि सूचना** प्रकाशित गरिएको छ । धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति शिलबन्दी बोलपत्र मार्फत खरिद गरिलिनु हुन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य सघं संस्थाले यो सूचना प्रकाशित भएको ३५ (पैतिस) दिन (सो दिन सार्वजनिक बिदा परेमा, बिदा पश्चात् कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्त/बन्देजको अधिनमा रहि, रितपूर्वक बोलपत्र फारम भरि यस संस्थाको केन्द्रिय कार्यालय कान्तिपथ काठमाण्डौको कर्जा असुलि विभागमा आइपुग्ने गरी बोलपत्र पेश गर्न आह्वान गरिन्छ । साथै लिलाम प्रक्रिया बाट धितोमा रहेको तपसिल बमोजिमको चल/अचल सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री गर्दा संस्थाको सम्पुर्ण लेना रकम असुल उपर हुन नसकेमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस संस्थाको संसोधित कर्जा असुली नियमावली २०७९ र अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी ऋणी एवं जमानीकर्ताको अन्य चल/अचल सम्पत्ति/जायजेथा समेत खोज तलास गरी असुल हुन बाँकी रहेको लेना रकम सो सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, जमानीकर्ता तथा धितो सुरक्षण दिनुहुने व्यक्तिलाई कर्जा सूचना केन्द्रको कालो सूचिमा सुचिकृत गराउनको लागि सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

तपसिल

१. ऋणी तथा व्यक्तिगत धनजमानिकर्ताको नाम र ठेगाना

ऋणी : श्री मित्रानन्द उपाध्याय ज्ञवाली
बाबु : खगराज उपाध्याय ज्ञवाली
बाजे : प्रजापति ज्ञवाली
ना.प्र.नं. : ८६२१३७४२
जारी मिति : २०४२/०६/०८ (बर्दिया)
ठेगाना : कन्चनपुर जिल्ला श्रीपुर गा.वि.स.वडा नं. ०५ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला टोखा न.पा वडा नं. ३, बस्ने ।



व्यक्तिगत धनजमानिकर्ता : श्री दिपा उपाध्याय ज्ञवाली
पति : मित्रानन्द उपाध्याय ज्ञवाली
ससुरा : खगराज उपाध्याय ज्ञवाली
ना.प्र.नं. : ३६५७४
जारी मिति : २०६२/११/२९ (बर्दिया)
ठेगाना : बर्दिया जिल्ला सानोश्रीतारातल न.पा.वडा नं. ०१ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला टोखा न.पा वडा नं. ३, बस्ने ।



व्यक्तिगत धनजमानिकर्ता : श्री विश्व ज्ञवाली
बाबु : मित्रानन्द उपाध्याय ज्ञवाली
बाजे : खगराज उपाध्याय ज्ञवाली
ना.प्र.नं. : ६५-०१-७२-०३६७५
जारी मिति : २०७२/०७/१५ (बर्दिया)
ठेगाना : बर्दिया जिल्ला सानोश्रीतारातल न.पा.वडा नं. ०१ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला टोखा न.पा वडा नं. ३, बस्ने ।



व्यक्तिगत धनजमानिकर्ता : श्री मेनुका बस्नेत
पति : विश्व ज्ञवाली
ससुरा : मित्रानन्द उपाध्याय ज्ञवाली
ना.प्र.नं. : ६५-०१-७१-०३४००
जारी मिति : २०७१/०६/२७ (बर्दिया)
ठेगाना : बर्दिया जिल्ला गुलरिया न.पा.वडा नं. ०१ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला सानोश्रीतारातल न.पा.वडा नं. ०१ ठेगाना भएकी ।



धितोको विवरण

❖ दिपा उपाध्याय ज्ञवालीको नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता श्रेष्ठा कायम रहेको ललितपुर जिल्ला झरुवारासी गा.वि.स.वडा नं. ५ सिट नं.५क स्थित कित्ता नं.८२, ४७७ र ४७८ को क्षेत्रफल क्रमश ५०८.७४ ब.मी., २६४.२६ ब.मी र २६४.२६ ब.मी गरी जम्मा क्षेत्रफल १०३७.२६ बर्गमिटरको पुरा जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

२. ऋणी तथा व्यक्तिगत धनजमानिकर्ताको नाम र ठेगाना

ऋणी : श्री दिपा उपाध्याय ज्ञवाली
पति : मित्रानन्द उपाध्याय ज्ञवाली
ससुरा : खगराज उपाध्याय ज्ञवाली
ना.प्र.नं. : ३६५७४
जारी मिति : २०६२/११/२९ (बर्दिया)
ठेगाना : बर्दिया जिल्ला सानोश्रीतारातल न.पा.वडा नं. ०१ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला टोखा न.पा वडा नं. ३, बस्ने ।



व्यक्तिगत धनजमानिकर्ता : श्री मित्रानन्द उपाध्याय ज्ञवाली
बाबु : खगराज उपाध्याय ज्ञवाली
बाजे : प्रजापति ज्ञवाली
ना.प्र.नं. : ८६२१३७४२
जारी मिति : २०४२/०६/०८ (बर्दिया)
ठेगाना : कन्चनपुर जिल्ला श्रीपुर गा.वि.स.वडा नं. ०५ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला टोखा न.पा वडा नं. ३, बस्ने ।



व्यक्तिगत धनजमानिकर्ता: श्री विश्व ज्ञवाली
बाबु : मित्रानन्द उपाध्याय ज्ञवाली
बाजे : खगराज उपाध्याय ज्ञवाली
ना.प्र.नं. : ६५-०१-७२-०३६७५
जारी मिति : २०७२/०७/१५ (बर्दिया)
ठेगाना : बर्दिया जिल्ला सानोश्रीतारातल न.पा.वडा नं. ०१ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला टोखा न.पा वडा नं. ३, बस्ने



व्यक्तिगत धनजमानिकर्ता : श्री मेनुका बस्नेत
पति : विश्व ज्ञवाली
ससुरा : मित्रानन्द उपाध्याय ज्ञवाली
ना.प्र.नं. : ६५-०१-७१-०३४००
जारी मिति : २०७१/०६/२७ (बर्दिया)
ठेगाना : बर्दिया जिल्ला गुलरिया न.पा.वडा नं. ०१ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला सानोश्रीतारातल न.पा.वडा नं. ०१ ठेगाना भएकी ।



धितोको विवरण

❖ दिपा उपाध्याय ज्ञवालीको नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता श्रेष्ठा कायम रहेको ललितपुर जिल्ला झरुवारासी गा.वि.स.वडा नं. ५ सिट नं.५क स्थित कित्ता नं.४७९ र १०० को क्षेत्रफल क्रमश ४८८.७८ ब.मी. र ५०८.७४ ब.मी गरी जम्मा क्षेत्रफल ९९७.५२ बर्गमिटरको पुरा जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

लिलाम बिक्री सम्बन्धि अन्य शर्त र बन्देजहरु

१. लिलाम बिक्री सम्बन्धि शर्त/बन्देज सहितको बोलपत्र फारम यस संस्थाको केन्द्रिय कार्यालय कान्तिपथ काठमाण्डौको ऋण/कर्जा असुली विभाग वा यस संस्थाको सेवा केन्द्र कार्यालयहरु बाट रु. १०००/- (फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ ।
२. लिलाम बिक्री सम्बन्धि सम्पुर्ण शर्त/बन्देजहरु बोलपत्र फारमको सि.नं. १ देखि १५ सम्म उल्लेख भए अनुसार नै हुनेछ ।
३. बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्विकृत गर्ने सम्बन्धि सम्पुर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
४. लिलाम हुने सम्पत्ति निरिक्षण अवलोकन गर्न र लिलाम सम्बन्धि विस्तृत जानकारी लिन आवश्यक ठानेमा केन्द्रिय कार्यालय कान्तिपथ, काठमाण्डौं वा सेवाकेन्द्र कार्यालयहरुमा सम्पर्क राख्न सकिनेछ ।
५ बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिउँसो ठिक ३:०० बजे बोलपत्र खोलिने हुँदा ऋणी जमानतकर्ता, धितो सुरक्षण दिनुहुने व्यक्ति, बोलपत्रदाता तथा सम्बन्धित सबैलाई केन्द्रिय कार्यालय कान्तिपथ, काठमाण्डौंमा उपस्थित हुनको लागि समेत जानकारी गराइन्छ ।
६. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा (बिदा पश्चात् कार्यालय खुलेको दिन) सोहि समयमा नै बोलपत्र खोलिनेछ ।
७. बोलपत्र फारममा उल्लेखित अन्य सम्पुर्ण शर्त लागु हुनेछ ।
८. संस्थाले चाहेको खण्डमा लिलाम मिति थपघट गर्न सक्ने छ ।

पुनश्चः उल्लेखित धितो लेखिदिएको सम्पत्ती लिलाम बिक्री गर्दा वा संस्थाले आफै सकार गर्दा साविकमा संस्थाबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तीको उचित मुल्य प्राप्त नभै कम मुल्यमा लिलाम बिक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कहि कतै उजुरबाजुर गर्न पाउनुहुने छैन ।

बोलपत्र पेश गर्ने अन्तिम मिति र समय
२०८०/१२/२६ गते कार्यालय समय सम्म

बोलपत्र खोलिने मिति, समय र स्थान
२०८०/१२/२७ गते मंगलबार केन्द्रिय कार्यालय कान्तिपथ काठमाण्डौं दिउँसो ३ बजे

नेपाल सरकार सावित्र डिभिजन सहकारी कार्यालय हालः सहकारी विभागबाट इजाजत प्राप्त संस्था

IME Co-operative Service Ltd.
आईएमई को अपरेटिभ सर्भिस लि.
Kantipath, Kathmandu, Nepal
01-5329601 01-5339602 01-5339603
info@imecsl.com www.imecsl.com

Biratnagar : 021-514540
Nepalgunj: 081-532708
Itahari: 025-590109
Satdobato: 01-5151169
Airport: 01-5903500
Pokhara : 061-541683
Narayanghad : 056-598864
Ghorahi : 082-561717
Newroad : 01-5351581
Lahan : 033-565184
Gongabu : 01-4964761
Butwal : 071-546585
Dhangadhi : 091-590581
Lainchaur : 01-4443096
Baglung : 068-524280

Mukhiyapatti Musaharniya Rural Municipality
Office of the Rural Municipality Executive
Tulsiyahi Jabdi, Dhanusha

Lettr of Intent

Date: Sun Mar 03 18:37:34 NPT 2024

To
Kesharichand Bhanwarlall and Company Pvt. Ltd
Ward-5, Biratnagar, Morang, Biratnagar Metropolitian City ,Nepal

Subject: Issuance of letter of intent to award the contract MMRM/080/081/5

This is to notify you that, it is our intention to award the contract for execution of the **"Supply and Delivery of Backhoe Loader"** to you as your bid price **4490000.00 NRs**, as corrected and modified in accordance with the Instructions to Bidders is hereby selected as substantially responsive lowest evaluated bid.

Sawan Kumar Chaudhary
Chief Administration Officer

रिलायन्स फाइनान्स लि. को कर्जा चुक्ता गर्ने तथा धितोमा रहेका अचल सम्पतिको लिलाम बिक्रिका लागि ७ दिने शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मितिः २०८०/११/२२)

यस वित्तीय संस्थाबाट कर्जा कारोबार गर्ने तपशिल बमोजिमको विवरणका ऋणीले यस वित्तीय संस्थासंगका शर्त कबुलियत लिखत बमोजिम कर्जा नतीरी नबुझाई बक्यौता राख्नु भएकोले पटक पटक लिखित, मौखिक तर ताकेता एवं सार्वजनिक पत्रिकामा सूचना प्रकाशित गर्दा समेत कर्जा हिसाव फरफारक नगरेकोले यो सुचना प्रकाशीत गरीएको छ । यो सुचना प्रकाशित गरेको मितिले ७ दिन भित्र कर्जा हिसाव फरफारक गर्न गराउन ऋणी, धितो दिने र व्यक्तिगत धन जमानी दिने समेतलाई यसै सुचनाद्वारा सुचित गरिन्छ । उक्त म्याद भित्र पनी कर्जा हिसाव राफसाफ नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३ ले दिएको अधिकार तथा ऋणी संगका कानुनी लिखतका आधारमा सो कर्जा बापत राखेको धितो जायजेथा लिलाम बिक्री गरि लेना असुल उपर गरीने र सो बाट नपुग भएमा ऋणी र धितो जमानी दिनेको अन्य जायजेथा समेतबाट असुल उपर गर्न आवश्यक कानुनी कार्यवाही अगाडी बढाइने व्यहोरा समेत सुचित गरिन्छ । साथै ऋणी व्यक्तीगत धन जमानीकर्ता तथा धितो जमानत दिनेलाई समेत कर्जा सुचना केन्द्रको कालो सुचिमा राख्नका लागी लेखि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ । ऋणीले सो म्यादमा कर्जा हिसाव राफसाफ नगरेमा लेखाई दिएको तपशिल बमोजिमको जायजेथा ८औं दिनमा लिलाम बिक्री गरिने हुनाले यो सूचना प्रकाशित भएको ७ दिन भित्र तपशिलका शर्तका अधिनमा आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी पेश गर्न हुन समेत सर्वसाधारणमा आह्वान गर्दछौं । सो जेथा लिलाम बिक्री नभएमा वित्तीय संस्था आफैले सकार गरि लिन सक्नेछ ।

शाखा कार्यालयः महेन्द्रपुल, पोखरा — **तपसिल**

ऋणीको विवरण	धितोको विवरण	व्यक्तिगत धन जमानी दिनेको विवरण
नामः सिता श्रेष्ठ ठेगानाः पो.म.न.पा.-२, कास्की बुवाः मोहनलाल श्रेष्ठ श्रीमान्: इश्वर श्रेष्ठ कर्जा शिर्षकः आवास कर्जा	सिता श्रेष्ठको नाममा दर्ता रहेको चितवन जिल्ला जगतपुर वडा नं. २ स्थित कित्ता नं. २३१४ र २३११ को क्षेत्रफल १६९.२५ ब.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	**इश्वर श्रेष्ठ** ठेगानाः पो.म.न.पा.-२, कास्की बुवाः शिव बहादुर श्रेष्ठ बाजेः रत्नमान श्रेष्ठ

शिलबन्दी बोलपत्र सम्बन्धि शर्तहरुः १. शिलबन्दी बोलपत्र आह्वान सुचना प्रकाशित भएको मितिले ८ औं दिनमा सरकारी प्रतिनिधिको रोहवरमा अपरान्ह २ बजे संस्थाको शाखा कार्यालय महेन्द्रपुल, पोखरामा हुनेछ, सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट हुनेछ । २. खरिद गरि लिन चाहेको उल्लेखित सम्पत्ति के कति रकममा खरिद गरि लिन चाहेको हो, सो रकम अङ्क तथा अक्षरमा स्पष्ट हुनुपर्ने छ । आफुले कबोल गरेको रकमको घटिमा १० प्रतिशत रकम धरौटी स्वरुप संस्थाको नामको प्रभु बैंक लि कोटेश्वर शाखाको चल्ती खाता नं. ०१७००१७८१२४०००२६ मा जम्मा गरि सो को सक्कल भौचर बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्ने छ । ३. बोलपत्रवालाको नागरिकताको प्रतिलिपी बोलपत्र साथ समावेश हुनुपर्ने छ । ४. बोलपत्र खोलिने दिन बोलपत्र दाता स्वयं वा निजको आधिकारिक प्रतिनिधि तोकिएको समय भित्र नै उपस्थित हुन यसै सुचनाद्वारा जानकारी गराइन्छ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा नपर्ने र सो खोलिएको बोलपत्र उपर पछि कुनै किसीमको दावी तथा उजुरी लाग्ने छैन । बोलपत्र रित नपुगी आएका तथा शर्त राखी दिएको बोलपत्र उपर कुने कारवाहि गरिने छैन । ५. बोलपत्रमा कबुल अंकमा सो जेथा बिक्री गर्ने नगर्ने अधिकार यस वित्तीय संस्थालाई हुनेछ । ६. कबुल अंकमा सो जेथा बिक्री गर्ने निर्णय भएमा धरौटी रकम बाहेक बांकी रकम संस्थाले तोकेको समयमा संस्थामा दाखिला गरि जेथा दाखेल खारेज गरि लान सकिनेछ । ७. बोलपत्र अस्वीकृत भएमा धरौटी फिर्ता गरिनेछ । बोलपत्र स्वीकृत भै सुचना गरीएमा सुचना गरेको मितिमा रकम दाखिला गरि जेथा दा.खा. गरि नलिएमा धरौटी जफत गरिनेछ । ८. सो जेथा दा.खा. गर्दा लाग्ने राजश्व र अन्य खर्च बोलपत्रवालाले व्यहोर्नु पर्नेछ । ९. विस्तृत जानकारीका लागि वित्तीय संस्थामा सम्पर्क राख्न सकिनेछ ।

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड
Head Office: Reliance Bhawan, Kamaladi, Kathmandu
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167
Branch Office: Mahendrapool, Pokhara. Tel: 061 580983, 573581
info@reliancenepal.com.np | www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्सः +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्सः +९७७-०१-४२६७०६७५

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र मिति २०८०/११/१२ को राष्ट्रिय स्तरको दैनिक पत्रिका "नागरिक"मा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५२ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण		
७)	१) नेपाल सरकार, उद्योग मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, सुर्खेतमा प्रा.फ.र.नं. १६१२/०५७/०६८, स्थानिय व्यापार अन्तर्गत मिति २०५७/०९/०८ मा प्राईमेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम दर्ता भएको सुर्खेत जिल्ला, लाटिकोइली गा.वि.स. वडा नं. ८ स्थित **अर्जुन ट्रेडर्स एण्ड सप्लायर्स** **प्रोप्राईटर तथा जमानीकर्ता: अर्जुन जंगा शाही**	**२) अर्जुन जंगा शाही** स्थायी ठेगाना : सुर्खेत जिल्ला, लाटिकोइली गा.वि.स. वडा नं. ८ हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ९ बाबु : प्रेम बहादुर शाही बाजे : हस्त बहादुर शाही	**३) चमुना वि.सी. (शाही)** स्थायी ठेगानाः सुर्खेत जिल्ला, लाटिकोइली गा.वि.स. वडा नं. ८ हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ९ बाबु : रुपलाल बुढाथोकी क्षेत्री ससुरा : प्रेम बहादुर शाही पति : अर्जुन जंगा शाही

धितोको विवरण

१) हस्त बहादुर शाहीको नाति, प्रेम बहादुर शाहीको छोरा, सुर्खेत जिल्ला, लाटिकोइली गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ९ बस्ने अर्जुन जंगा शाहीको नाममा मालपोत कार्यालय सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटिकोइली गा.वि.स. वडा नं. ७ क स्थित कित्ता नं. १३१४, २८९८, २८९९, २८२० र २८२१ को क्षेत्रफल क्रमशः ०-०-१३-१, ०-०-९-२, ०-०-९-०, ०-०-१०$^{१/२}$ र ०-०-११ (विगाह) को घरजग्गा र कित्ता नं. ६६७ को क्षेत्रफल १८६.२३ (व.मी.) को जग्गा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) अर्जुन ट्रेडर्स एण्ड सप्लायर्स को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) अर्जुन जंगा शाही	२) चमुना वि.सी. (शाही)
स्थायी ठेगाना : सुर्खेत जिल्ला, लाटिकोइली गा.वि.स. वडा नं. ८ हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ९ बाबु : प्रेम बहादुर शाही बाजे : हस्त बहादुर शाही	स्थायी ठेगाना : सुर्खेत जिल्ला, लाटिकोइली गा.वि.स. वडा नं. ८ हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ९ बाबु : रुपलाल बुढाथोकी क्षेत्री ससुरा : प्रेम बहादुर शाही पति : अर्जुन जंगा शाही

नोटः ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरुः
१) बोलपत्र सबबन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा क

NIC ASIA Laghubitta Bittiya Sanstha Ltd.
एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि.

('नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था, राष्ट्रियस्तर कार्यक्षेत्र भएको')

कर्पोरेट कार्यालय, बनेपा फोन नं. : +९७७-०११-६६००३४

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आह्वान सम्बन्धी १५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/११/२२ (नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकाबाट प्रकाशित)

यस एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेडबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋण कर्जा एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेडसँगको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तारताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेको र मिति २०८०/०७/२० को "नयाँ पत्रिका", २०८०/०४/३१ को "बुटवल टुडे, २०८०/०९/१२ को "मेचीकाली सन्देश", २०८०/०२/३१ को "नयाँ युगबोध", २०८०/०४/१५ को "बुटवल टुडे" र २०८०/०५/०७ को को "नयाँ पत्रिका" राष्ट्रिय दैनिक पत्रिकामा ऋण चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋण कर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी ऋणीले एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेडसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा प्रचलित कानुनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेडको लेना रकम असुल उपर गर्नको लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्रौं) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यलय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेडको कर्जा असुली विभाग बनेपामा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ। साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेडले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली २०५९, तथा प्रचलित कानुनबमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा जानकारी गराउदै ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रमा कालो सूचीको लागि सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

क्र.सं.१ — शाखा कार्यालय : जोशीपुर, कैलाली

ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण	
बावुरानी देवी थारू (ऋणी) ना.प्र.नं. : ६४२ जारी मिति/जिल्ला : २०६३/१२/२०, कैलाली स्थायी ठेगाना : जानकीनगर गा.वि.स. वडा नं. ०३, कैलाली हालको ठेगाना : जोशीपुर गा.पा. वडा नं. ०४, कैलाली पति : राम बहादुर थारू ससुरा : हिगु डगौरा थारू पिता : ठग्गु डगौरा	**१) राम बहादुर थारु (धितोधनी तथा जमानीकर्ता)** ना.प्र.नं. : ५४६ जारी मिति/जारी जिल्ला : २०६३/१२/२०, कैलाली स्थायी ठेगाना : जानकीनगर गा.वि.स. वडा नं. ०३, कैलाली हालको ठेगाना : जोशीपुर गा.पा. वडा नं. ०४, कैलाली पिता : हिगु डगौरा थारू बाजे : महाविर डगौरा थारू	**२) प्रशुराम चौधरी (जमानीकर्ता)** ना.प्र.नं. : १३४२८ जारी मिति/जारी जिल्ला : २०६१/०१/१६, कैलाली स्थायी ठेगाना : बौनिया गा.वि.स. वडा नं. ०१, कैलाली हालको ठेगाना : जोशीपुर गा.पा. वडा नं. ०४, कैलाली पिता : राम बहादुर डगौरा बाजे : राम विहारी डगौरा

धितोको विवरण

श्री महाविर डगौरा थारूको नाति, श्री हिगु डगौरा थारूको छोरा, कैलाली जिल्ला, जानकीनगर गा.वि.स. वडा नं. ०३ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, जोशीपुर गा.पा. वडा नं. ०४ बस्ने **श्री राम बहादुर थारूको** नाममा मालपोत कार्यालय कैलालीको लगतमा दर्ता कायम रहेको कैलाली जिल्ला जानकीनगर गा.वि.स.वडा नं. ०३ स्थित कित्ता नं. ६५९ र ६५७ को क्षेत्रफल क्रमशः १६२५.४७ र ८८०.४६ गरी जम्मा २५०५.९३ वर्गमिटरको जग्गा, सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पुर्ण लिगलगापात समेत।

क्र.सं.२ — शाखा कार्यालय : जोशीपुर, कैलाली

ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण	
लौटी देवी डगौरा (ऋणी) ना.प्र.नं. : ६६०/७०९ जारी जिल्ला : कैलाली स्थायी ठेगाना : जोशीपुर गा.पा. वडा नं. ०३, कैलाली हालको ठेगाना : जोशीपुर गा.पा. वडा नं. ०३, कैलाली पति : बावुराम डगौरा ससुरा : छटक बहादुर डगौरा पिता : जंग बहादुर	**१) बावुराम डगौरा थारू (धितोधनी तथा जमानीकर्ता)** ना.प्र.नं. : २९९६ जारी मिति/जारी जिल्ला : २०३९/०८/०६, कैलाली स्थायी ठेगाना : जोशीपुर गा.वि.स. वडा नं. ०१, कैलाली हालको ठेगाना : जोशीपुर गा.पा. वडा नं. ०३, कैलाली पिता : छटक बहादुर डगौरा बाजे : सम्पतराम डगौरा	**२) नारायण प्रसाद डगौरा (जमानीकर्ता)** ना.प्र.नं. : ६७२०३९-६५७७ जारी मिति/जारी जिल्ला : २०६५/०६/१०, कैलाली स्थायी ठेगाना : जोशीपुर गा.पा. वडा नं. ०३, कैलाली हालको ठेगाना : जोशीपुर गा.पा. वडा नं. ०३, कैलाली पिता : बावुराम डगौरा बाजे : छटक बहादुर डगौरा

धितोको विवरण

श्री सम्पतराम डगौराको नाति, श्री छटक बहादुर डगौराको छोरा, कैलाली जिल्ला, जोशीपुर गा.वि.स. वडा नं. ०१, स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, जोशीपुर गा.पा. वडा नं. ०३ बस्ने **श्री बावुराम डगौराको** नाममा मालपोत कार्यालय कैलालीको लगतमा दर्ता कायम रहेको कैलाली जिल्ला लालपुरवाणी गा.वि.स. वडा नं. ०१ स्थित कित्ता नं. ५४९, ७३३ र ८५९ को क्षेत्रफल क्रमशः १४८९.७७, ७६१.८१ र ३०४.७८ गरी जम्मा २५५६.३६ वर्गमिटरको जग्गा, सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पुर्ण लिगलगापात समेत।

क्र.सं.३ — शाखा कार्यालय : जोशीपुर, कैलाली

ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण	
मोहन सिंह परियार(दमाई) (ऋणी) ना.प्र.नं. : ६७२०३४/२६६६८ जारी मिति/जिल्ला : २०६९/०८/०७, कैलाली स्थायी ठेगाना : बौनिया गा.वि.स.वडा नं.०७, कैलाली हालको ठेगाना : जोशीपुर गा.पा.वडा नं.०७, कैलाली पिता : धौरे दमाई बाजे : नारे दमाई	**१) देउकला देवी परियार (जमानीकर्ता)** ना.प्र.नं. : ६७-०२-७५-०७५५५ जारी मिति/जारी जिल्ला : २०७५/०९/१९, कैलाली स्थायी ठेगाना : जोशीपुर गा.पा.वडा नं.०७, कैलाली हालको ठेगाना : जोशीपुर गा.पा.वडा नं.०७, कैलाली पति : मिन बहादुर परियार ससुरा : तारे परियार पिता : गोपी दमाई	**२) यशोदा देवी परियार (जमानीकर्ता)** ना.प्र.नं. : ६७१२०६९/००६८९ जारी मिति/जारी जिल्ला : २०६९/०८/१९, कैलाली स्थायी ठेगाना : बौनिया गा.वि.स.वडा नं.०७, कैलाली हालको ठेगाना : जोशीपुर गा.पा.वडा नं.०७, कैलाली पति : मोहन सिंह परियार(दमाई) ससुरा : धौरे दमाई पिता : कूल्ले दमाई

धितोको विवरण

श्री नारे दमाईको नाति, श्र धौरे दमाईको छोरा, कैलाली जिल्ला, बौनिया गा.वि.स.वडा नं.०७, स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, जोशीपुर गा.पा.वडा नं.०७, बस्ने **श्री मोहन सिंह परियार (दमाई)को** नाममा मालपोत कार्यालय कैलालीको लगतमा दर्ता कायम रहेको कैलाली जिल्ला सिमरी गा.वि.स.वडा नं.०७ स्थित कित्ता नं. ११६० को क्षेत्रफल १०१५.९२ वर्गमिटरको जग्गा, सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पुर्ण लिगलगापात समेत।

क्र.सं.४ — शाखा कार्यालय : जोशीपुर, कैलाली

ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण		
राज कुमारी चौधरी (ऋणी) ना.प्र.नं. : ६७-०२-७५-०४९९८ जारी मिति/जिल्ला : २०७५/०६/०४, कैलाली स्थायी ठेगाना : जोशीपुर गा.पा.वडा नं.०४, कैलाली हालको ठेगाना : जोशीपुर गा.पा.वडा नं.०४, कैलाली पति : सर्जुन चौधरी ससुरा : नर बहादुर डगौरा पिता : सिताराम चौधरी	**१) नर बहादुर डगौरा (धितोधनी तथा जमानीकर्ता)** ना.प्र.नं. : २०३ जारी मिति/जारी जिल्ला : २०४५/०२/१५, कैलाली स्थायी ठेगाना : बौनिया गा.वि.स.वडा नं.०१, कैलाली हालको ठेगाना : जोशीपुर गा.पा.वडा नं.०४, कैलाली पिता : रामलाल डगौरा बाजे : चिन्कुराम डगौरा	**२) सर्जुन चौधरी (जमानीकर्ता)** ना.प्र.नं. : ६७२०३४/४२३७१ जारी मिति/जारी जिल्ला : २०७१/०२/२०, कैलाली स्थायी ठेगाना : बौनिया गा.वि.स.वडा नं.०१, कैलाली हालको ठेगाना : जोशीपुर गा.पा.वडा नं.०४, कैलाली पिता : नर बहादुर चौधरी बाजे : रामलाल डगौरा	**३) पुरन प्रसाद डगौरा (जमानीकर्ता)** ना.प्र.नं. : १३०३/१५१ जारी मिति/जारी जिल्ला : २०५६/११/०१, कैलाली स्थायी ठेगाना : बौनिया गा.वि.स.वडा नं.०१, कैलाली हालको ठेगाना : जोशीपुर गा.पा.वडा नं.०४, कैलाली पिता : रोगाही डगौरा बाजे : दरवारी डगौरा

धितोको विवरण

श्री चिन्कुराम डगौराको नाति, श्री रामलाल डगौराको छोरा, कैलाली जिल्ला, बौनिया गा.वि.स.वडा नं.०१, स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, जोशीपुर गा.पा.वडा नं.०४, बस्ने **श्री नर बहादुर डगौराको** नाममा मालपोत कार्यालय कैलालीको लगतमा दर्ता कायम रहेको कैलाली जिल्ला सिमराना गा.वि.स.वडा नं.०४ स्थित कित्ता नं. ७८२ को क्षेत्रफल ४८४१.२७ वर्गमिटरको जग्गा, सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पुर्ण लिगलगापात समेत।

क्र.सं.५ — शाखा कार्यालय : लौण्डीहवा, रुपन्देही

ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण	
अनिता बढई (ऋणी) ना.प्र.नं. : ३७१०४०/१५९९१ जारी मिति/जिल्ला : २०६९/०६/०१, रुपन्देही स्थायी ठेगाना : विष्णुपुरा गा.वि.स. वडा नं. ०८, रुपन्देही हालको ठेगाना : गैडहवा गा.पा. वडा नं. ०३, रुपन्देही पति : वीरमान बढई ससुरा : पारस नाथ बढई पिता : प्रेम चन्द्र बढई	**१) बीरमान बढई (जमानीकर्ता)** ना.प्र.नं. : १७७९६ जारी मिति/जिल्ला : २०६१/०९/२६, रुपन्देही स्थायी ठेगाना : विष्णुपुरा गा.वि.स. वडा नं. ०३, रुपन्देही हालको ठेगाना : गैडहवा गा.पा. वडा नं. ०३, रुपन्देही पिता : पारस नाथ बढई बाजे : पियारे बढई	**२) पारस नाथ बढई (धितोधनी तथा जमानीकर्ता)** ना.प्र.नं. : ५/४०३ जारी मिति/जिल्ला : २०४४/१०/२४, रुपन्देही स्थायी ठेगाना : विष्णुपुरा गा.वि.स. वडा नं. ०३, रुपन्देही हालको ठेगाना : गैडहवा गा.पा. वडा नं. ०३, रुपन्देही पिता : पियारे बढई बाजे : दुपत बढई

धितोको विवरण

श्री दुपत बढईको नाति, श्री पियारे बढईको छोरा, रुपन्देही जिल्ला, विसुनपुरा गा.वि.स. वडा नं. ०३ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, गैडहवा गा.पा. वडा नं. ०३ बस्ने **श्री पारस नाथ बढईको** नाममा मालपोत कार्यालय रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, विष्णुपुरा गा.वि.स. वडा नं. ०३ स्थित कित्ता नं. ६५३ को क्षेत्रफल २४२०.८७ वर्गमिटरको जग्गा, सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पुर्ण लिगलगापात समेत।

क्र.सं.६ — शाखा कार्यालय : त्रिपुर, दाङ

ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण	
पुष्पा घर्ती (ऋणी) ना.प्र.नं. : ३८१०/२१८३ जारी मिति/जिल्ला : २०६३/०५/१८, दाङ स्थायी ठेगाना : हापुर गा.वि.स. वडा नं. ०१, दाङ हालको ठेगाना : तुलसीपुर उ.म.न.पा. वडा नं. १७, दाङ पति : मेघ बहादुर घर्ती ससुरा : होम बहादुर घर्ती पिता : मान बहादुर रेउले	**१) मेघ बहादुर घर्ती (जमानीकर्ता)** ना.प्र.नं. : १०३९/२५३५ जारी मिति/जिल्ला : २०५३/०१/२३, दाङ स्थायी ठेगाना : हापुर गा.वि.स. वडा नं. ०१, दाङ हालको ठेगाना : तुलसीपुर उ.म.न.पा. वडा नं. १७, दाङ पिता : होम बहादुर घर्ती बाजे : सासिराम घर्ती	**२) शिशिर घर्ति (जमानीकर्ता)** ना.प्र.नं. : ५२-०१-७७-०१९८० जारी मिति/जिल्ला : २०७७/०८/१४, दाङ स्थायी ठेगाना : घोराही उ.म.न.पा. वडा नं. १२, दाङ हालको ठेगाना : तुलसीपुर उ.म.न.पा. वडा नं. १७, दाङ पिता : मेघ बहादुर घर्ती बाजे : होम बहादुर घर्ती

धितोको विवरण

श्री होम बहादुर घर्तीको बुहारी, श्री मेघ बहादुर घर्तीको पत्नी, दाङ जिल्ला, हापुर गा.वि.स. वडा नं. ०१ स्थायी ठेगाना भई हाल दाङ जिल्ला, तुलसीपुर उ.म.न.पा. वडा नं. १७ बस्ने **श्री पुष्पा घर्तीको** नाममा मालपोत कार्यालय घोराही दाङको लगतमा दर्ता कायम रहेको दाङ जिल्ला, ढिकपुर गा.वि.स. वडा नं. ०७ स्थित कित्ता नं. ५३८ को क्षेत्रफल ८४६.५७ वर्गमिटरको जग्गा, सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पुर्ण लिगलगापात समेत।

Corporate Office: Banepa-8, Kavreplanchowk
Phone : 011-660034 | www.nicasialaghubitta.com

साथी सँगै सबल बन्दै

» पृष्ठ ९ मा क्रमशः

लमजुङको रैथाने उपजको माग काठमाडौंमा उच्च



लमजुङमा **शान्ता कमली**

काठमाडौंलगायत देशका सहरी क्षेत्रमा गाउँघरमा उत्पादन हुने रैथाने बालीको माग उच्च छ। यसैलाई मध्यनजर गरी लमजुङको मर्स्याङ्दी गाउँपालिकामा उत्पादित रैथाने कृषि उपजलाई बजारीकरण गर्न लमजुङको मर्स्याङ्दी गाउँपालिका र रैथाने एग्रो प्रोडक्टसबीच सम्झौता भएको छ।

गाउँपालिकामा उत्पादन हुने कालो बेसार, कगुनो, चिया, सिलटिमुर, कोदो, भटमास, स्थानीय जातको कालो धानलगायत रैथाने कृषि उपजको बजारीकरण र प्रवर्द्धनका लागि दुवै पक्षबीच पाँचवर्षे सहकार्यको सम्झौता गरिएको हो।

गाउँपालिका अध्यक्ष अर्जुन गुरुङले रैथाने उत्पादनमा नीतिगत रूपमा नै लाग्ने बताएका छन्। उनले गाउँपालिकामा उत्पादन हुने रैथाने कृषि उत्पादनको बजारीकरण गर्ने र उत्पादन वृद्धि गर्न जोड दिने बताए। शनिबारदेखि बिहान ६ बजेदेखि १२ बजेसम्म ग्राहकले बजार अवलोकन गर्दै आएका छन्। काठमाडौंको दरबारमार्गलगायत काठमाडौंका विभिन्न स्थानमा रैथाने कृषि हाटबजार सञ्चालन गर्दै आएको रैथाने एग्रो प्रोडक्टले गाउँपालिकाको रैथाने कृषि उत्पादनलाई बजारीकरण र प्रवर्द्धनमा टेवा पुऱ्याउन सम्झौता गरिएको पालिका अध्यक्ष अर्जुन गुरुङले बताए।

गाउँपालिकाले पहिलोपटक काठमाडौंको हाटबजारमा स्थानीय उत्पादनलाई सहभागी गराएर स्थानीय कृषि उपजको प्रदर्शनी गराएको हो। प्रोडक्टले दरबारमार्ग, बुढानीलकण्ठलगायत क्षेत्रमा रैथाने कृषि हाटबजार सञ्चालन गर्दै आएको छ। उनका अनुसार हाटबजारमा कृषि उपज राख्न निःशुल्क स्टलको व्यवस्था छ।

म्याग्दी उद्योग वाणिज्य संघको अध्यक्षमा श्रेष्ठ



म्याग्दीमा **कमल खत्री**

म्याग्दी उद्योग वाणिज्य संघको अध्यक्षमा सुवीन श्रेष्ठ निर्वाचित भएका छन्। आइतबार राति सम्पन्न संघको ३०औं साधारणसभा तथा १२औं अधिवेशनबाट श्रेष्ठको नेतृत्वमा सर्वसम्मत रूपमा नयाँ कार्यसमिति चयन भएको हो।

श्रेष्ठ यसअघि संघको वरिष्ठ उपाध्यक्ष थिए। अधिवेशनबाट वरिष्ठ उपाध्यक्षमा राजेश शाक्य, प्रथम उपाध्यक्षमा लीलाराम गौतम, द्वितीय उपाध्यक्षमा अमृत बानियाँ, महासचिवमा नारायण जिसी, कोषाध्यक्षमा सुमन श्रेष्ठ, सचिवमा मोतीलाल पौडेल, सह-सचिवमा टेकप्रसाद सापकोटा र सह-कोषाध्यक्षमा बाबुराम आचार्य चयन भएका छन्। नवनिर्वाचित कार्यसमितिलाई मुख्य निर्वाचन अधिकृत यामबहादुर चोखालले प्रमाणपत्र वितरण गर्दै पद तथा गोपनीयताको शपथ गराएका थिए। नवनिर्वाचित अध्यक्ष श्रेष्ठले उद्योगी व्यवसायीको हकहित र उनीहरूको सुरक्षा, संस्थाको गरिमा बढ्ने गरी काम गर्ने प्रतिबद्धता जनाएका छन्। जिल्लाको पर्यटन ,उत्पादन, कृषि, जडीबुटी, जलविद्युत् र खानीलगायत क्षेत्रमा लगानी भित्र्याउन र उद्योग व्यवसायको विस्तारमा तीनवर्षे कार्ययोजना बनाएर अघि बढ्ने अध्यक्ष श्रेष्ठले जानकारी दिए। साधारणसभाको शनिबार नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले उद्घाटन गरेका थिए।

दुध बिक्री नहुँदा दैनिक ४२ लाख घाटा व्यहोर्दै किसान

चितवन/ दुध बिक्री घटेपछि जिल्लाका दुग्ध उत्पादक किसानले दैनिक ४२ लाख रुपैयाँ घाटा व्यहोर्दै आएका छन्। जिल्लामा उत्पादित दुधमध्ये ६० हजार लिटर बिक्री हुन नसक्दा सो रकमबराबरको क्षति व्यहोर्न किसान बाध्य भएका हुन्। चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघमा आबद्ध ४० हजारभन्दा बढी सेयर सदस्यले सो मात्रामा दुध बिक्री गर्न नपाएको संघले जनाएको छ।

संघका अध्यक्ष किशोर बगालेका अनुसार विगत १५ दिनदेखि दुध नउठ्दा किसानले समस्या भेल्नुपरेको हो। उनले दुध नउठ्दा समस्या भएको बताए। साउनयताको भुक्तानी ५२ करोड रुपैयाँ पाउन बाँकी भए पनि अहिले बिक्री हुन छाडेपछि किसान मारमा परेको उनको भनाइ छ। दैनिक तीन लाख ५० हजार लिटर दुध उत्पादन हुने चितवनबाट जिल्लाबाहिर दैनिक एक लाख ५० हजार लिटर दुध जाने गरेको छ। जसमध्ये ६० हजार लिटर दुध बिक्री हुन नसकेको हो।

सरकारले किसानको पैसा दिने सहमति गरे पनि अहिलेसम्म किसानले पैसा नपाएको र दुधसमेत उठ्न छाडेको उनले गुनासो गरे। 'सहमति भएको छ। तर, कार्यान्वयनमा आएको छैन,' उनले भने, 'सहमतिअनुसार आइतबारबाट दुध उठ्नुपर्ने भए पनि आजसम्म उठेको छैन।'

दुध लैजाने उद्योगले समर्थन मूल्यभन्दा कममा लैजाने गरेको भन्दै उनले उपभोक्ताले महँगो मूल्यमा दुध खानुपरेको बताए। बगालेले भने, 'दुध नउठ्ने र पैसा पनि नपाउने समस्या रहिरहे आन्दोलनमा जानुको विकल्प छैन।' चितवनसहित पाँच जिल्लाका किसानले एकसाथ आन्दोलनमा जाने तयारी गरेको उनको भनाइ छ।

अम्रिसोको मूल्य घटेपछि इलामका किसान निराश

इलाम/ अम्रिसोको मूल्य घटेपछि इलामका किसान चिन्तित बनेका छन्। धान तथा मकै बाली हटाएर अम्रिसोको व्यावसायिक खेती गरेका किसान मूल्यमा भारी गिरावट आएपछि समस्यामा परेका हुन्। अम्रिसोको मूल्य गत वर्षको तुलनामा झन्डै ५० प्रतिशतले घटेको छ। गत वर्ष प्रतिकेजी एक सय २० देखि एक सय ३० रुपैयाँसम्ममा बिक्री भइरहेकोमा अम्रिसोको फूल (कुचो) अहिले प्रतिकेजी ६५ रुपैयाँमा मात्र बिक्री भइरहेको छ।

इलाम माई नगरपालिक-९ का पूर्णकुमारी साउदेनले व्यापारीहरू किसानका घरमै पुगेर कुचो खरिद गरिरहे पनि मूल्य अत्यधिक घटेको बताइन्। 'गतवर्ष सुरुमा नै प्रतिकेजी एक सय १० का दरले कुचो बेचेको थिएँ, त्यसपछि एक सय ३० रुपैयाँसम्म पुगेको थियो,' उनले भनिन्, 'यस वर्ष प्रतिकेजी ६५ रुपैयाँका दरले बेच्न बाध्य भएका छौं।' विगतमा राम्रो मूल्य पाएपछि हौसिएर अन्य बाली हटाई अम्रिसो खेती गरेका किसान अहिले निराश भएको अभिषेक येक्तेनले बताए।

'अहिले अम्रिसोको व्यावसायिक खेती गरेर जीवनयापन गर्ने अवस्थासमेत छैन,' उनले भने, 'मैले यस वर्ष एक हजार केजी कुचो उत्पादन गरेको छु। त्यसको गोडमेल तथा कुचो तान्नका लागि प्रयोग गरिएको खेतालालाई दिने पैसासमेत नपुग्ने अवस्था छ।' - *रासस*

अर्थ पत्रिका

नयाँ पत्रिका
मंगलबार २२ फागुन ०८०

सत्ता परिवर्तनको प्रभाव सेयर बजारमा

तीनपटक सर्किट ब्रेकपछि कारोबार बन्द

भोजराज भण्डारी/नयाँ पत्रिका

सत्ता राजनीतिमा आएको फेरबदलसँगै सेयर बजारले नाटकीय रूप लिएको छ। अर्थमन्त्री परिवर्तन हुने हल्लासँगै सोमबार नेप्से परिसूचक तीनपटक सर्किट ब्रेक लागेर कारोबार बन्द भएको हो। सोमबार तीनपटक सेयरमा सर्किट ब्रेक लागेर एक सय १७ दशमलव ७० अंकले बढेर दुई हजार ७८ विन्दुमा बन्द भएको छ।

अघिल्लो दिन आइतबार नेप्से परिसूचक ११ दशमलव ७८ अंकले घटेर एक हजार नौ सय ६० विन्दुमा आइपुगेको थियो। उक्त विन्दु चार महिनायताकै न्यून विन्दु हो। तर, सोमबार राजनीतिक समीकरणको प्रभावले सेयर कारोबार खुलेको तीन मिनेटमै पहिलो सर्किट ब्रेक लागेर कारोबार २० मिनेटका लागि बन्द भयो। सेयर बजार खुलेको एक घण्टाभित्र नेप्से परिसूचक ७९ दशमलव २९ अंक अर्थात् ४ दशमलव ०४ प्रतिशतले बढेर दुई हजार ३९ दशमलव ६० विन्दुमा पुगेको थियो। एकैपटक ४ प्रतिशतले नेप्से वृद्धि भएमा २० मिनेटका लागि कारोबार बन्द हुने गर्छ।


पहिलो सर्किटपछि सेयर बजार ११ बजेर २३ मिनेटमा खुलेको थियो। बजार खुलेको एक मिनेट अर्थात् ११ बजेर २४ मिनेटमै पुनः ५ प्रतिशतले नेप्से सूचक बढेपछि ४० मिनेटका लागि कारोबार बन्द भएको थियो। दोस्रो सकारात्मक सर्किटपछि नेप्से दुई हजार ५९ अंकमा पुगेर बन्द भयो। सेयर बजार खुलेको तीन घण्टासम्म नेप्से परिसूचक ५ प्रतिशतले वृद्धि भएमा कारोबार ४० मिनेटका लागि बन्द हुने गर्छ। दोस्रो सर्किट ११ बजेर २६ मिनेट लाग्दासम्म ६ लाख ४१ हजार ६ सय ८२ कित्ता सेयरको खरिद-बिक्री भई २६ करोड ३७ लाख एक हजार रुपैयाँको कारोबार भएको थियो।

सेयर बजार खुलेको पहिलो घण्टामा नेप्से परिसूचक ४ प्रतिशतले बढ्दा २० मिनेटका लागि कारोबार बन्द हुने र दोस्रो घण्टामा ५ प्रतिशतले बढ्दा ४० मिनेटका लागि कारोबार बन्द हुन्छ। ४० मिनेटपछि खुलेको सेयर बजारमा फेरि तेस्रो सर्किट ब्रेक पनि लाग्यो। पुनः ६ प्रतिशतले नेप्से परिसूचक बढेमा दिनभरिको कारोबार नै बन्द हुने गर्छ।

दोस्रो सर्किट ब्रेक खुलेको एक मिनेट नहुँदै तेस्रो सर्किट ब्रेक लागेको हो। तेस्रो सर्किटमा नेप्से परिसूचक एक सय १७ दशमलव ७० अंकले बढेर दुई हजार ७८ विन्दुमा बन्द भएको हो। जसमा नौ लाख ३४ हजार कित्ता सेयर खरिद बिक्री हुँदा ३७ करोड ५२ लाख रुपैयाँको कारोबार भएको छ।

सोमबारको बजारलाई सत्ता राजनीतिसँग मात्र नभई लगानीकर्ताको लामो समयदेखिको फ्रस्टेसन पनि झल्किएको लगानीकर्ता छोटेलाल रौनियारले बताए। उनले भने, 'यसमा सत्ता राजनीतिको परिवर्तन एउटा कारण हो, यसमा लगानीकर्ताको निराशालाई पनि उजागर गरेको छ।'

अर्का लगानीकर्ता तुलसीराम ढकालले सेयर बजार अहिलेको अवस्थालाई केन्द्रमा राखेर अघि बढ्ने बताए। उनले भने, 'सेयर बजारले पछिल्लो समय कुनै एउटा बहाना खोजेको थियो, त्यो बहाना सत्ता राजनीतिक परिवर्तन भएको छ।'



सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit

पाँच कम्पनीको सेयर मूल्य १०% ले बढ्यो

सोमबार सेयर खरिद-बिक्रीका क्रममा पाँच कम्पनीको सेयर मूल्य भने १० प्रतिशतले नै बढेको छ। सेयर खरिद-बिक्रीका क्रममा कुनै पनि कम्पनीको सेयर मूल्य अधिकतम १० प्रतिशतसम्मले बढ्न वा घट्न सक्छ। सोमबार रिडी पावर कम्पनी, शिवश्री हाइड्रोपावर, राप्ति हाइड्रो एन्ड जनरल कन्स्ट्रक्सन, मेन्छियाम हाइड्रोपावर र रिलायबल लाइफ इन्स्योरेन्स कम्पनीको सेयर मूल्य अधिकतम सीमामा अर्थात् १० प्रतिशतले बढेको छ। यीबाहेक ३६ कम्पनीको सेयर मूल्य पनि नौदेखि ९.९९ प्रतिशतसम्मका दरले बढेका छन्। नेप्सेका अनुसार सोमबार दुई सय ३० कम्पनीको सेयर मूल्य बढेको छ।

सत्ता हेरफेरसँगै हुन्छ सेयर बजारमा हलचल

यसअघि गत १० पुस ०७९ मा माओवादी-एमालेसहितको सत्ता समीकरण बन्दा सेयर बजार ५६ दशमलव ८८ अंकले बढेर एक हजार नौ सय २४ दशमलव ० ९ विन्दुमा बन्द भएको थियो। त्यसअघि कांग्रेस र माओवादी गठबन्धन हुँदा ९ पुसमा नेप्से सूचक १८ सयको हाराहारीमा रहेको थियो। तत्कालीन गठबन्धनले अर्थमन्त्रीमा एमालेका तर्फबाट विष्णु पौडेल अर्थमन्त्री हुने निश्चित भएको थियो। अहिले पनि समीकरणमा आएको परिवर्तनले निराश लगानीकर्तालाई थप उत्साहित बनाएको छ। त्यतिबेला नेप्से सूचक उच्चतम विन्दु दुई हजार एक सय ९० विन्दुसम्म पुगेको थियो। तर, दुई महिनापछि पुनः परिवर्तन भई कांग्रेस र माओवादीसहितको सरकार बनेको थियो। १२ फागुन ०७९ मा विष्णु पौडेल अर्थ मन्त्रालयबाट बाहिरिनुअघिदेखि नै नेप्से ओरालो लागेर २०७८ विन्दुमा आइपुगेको थियो। जेठ ०८० मा नेप्से सूचक घटेर एक हजार आठ सय १५ विन्दुसम्म आइपुगेको थियो।

गत २४ मंसिरमा मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षापछि सेयर बजारमा सर्किट ब्रेक लागेको थियो। उक्त समयमा नेप्से सूचक एक सय ११ अंकले बढेर सर्किट ब्रेक लागेर बन्द भएको थियो। उक्त समयमा पनि नेप्से सूचक एक हजार आठ सयको विन्दुबाट बढेर एक हजार नौ सयको विन्दुमा प्रवेश गरेको थियो।

राजनीतिक उतारचढावको प्रभाव 'प्रि-बजेट' छलफलमा

संसद्मा सरकारले प्रस्तुत गरेको सिद्धान्त र प्राथमिकतामाथि छलफल सुरु भएन, मन्त्रिपरिषद् विस्तारमा ढिलाइ भए बजेट निर्माण प्रक्रिया प्रभावित हुने

कृष्ण रिजाल/नयाँ पत्रिका

राजनीतिक उतारचढावका कारण संसद्मा हुने 'प्रि-बजेट' छलफल प्रभावित भएको छ। सरकारले संसद्मा प्रस्तुत गरेको सिद्धान्त र प्राथमिकतामाथि सोमबार प्रतिनिधिसभामा छलफल हुने कार्यसूची थियो। तर, सत्ता गठबन्धन परिवर्तन भएपछि प्रतिनिधिसभाको बैठक २४ फागुनसम्मका लागि स्थगित गरिएको छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सत्ता गठबन्धन फेरबदल गर्दै मन्त्रिपरिषद् पुनर्गठन गरेका छन्। नवगठित मन्त्रिपरिषद्मा तीनजना मन्त्री नियुक्ति गरिएको छ, तर उनीहरूलाई जिम्मेवारी दिइएको छैन। अहिले प्रधानमन्त्रीले २१ वटै मन्त्रालय आफूमातहत राखेका छन्। खासगरी अर्थ मन्त्रालय मन्त्रीविहीन हुँदा संसद्मा हुने 'प्रि-बजेट' छलफल र समग्र बजेट निर्माणको प्रक्रिया प्रभावित हुने अर्थ मन्त्रालयका एक अधिकारीले बताए।

निवर्तमान अर्थमन्त्री डा. प्रकाशशरण महतले १४ फागुनमा संघीय संसद्को प्रतिनिधिसभामा आगामी आर्थिक वर्ष ०८१/८२ को सिद्धान्त र प्राथमिकता प्रस्तुत गरेका थिए। प्रतिनिधिसभामा १८ फागुनदेखि बजेटका सिद्धान्त र प्राथमिकतामाथि छलफल हुने क्यालेन्डर छ। तर, हालसम्म पनि दुवै सदनमा छलफल सुरु हुन सकेको छैन। सोमबार हुने भनिएको छलफल पनि राजनीतिक उतारचढावका कारण स्थगित गरिएको छ।

आकस्मिक राजनीतिक परिस्थितिले क्यालेन्डर प्रभावित भएको सभामुख देवराज घिमिरेले बताए। 'प्रि-बजेट छलफलअन्तर्गत बजेटका प्राथमिकता र सिद्धान्तमाथि छलफल हुनुपर्थ्यो, यो सरकारको विषय हो, दलहरूको विषय हो, दलहरू यसमा जिम्मेवार बन्नुपर्छ,' उनले भने, 'अध्यादेशमार्फत ल्याएको ऐन (आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व)अनुसार तोकिएको समयमा यसलाई टुंग्याउने गरी सदनमा प्रि-बजेट छलफलको वातावरण बनाउनुपर्छ।'

संसद्मा हुने छलफलमा सरकारका तर्फबाट मन्त्रीहरू सहभागी हुनुपर्छ। सांसदका सुझावहरू टिपोट गर्नुपर्छ। सोहीअनुसार बजेटमा सांसदका सुझावहरू समेट्नुपर्ने अर्थ मन्त्रालयका एक अधिकारीले बताए। उनले भने, 'अर्कोतर्फ बजेटका लागि सरोकारवालाको सुझाव लिने तथा छलफल गर्ने कार्यसमेत अब सुरु गर्नुपर्नेछ, तर अहिले सबै मन्त्रालय मन्त्रीविहीन छन्, कहिले नियुक्ति हुने टुंगो छैन, यसले गर्दा समग्र बजेट निर्माण प्रक्रियासमेत प्रभावित हुन सक्ने देखिएको छ।'

सिद्धान्त र प्राथमिकता के होला ?



आकस्मिक राजनीतिक परिस्थितिले क्यालेन्डर प्रभावित भएको छ। प्रि-बजेट छलफलअन्तर्गत बजेटका प्राथमिकता र सिद्धान्तमाथि छलफल हुनुपर्थ्यो, यो सरकारको विषय हो, दलहरूको विषय हो, दलहरू यसमा जिम्मेवार बन्नुपर्छ, अध्यादेशमार्फत ल्याएको ऐन (आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व)अनुसार तोकिएको समयमा यसलाई टुंग्याउने गरी सदनमा प्रि-बजेट छलफलको वातावरण बनाउनुपर्छ।

● **देवराज घिमिरे**, सभामुख

सरकारले यसै वर्षदेखि बजेट पेस हुनुभन्दा तीन महिनाअघि नै संसद्मा बजेटका सिद्धान्त र प्राथमिकता सार्वजनिक गर्ने व्यवस्था गरेको छ। सोहीबमोजिम अघिल्लो सत्ता गठबन्धन सरकारका तर्फबाट निवर्तमान अर्थमन्त्री डा. महतले संसद्मा पेस गरेको आगामी बजेटका सिद्धान्त र प्राथमिकतासमेत अन्योलमा परेको छ।

नयाँ सत्ता गठबन्धन र नयाँ अर्थमन्त्रीले अहिलेकै सिद्धान्त र प्राथमिकतालाई अघि बढाउने, त्यसलाई संशोधन गर्ने वा नयाँ ल्याउन सक्ने सम्भावनाका कारण संसद् सचिवालय र अर्थ मन्त्रालयमा अन्योलता सिर्जना भएको छ। 'अहिले संसद्मा प्रस्तुत बजेटका सिद्धान्त र प्राथमिकता पुरानो गठबन्धनको स्प्रिटमा आधारित थियो, अब नयाँ गठबन्धनले आफ्ना कुरा राख्न सक्छ,' अर्थ मन्त्रालयका एक अधिकारीले भने, 'अब आउने अर्थमन्त्रीले के गर्नुहुन्छ, अहिले थाहा छैन, के हुने हो भन्ने अन्योल बढेको छ।'

वित्तीय संस्थाले लिए सवा चार खर्बको स्थायी निक्षेप सुविधा

दुई खर्ब ९७ अर्ब २० करोड रुपैयाँ परिपक्व, आइतबार एक खर्ब २३ अर्ब ८० करोडको निक्षेप संकलन

काठमाडौं/ बैंक तथा वित्तीय संस्थाहरूले नेपाल राष्ट्र बैंकमा चार खर्ब २१ अर्ब रुपैयाँ निक्षेप जम्मा गरेका छन्। केन्द्रीय बैंकले फागुनदेखि सुरु गरेको स्थायी निक्षेप सुविधाअन्तर्गत बैंक तथा वित्तीय संस्थाहरूले निक्षेपमा राखेका हुन्। केन्द्रीय बैंकले यस्तो निक्षेप राखिदिएबापत बैंक तथा वित्तीय संस्थालाई ३ प्रतिशत ब्याजसमेत दिने गरेको छ।

यस्तो निक्षेप जम्मा गर्न २० दिनमा ८४ पटक कारोबार भएको केन्द्रीय बैंकको तथ्यांकले देखाएको छ। २० दिनमा बैंक तथा वित्तीय संस्थाहरूले दुई खर्ब ९७ अर्ब २० करोड रुपैयाँ परिपक्व भएपछि फिर्ता लगिसकेका छन्। आइतबार २१ बैंक तथा वित्तीय संस्थाहरूले एक खर्ब २३ अर्ब ८० करोड रुपैयाँ निक्षेप जम्मा गराएका थिए। जसको परिपक्व हुने अवधि आउँदो २४ फागुनसम्म रहेको केन्द्रीय बैंकले जनाएको छ।

गत शुक्रबारसम्म बैंक तथा वित्तीय संस्थामा ६१ खर्ब ६८ अर्ब निक्षेप र ५० खर्ब ८६ अर्बको कर्जा प्रवाह भएको केन्द्रीय बैंकको तथ्यांकले देखाएको छ। हाल बैंक तथा वित्तीय संस्थाहरूको कर्जा निक्षेपको अनुपात ८०.०४ प्रतिशत कायम भएको छ।

तरलता प्रशोचनको वैकल्पिक औजार

केन्द्रीय बैंकले ब्याजदर करिडोरलाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याउन चालू आर्थिक वर्षको मौद्रिक नीतिमार्फत यो सुविधा ल्याएको हो। यसले बैंक तथा वित्तीय संस्थासँग भएका अधिक तरलतालाई व्यवस्थापन गर्न सघाउ पुग्छ। बैंकिङ अभ्यासमा यसलाई रिभर्स रिपोभन्दा उपयुक्त औजार मानिन्छ।

यसमा सरकारी ऋणपत्रको धितो आवश्यक नपर्ने भएकाले बैंक तथा वित्तीय संस्थाका लागि सजिलै अतिरिक्त तरलता व्यवस्था गर्न पाउने व्यवस्था छ।

यस्तो सुविधा लिन बैंक तथा वित्तीय संस्थाले अन्तरबैंक सापटीको दायित्व बाँकी नरहेको, पछिल्लो ३० दिनको दैनिक कर्जा निक्षेप अनुपात तोकिएको सीमाभित्र रहेको, पछिल्लो ३० दिनको दैनिक खुद तरल सम्पत्ति तोकिएको सीमाभन्दा बढी रहेको र सबै प्रकृतिका स्वदेशी मुद्राको बचत निक्षेपमा प्रदान गर्न प्रकाशित न्यूनतम ब्याजदर यो सुविधाको ब्याजदरभन्दा कम नभएको हुनुपर्ने सर्त पालना गर्नुपर्ने केन्द्रीय बैंकले उल्लेख गरेको छ।

स्थायी निक्षेप सुविधाको न्यूनतम रकम २० करोड र सोभन्दा बढीको हकमा पाँच करोडले भाग गर्दा निःशेष रहने अंक हुनुपर्ने व्यवस्था छ। यो सुविधा हरेक आइतबार र बुधबार दिनमा एकपटक मात्र उपलब्ध गराउने व्यवस्था छ। स्थायी निक्षेप सुविधामा जम्मा रकमलाई अनिवार्य नगद मौज्दातमा गणना गर्न पाइँदैन। तर, केन्द्रीय बैंकले तोकेको वैधानिक तरलता अनुपात र खुद तरल सम्पत्ति अनुपातमा भने गणना गर्न पाउने उल्लेख छ।

लगानी र उत्पादन सुरक्षित नभएको किसानको गुनासो

चितवन/ जिल्लाका किसानले कृषिसम्बन्धी बनेका नीति तथा नियम कार्यान्वयनमा नआउँदा लगानी र उत्पादन सुरक्षित नभएको बताएका छन्। किसान आयोगले आयोजना गरेको 'किसानका हकहित र अधिकार प्रवर्द्धन' कार्यक्रममा सहभागीले राज्यले बनाएका नीतिनियम कार्यान्वयन नहुँदा किसानको समस्या समाधान हुन नसकेको बताएका हुन्।

अहिले भइरहेको कृषि उत्पादनको बजारीकरण हुन नसक्दा समस्या अझै बढ्दै गएको चितवन दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष किशोर बगालेले बताए।

जिल्लास्थित नेपाल किसान संघका सचिव इन्द्रमणि गैरेले किसानलाई दिने गरिएको अनुदानसमेत काटेर समस्या समाधान गर्छु भन्नु गलत भएको बताए। किसान दिनहुँ रुनुपर्ने अवस्था आउँदा समस्याको समाधान तीनै तहका सरकारले गर्नुपर्नेमा उनले जोड दिए। आधुनिक कृषि तथा ड्रागनखेती गर्दै आएका भरतपुरका शम्भु सुवेदीले कृषिलाई प्रांगारीकरण गरी कृषि र पर्यटनलाई सँगै लैजाने किसिमका कार्यक्रम आयोगले ल्याउनुपर्ने बताए।

भरतपुर महानगरपालिका-६ का किसान केशवप्रसाद सापकोटाले सबैलाई पाल्ने किसान आफू भने सधैं समस्याको चपेटामा पर्ने गरेको बताए। आयोगले किसानको समस्या समाधान गर्ने खालका नीति-नियम बनाई खेतबारीमा पुगेर कार्यान्वयनका लागि पहल गर्नुपर्ने उनको भनाइ छ। *-रासस*

क्र.सं.७	ऋणीको विवरण	जमानीकर्ताको विवरण	
शाखा कार्यालय : त्रिपुर, दाङ	**खुमा खड्का (ऋणी)** ना.प्र नं. : ६/१५४२ जारी मिति/जिल्ला : २०५१/१०/२९, दाङ स्थायी ठेगाना : गोल्टाकुरी गा.वि.स. वडा नं. ०१, दाङ हालको ठेगाना : तुल्सीपुर उ.म.न.पा. वडा नं. ०५, दाङ पति : देव वहादुर वली ससुरा : अम्बर वहादुर वली पिता : अम्बर सिं खड्का	**१) देव वहादुर वली (धितोधनी तथा जमानीकर्ता)** ना.प्र नं. : ७७१३/५६७ जारी मिति/जिल्ला : २०४८/०४/०२, रुकुम स्थायी ठेगाना : खारा गा.वि.स. वडा नं. ०२, रुकुम हालको ठेगाना : तुल्सीपुर उ.म.न.पा. वडा नं. ०५, दाङ पिता : अम्बर वहादुर वली बाजे : वनु वली	**२) विश्वजित बस्नेत (जमानीकर्ता)** ना.प्र नं. : ५२/०२/७५/०१७६५ जारी मिति/जिल्ला : २०७५/०३/०१, दाङ स्थायी ठेगाना : तुल्सीपुर उ.म.न.पा. वडा नं. ०५, दाङ हालको ठेगाना : तुल्सीपुर उ.म.न.पा. वडा नं. ०५, दाङ पिता : टेक वहादुर बस्नेत बाजे : अम्बर वहादुर बस्नेत
	धितोको विवरण		
	वनु वलीको नाती, अम्बर वहादुर वलीको छोरा, रुकुम जिल्ला, खारा गा.वि.स.वडा नं. ०२ स्थायी ठेगाना भई हाल दाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. ०५ बस्ने देव वहादुर वलीको नाममा मालपोत कार्यालय सल्यानको लगतमा दर्ता कायम रहेको सल्यान जिल्ला, शिवरथ गा.वि.स. वडा नं. ०१ स्थित कित्ता नं. १०४५ क्षेत्रफल ११०४.९१ वर्गमिटरको जग्गा, सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगलगापात समेत।		

क्र.सं.८	ऋणीको विवरण	जमानीकर्ताको विवरण	धितोको विवरण
शाखा कार्यालय : पडसरी, रुपन्देही	**चमेली श्रीस (ऋणी)** ना.प्र.नं. : १७४५/४२२ जारी मिति/जिल्ला : २०५०/०८/१७, वाग्लुङ्ग स्थायी ठेगाना : राडखानी गा.वि.स. वडा नं. ०५, वाग्लुङ्ग हालको ठेगाना : सिद्धार्थनगर न.पा. वडा नं. १२, रुपन्देही पिता : वल वहादुर श्रीस बाजे : धन वहादुर श्रीस	**१) नारायण श्रीस (व्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ४९५६ जारी मिति/जिल्ला : २०५७/०५/२३, वाग्लुङ्ग स्थायी ठेगाना : राडखानी गा.वि.स. वडा नं. ०५, वाग्लुङ्ग हालको ठेगाना : सिद्धार्थनगर न.पा. वडा नं. १२, रुपन्देही पिता : वल वहादुर श्रीस बाजे : धन वहादुर श्रीस	श्री धन वहादुर श्रीसको नातिनि, श्री वल वहादुर श्रीसको छोरी, वाग्लुङ्ग जिल्ला, राडखानी गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १२ बस्ने **श्री चमेली श्रीसको** नाममा मालपोत कार्यालय रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, चिल्हीया गा.वि.स. वडा नं. ०३ स्थित कित्ता नं. ८१३ को क्षेत्रफल ८४.६६ वर्गमिटरको जग्गा, सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पुर्ण लिगलगापात समेत।

क्र.सं.९	ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण	
शाखा कार्यालय : बाँसगढी, बर्दिया	**धनसरा रोकाया (ऋणी)** ना.प्र.नं. : ६५१०१३/१२११ जारी मिति/ जिल्ला : २०६७/०५/२३, बर्दिया स्थायी ठेगाना : मोतिपुर गा.वि.स. वडा नं. ०८, बर्दिया हालको ठेगाना : बाँसगढी न.पा. वडा नं. ०४, बर्दिया पति : भक्त बहादुर रोकाया ससुरा : तुलाराम रोकाय पिता : दुर्ग बहादुर राना क्षेत्री	**१) भक्त बहादुर रोकाय (धितोधनी तथा जमानीकर्ता)** ना.प्र.नं. : ५४०८ जारी मिति/ जिल्ला : २०५४/११/०५, बर्दिया स्थायी ठेगाना : मोतिपुर गा.वि.स. वडा नं. ०२, बर्दिया हालको ठेगाना : बाँसगढी न.पा. वडा नं. ०४, बर्दिया पिता : तुलाराम रोकाय बाजे : मन वहादुर रोकाय	**२) लक्ष्मण गिरी (जमानीकर्ता)** ना.प्र.नं. : ६३७ जारी मिति/ जिल्ला : २०५०/१२/०९, बर्दिया स्थायी ठेगाना : बाँसगढी न.पा. वडा नं. ०५, बर्दिया हालको ठेगाना : बाँसगढी न.पा. वडा नं. ०५, बर्दिया पिता : तिल बहादुर गिरी
	धितोको विवरण		
	मन वहादुर रोकायको नाति, तुलाराम रोकायको छोरा, बर्दिया जिल्ला, मोतिपुर गा.वि.स.वडा नं. ०२ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला, बाँसगढी न.पा. वडा नं. ०४ बस्ने भक्त बहादुर रोकायको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला मोतीपुर गा.वि.स. वडा नं. ०२ स्थित कित्ता नं. १३९५ क्षेत्रफल १०१५.८९ वर्गमिटरको जग्गा, सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पुर्ण लिगलगापात समेत।		

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम लघुवित्त वित्तीय संस्थाको कर्जा असुली विभाग बनेपा वा शाखा कार्यालयबाट रु. १,०००।०० (रुपैया एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरि प्राप्त गर्न सकिनेछ।

२) प्राप्त बोलपत्रहरु लघुवित्त वित्तीय संस्थाले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व लघुवित्त संस्थाले लिन सक्नेछ।

३) लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा लघुवित्त वित्तीय संस्थाको कर्जा असुली विभाग, बनेपा वा नजिकको सम्बन्धित शाखामा सम्पर्क राख्नुहोला।

४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको अपरान्ह ३:०० बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस लघुवित्त वित्तीय संस्थाको कर्पोरेट कार्यालय (कर्जा असुली विभाग), बनेपामा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानीकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ। साथै बोलपत्र खोलिने समयमा प्रतिनिधि तथा अन्य सरोकारवालाहरुको उपस्थिति नहुँदैमा बोलपत्र खोलिन बाधा हुनेछैन। साथै, मालपोत दस्तुर तथा अन्य दै-दस्तुर बोलपत्रदाता स्वंयमले व्यहोर्नुपर्ने छ तथा धितो जे-जस्तो अवस्थामा छ सोही अवस्थामा स्विकानुपर्ने छ।

५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन्।

६) बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८०/१२/०६ गते

७) बोलपत्र खोलिने मिति : २०८०/१२/०७ गते, अपरान्ह ३:०० बजे संस्थाको कर्पोरेट कार्यालय (कर्जा असुली विभाग), बनेपा

पुनश्च : ऋणी एवं धितो लेखिदिनेलाई सूचना :

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ। उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा लघुवित्त वित्तीय संस्था आफैले सकार गर्दा समेत साविकमा लघुवित्त वित्तीय संस्थाबाट भएको मुल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा आफैले सकार गरि लियो भनि कहिं कतै उजुर बाजुर गर्न पाउनुहुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनःमुल्यांकन गरि आफैले सकार गर्दा समेत सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पत्तिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ।

Corporate Office: Banepa-8, Kavreplanchowk
Phone : 011-660034 | www.nicasialaghubitta.com

साथी सँगै सबल बन्दै

मञ्जुश्रीलाई बेस्ट फाइनान्स अफ दी इयर अवार्ड

काठमाडौं / मञ्जुश्री फाइनान्स लिमिटेडले बेस्ट फाइनान्स अफ दी इयर अवार्ड पाएको छ। कर्पोरेट मिडिया ग्रुपले आयोजना गरेको १६औं संस्करणको 'कर्पोरेट बिजनेस अवार्ड, २०२४' मा बेस्ट फाइनान्स अवार्ड प्राप्त गरेको हो। अवार्ड प्रमुख कार्यकारी अधिकृत तेजराज तिमिल्सिनालाई हस्तान्तरण गरिएको फाइनान्सले जनाएको छ। तिमिल्सिनाले अवार्डले आउँदा दिनमा संस्थालाई अझै उत्कृष्ट बनाइराख्न नयाँ ऊर्जा थपेको बताए।

तनहुँका दुई ठाउँमा ग्लोबल आइएमईको शाखारहित बैंकिङ



काठमाडौं / ग्लोबल आइएमई बैंक लिमिटेडले थप दुई स्थानमा शाखारहित बैंकिङ सेवा सञ्चालनमा ल्याएको छ। बैंकले तनहुँको बन्दीपुर गाउँपालिका-६, हुस्लाङ तथा सारांघाटमा शाखारहित बैंकिङ सेवा सञ्चालनमा ल्याएको हो।

यी दुई नयाँ शाखारहित बैंकिङ सेवाको सञ्चालनसँगै बैंकका शाखारहित बैंकिङ सेवाको संख्या दुई सय ७७ पुगेको बैंकले जनाएको छ।

हाल बैंकले ७७ वटै जिल्लामा कुल तीन सय ५४ शाखा, तीन सय ७९ एटिएम, दुई सय ७७ शाखारहित बैंकिङ सेवा, ६५ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टरका साथै तीनवटा वैदेशिक प्रतिनिधि कार्यालयमार्फत सेवा दिइरहेको जनाएको छ।

एनआइसी एसियाले राष्ट्रिय क्रिकेट टी–२० प्रतियोगितालाई सहयोग गर्ने

नयाँ पत्रिका

एनआइसी एसिया बैंकले मोरङ जिल्ला एसोसिएसनले आयोजना गर्ने राष्ट्रिय क्रिकेट टी-२० प्रतियोगितालाई सहयोग गर्ने भएको छ। सहयोगसम्बन्धी सम्झौतामा बैंक र एसोसिएसनबीच सहमति भएको हो।

बैंकका ब्रान्डिङ एन्ड कर्पोरेट कम्युनिकेसन विभागका प्रमुख सरोज भट्टराईले नेपाली खेल क्षेत्रमा क्रिकेट खेलले पुऱ्याएको गहिरो महत्त्वलाई एनआइसी एसिया बैंकले राम्रोसँग बुझेको बताए। उनले भने, 'नेपाली जनमानसको मन-मनमा विशेष स्थान ओगटेको क्रिकेट खेलले समुदायलाई एकताबद्ध गर्ने अविस्मरणीय कार्य गरेको छ। यस गौरवमय प्रतियोगिताको एउटा प्रमुख साझेदार बन्ने अवसर प्राप्त भएकोमा हामी निकै नै हर्षित छौं।'

एनआइसी एसिया बैंकले एकता, टिमवर्क र उत्कृष्टताको भावनालाई बढावा दिने गरेको र यो खेल जीवनमा समेत चरितार्थ हुँदै आएको उनको भनाइ थियो। बैंकले यस्ता प्रतियोगितामा सहकार्य गरेर खेल जीवनलाई प्रवर्द्धन गर्ने मात्र नभई राष्ट्रियस्तरमा आफ्नो प्रतिभा प्रदर्शन गर्न इच्छुक युवा क्रिकेटरलाई उत्कृष्ट मञ्च प्रदान गर्ने लक्ष्यसमेत राखेको उनले बताए।



मोरङ जिल्ला क्रिकेट एसोसिएसनका अध्यक्ष मोहम्मद साद कुरेसीले एसोसिएसनको तर्फबाट क्रिकेट व्यवस्थापनका क्रममा हुने भुक्तानीलाई डिजिटलाइजेसन गर्ने बताए। एनआइसी एसिया बैंकको सहकार्यमा प्लेयर अफ दी म्याचको रकम पनि क्युआर कोडमार्फत भुक्तानी गर्ने उनको भनाइ थियो। उनले भने, 'यस नवीन दृष्टिकोण क्रिकेट व्यवस्थापनको विकासमा एउटा मेरुदण्डका रूपमा रहेको हामीले बुझेका छौं र यसलाई सम्भव तुल्याउन एनआइसी एसिया बैंकको सदाचारी समर्थन हाम्रा लागि कोसेढुंगा साबित भएको छ।' कार्यक्रममा बैंकका कोशी प्रदेशका हीराप्रसाद पौड्याललगायत विभिन्न व्यक्तित्वहरूको समेत उपस्थिति रहेको जनाइएको छ। प्रतियोगिता विराटनगरको बैजनाथपुर क्रिकेट मैदानमा २२ फागुन अर्थात् आजदेखि ३ चैतसम्म आयोजना हुने उल्लेख छ।

सूर्य नेपालले बजारमा ल्यायो 'टफिचु इक्लेयर्स'



काठमाडौं / सूर्य नेपाल प्रालिले आफ्नो कन्फेक्सनरी ब्रान्ड टफिचुअन्तर्गत नयाँ क्यान्डी 'इक्लेयर्स' बजारमा ल्याएको छ। कम्पनीले बाहिरी तहमा मिल्क चकलेटका साथै भित्री तहमा चकलेट भरेर बनाएको इक्लेयर्स 'पियोर चकलेटी जोय' भन्ने नाराका साथ ल्याएको हो।

सुनौलो रङको ट्विस्ट च्यापमा प्याक गरिएको यो इक्लेयर्स बजारमा उपलब्ध अरू चकलेट स्वादका कन्फेक्सनरी उत्पादनभन्दा स्वादिलो, आकर्षक र प्रिमियम रहेको कम्पनीको दाबी छ।

कुनै विशेष अवसर अथवा कुनै पनि समय यो क्यान्डीको स्वाद लिई इक्लेयर्सको बेग्लै आनन्द लिन सकिने कम्पनीले जनाएको छ। चकलेटका साथै चकलेट मिल्क तथा बटर मिल्कको स्वाद भएको इक्लेयर्सले चकलेटको स्वादमा सर्वोत्कृष्ट अनुभव पस्कने कम्पनीले विश्वास व्यक्त गरेको छ। पाँच रुपैयाँमा दुईवटा पाइने यो इक्लेयर्स नेपालभरिका खुद्रा पसलमा पाइने कम्पनीको भनाइ छ।

प्रिमियर स्टिलले कन्ट्र्याक्टर्स मिट आयोजना गर्ने



काठमाडौं / प्रिमियर स्टिल प्रालिले पूर्वाधार डेभलपर्स एन्ड कन्ट्र्याक्टर्स मिट आयोजना गरेको छ। कम्पनीले प्रिमियर स्टिलसँग आबद्ध देशभरका डेभलपर्स तथा कन्ट्र्याक्टर्सको उपस्थितिमा कार्यक्रम गरेको हो।

कार्यक्रममा प्रिमियर स्टिलका प्रबन्धक निर्देशक पवन सारडाले सरकारको ढुकुटीमा पैसा नभएको भन्दै कन्ट्र्याक्टरले रकम भुक्तानी नपाएकाले केही समस्या उत्पन्न भइरहेको बताए। नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले नेपालमा निर्माण व्यवसायीको राम्रो सम्भावना भए तापनि सरकारले समयमा भुक्तानी नदिँदा निर्माण क्षेत्र नै बदनाम हुन पुगेको दृष्टान्त सुनाए। सरकारले पुँजीगत खर्च गर्न नसकेका कारण निर्माण व्यवसायी र उद्योगीहरूको सम्बन्ध चिसिँदै गएको भन्दै उनले चिन्ता व्यक्त गरेका थिए।

कार्यक्रमका विशिष्ट अतिथि उद्योग सचिव मुकुन्द निरौलाले सरकारलाई मात्र दोषी नमान्न आग्रह गर्दै सरकारले एक व्यक्ति वा एक कम्पनीका बारेमा मात्र नभएर सबैका लागि काम गर्नुपर्ने जिम्मेवारी रहेको बताए। सारडा ग्रुपका निर्देशक सौरभ सारडाले भविष्यमा प्रिमियर स्टिलले नयाँ उचाइ छुने विश्वास व्यक्त गरे। ६ वर्षको अवधिमा हालजस्तो कठिन परिस्थिति कहिल्यै नआएको उनको भनाइ थियो। कार्यक्रममा देशभरका ६५ जनाको सहभागिता रहेको कम्पनीका ब्रान्ड म्यानेजर सजल रावतले बताए।

भैरहवाको चारतारे 'होटेल ल्यान्डमार्क' सञ्चालनमा

भैरहवा / रुपन्देहीको भैरहवामा चारतारे 'होटेल ल्यान्डमार्क' सञ्चालनमा आएको छ। भैरहवाका स्थानीय आशा गुरुङले निर्माण गरेको होटेलको व्यवस्थापन सम्हाल्दै ल्यान्डमार्क सञ्चालनमा आएको हो। सिंगापुर कोलोनीमा सञ्चालनमा आएको उक्त होटेल बौद्धमार्गी पर्यटक र भारतीय पर्यटकलाई लक्षित गरेर बनाएको ल्यान्डमार्कका प्रमुख कार्यकारी अधिकृतसमेत रहेका सिएन पाण्डेले बताए। भारतीय सीमा सुनौलीबाट साढे तीन किलोमिटर दूरीमा रहेको ल्यान्डमार्क होटेलमा कानुनतः क्यासिनो सञ्चालन गर्न नपाइने भएकाले सेवा नै बिक्री गरेर यस क्षेत्रलाई चलायमान बनाउने उनको भनाइ थियो।



हाल भैरहवाको होटेलमा डिलक्स, सुपर डिलक्स, फेमेली र जुनियर स्विट गरी ५० कोठा तयार गरिएको छ। निकट भविष्यमै ३० कोठा थप गरी एकैपटक एक सय ५० जनालाई सेवा दिने लक्ष्यका साथ अगाडि बढेको उनले बताए। होटेल कुल एक बिघा दश कट्ठा जग्गामा रहनेछ। अहिले मुख्य भवन दश कट्ठा जग्गामा बनेको छ।

अब एक बिघामा ६ सय र दुई सय क्षमताको स्तरीय हल बनाएर होटेललाई 'डिस्टिनेसन हब' बनाउने योजनामा रहेको उनले बताए। अब बन्ने दुई हलका लागि थप ३० करोड खर्च हुने उनको भनाइ छ। अहिलेको संरचना ५० करोडको लगानीमा तयार भएको हो। उनले छिट्टै नै काठमाडौं, नगरकोट र बर्दियामा ल्यान्डमार्कलाई विस्तार गर्ने योजना रहेकोसमेत बताए।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय लाहान, सिरहाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/११/२२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय लाहान, सिरहाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० चैत ०७ गते बुधबार**का दिन शाखा कार्यालय लाहान, सिरहामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण	लिलाम हुने सम्पत्तिको विवरण
प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, घरेलु तथा साना उद्योग विभाग कार्यालय लाहानमा मिति २०७१/०१/०८ मा प्रा.फ.र.नं. ५६४२/०७०/०७१ कायम भई दर्ता रहेको सिरहा जिल्ला, असनपुर गा.वि.स. वडा नं. ०७ स्थित रजिष्टर्ड कार्यालय रहेको **नबिन एण्ड को पानी प्रशोधन ईन्डष्ट्रिज। प्रोप्राईटरको विवरण - नविन घिसिङ्ग**	१. **पदपलाल लामा**को नाममा मालपोत कार्यालय लाहान सिरहा दर्ता कायम रहेको सिरहा जिल्ला, लालपुर गा.वि.स. वडा नं. ६ग स्थित कित्ता नं. १ को क्षे.फ. ०-१०-१२-० -वि.क.धु.क) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु।

धनि कुमारी बैक लि. (सांबिक एन.सी.सी. बैक लि.) र ऋणी **नबिन एण्ड को पानी प्रशोधन ईन्डष्ट्रिज** कायम भएको तपसिलको सवारी साधन:

सवारी नं.	चे.नं.	ई.नं.	मोडल	यातायात कार्यालय
ना ५ च ८५३	MAT445082JZR	275IDI06PRY	TATA ACE-HT2HIGHDECK	नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय, विरगंज
ना ४ चं ९६६	MAI445082GZN39237	NTVSB8854	TATA ACE HT2 HIGH DECK	नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय, विरगंज

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **नविन घिसिङ्ग**
ना.प्र.नं.-१५१०४७/२०९०
जारी मिति - २०६६/११/१४, जि.प्र.का. सिरहा
बाबु - पदम लाल लामा
बाजे - कालु लामा
स्थायी ठेगाना- सिरहा जिल्ला, असनपुर गा.वि.स.,वडा नं. ०७
हालको ठेगाना- सिरहा जिल्ला, गोलबजार न.पा., वडा नं. ०६

२. **इन्द्र माया लामा**
ना.प्र.नं.- ०२५९४१२६ स.सी. ५८४
जारी मिति - २०४३/०८/०६, जि.प्र.का. सिरहा
बाबु - धनि लाल
ससुरा - कालु लामा
स्थायी ठेगाना- सिरहा जिल्ला, असनपुर गा.वि.स.,वडा नं. ०७
हालको ठेगाना- सिरहा जिल्ला, गोलबजार न.पा., वडा नं. ०६

३. **पदपलाल लामा**
ना.प्र.नं.-१५०२५९४३९/८८१
जारी मिति - २०४६/११/२२, जि.प्र.का. सिरहा
बाबु - कालु लामा
बाजे - बकतुवार लामा
स्थायी ठेगाना- सिरहा जिल्ला, असनपुर गा.वि.स.,वडा नं. ०८
हालको ठेगाना- सिरहा जिल्ला, गोलबजार न.पा., वडा नं. ०६

४. **कुसुम योन्जन**
ना.प्र.नं.-३२२०८०/२५६५
जारी मिति - २०६९/११/१३, जि.प्र.का. रौटहट
बाबु - कर्मा तमाङ
बाजे - पदपलाल लामा (ससुरा)
स्थायी ठेगाना- रौटहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स., वडा नं. ०१
हालको ठेगाना- सिरहा जिल्ला, गोलबजार न.पा., वडा नं. ०६

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० चैत ०६ गते** भित्र बैंकको शाखा कार्यालय लाहान, सिरहामा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय लाहान, सिरहाबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० चैत ०७ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय लाहान, सिरहामा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दे दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय लाहान, सिरहामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० चैत ०७ गते बुधबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय लाहान, सिरहा फोन नं. ०३३-५६५००६

नबिल बैंक लिमिटेड, ब्रह्मपुरी शाखा, सर्लाही तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/११/२२)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

प्राईभेट फर्म रजिस्टेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, सर्लाही, मलंगवमा, मितिः २०७७/०५/१९ मा प्र.प.नं. ४९६३/६२/०७१/०७२ अन्तर्गत दर्ता भएको **श्री विक्रम कुखुरा पालन फार्म।**
ठेगाना : जिल्ला सर्लाही, राजघाट गा.वि.स. वडा नं. ३, सर्लाही।

ऋणी फर्मका प्रोप्राइटरः

शक्ते बहादुर सार्कीको नाती, धनबहादुर सार्कीका छोरा, संखुवासभा जिल्ला सर्लाही, राजघाट गा.वि.स. वडा नं. ३, स्थायी घर भई हाल सर्लाही जिल्ला सर्लाही, बागमति न.पा. वडा नं. ७ बस्ने, नागरिकता नं. ०८९०१७५६२ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: सर्लाही, मितिः वि.सं. २०५४/०१/१३ भएको **श्री सुरेश कुमार सार्की।**

व्यक्तिगत जमानतकर्ताको विवरण

१. धनबहादुर सार्कीको नाती, सुरेश कुमार सार्कीको छोरा, संखुवासभा जिल्ला सर्लाही, राजघाट गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल सर्लाही जिल्ला वाग्मती न.पा. वडा नं. ७ बस्ने, नागरिकता प्रदान गर्ने कार्यालय सर्लाही ना.प्र.नं.: १९-०२-७३-००१४० सर्लाही, मितिः वि.सं. २०७३/०१/०९ भएको **श्री विक्रम रोक्का।**
२. गोपीचन सार्कीकी छोरी, धन बहादुर सार्कीकी बुहारी, सुरेश कुमार सार्कीकी श्रीमती, सर्लाही जिल्ला राजघाट गा.वि.स. वडा नं. ३, स्थायी घर भई हाल बागमति न.पा. वडा नं. ७ बस्ने, ना.प्र.नं. १९/२०८५/६२६ (जारी मितिः २०६८/१२/०२, स्थान सर्लाही) भएकी **श्रीमती आशा कुमारी सार्की।**

धितोको विवरण

सर्लाही जिल्ला राजघाट गा.वि.स. वडा नं. ३, स्थायी घर भई हाल बागमति न.पा. वडा नं. ७ बस्ने, **श्रीमति आशा कुमारी सार्कि**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेका सर्लाही जिल्ला राजघाट गा.वि.स. वडा नं. १० सिट नं. मिथिलापुरमा अवस्थित कि.नं. ८७७ र ८८० क्षेत्रफल क्रमश ०-२-१-४ र ०-७-१-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

कागेश्वरी मनोहरा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

थली, काठमाडौं

बोलपत्र आव्हान सम्बन्धी सूचना

पहिलो पटक सूचना प्रकाशन मिति २०८०।११।२२

यस नगरपालिकाबाट खरिद हुने तपसिल अनुसारको खरिद कार्य गर्नको लागि इजाजत प्राप्त व्यवसायीहरुबाट रितपूर्वक बोलपत्र आव्हान सम्बन्धी सूचना प्रकाशित गरिएको छ। सोको विस्तृत विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp र यस कार्यालयको वेवसाइट www.kageshworimanoharamun.gov.np मा गई हेर्न सकिनेछ।

तपसिल:

S. No.	Contract Identification No.	Name of Project	Estimate amount (including VAT) NRs.	Bid security amount NRs.	Bid document fee (Non – refundable) NRs.
1	Medicine/G/NCB/ 04/2080-81	Procurement of Medicines and Medical Utilities.	1,19,02,742.68	500,000.00	3,000.00

प्रमुख प्रशासकीय अधिकृत

१५ महिनामा...

पृष्ठ १ बाट क्रमशः

आइतबार राति एमालेले बाँकी कार्यकाल प्रधानमन्त्री दिन तयार रहेको आश्वस्त पारेपछि प्रधानमन्त्रीले नयाँ गठबन्धनका लागि निर्णायक कदम चालेका थिए। यद्यपि, यसबारे गठबन्धनका नेताहरू भने मौन छन्।

सहमतिको पहिलो बुँदामा 'सुशासन, विकास, सामाजिक न्याय र समृद्धिका प्रश्नमा समान सोच राख्ने दलहरूका बीचमा सहकार्य आवश्यक रहेको महसुस गरी चार दलको सहभागितामा नयाँ संयुक्त सरकार गठन गर्ने र सरकारको नेतृत्व प्रचण्डले गर्ने सहमति' छ।

राष्ट्रिय स्वाधीनता, सार्वभौमसत्ता र भौगोलिक अखण्डतालाई सुदृढ गर्न तथा समाजवादउन्मुख आर्थिक-सामाजिक विकासका लागि राजनीतिक स्थायित्वको दिशामा अघि बढ्न चार दल सहमत भएका छन्। एमाले अध्यक्ष केपी ओली, माओवादी अध्यक्ष प्रचण्ड, राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले हस्ताक्षर गरेको आठबुँदे सहमतिमा शक्ति बाँडफाँटका विषय पनि छन्।

एमाले उपमहासचिव प्रदीप ज्ञवालीले भविष्यमा आवश्यकताअनुसार निर्णय हुन सक्ने भए पनि तत्कालका लागि प्रचण्डले नै सरकारको नेतृत्व गर्ने बताए। उनले भने, 'छिटो-छिटो सरकार परिवर्तनले जनतामा पनि एकखालको निराशा उत्पन्न हुने, राजनीति भनेकै केवल सत्ताको भागबन्डा हुने भन्ने गलत सन्देश जाने, त्यसले दातृ निकाय, विदेशी लगानीकर्ता, निजी क्षेत्र र समग्र प्रशासनमा एकखालको अस्थिरताको सन्देश जाने भएकाले अहिले हामी त्यो विषयमा प्रवेश गरेका छैनौं। आवश्यकताअनुसार भोलिका दिनमा निर्णय होलान्। अहिलेचाहिँ प्रधानमन्त्री प्रचण्डले नै नेतृत्व गर्ने कुरा छ।'

माओवादी महासचिव देव गुरुङले सरकारको नेतृत्वको विषयमा नेताहरूबीचको सहमति लागू हुने बताए। 'नेताहरूबीच जे सहमति हुन्छ, त्यो अक्षरशः लागू हुन्छ। सहमतिबाट अगाडि बढ्नुको विकल्प छैन,' उनले भने।

रिक्त राष्ट्रिय सभाको अध्यक्षमा माओवादीका उम्मेदवार र उपाध्यक्षमा एमालेका उम्मेदवारलाई समर्थन गर्ने सहमति छ। सरकारमा सहभागी भएका दलहरूबीच आपसी सहमतिमा मन्त्रालय बाँडफाँट गर्ने सहमति भएको छ। त्यसरी बाँडफाँट गर्दा मन्त्रालयको विशेषताका आधारमा वर्गीकरण गरी मिलाउने र नयाँ संयुक्त सरकार गठन प्रक्रियामा सहभागी हुन अन्य दलहरूसँग पनि आवश्यक संवाद अघि बढाउने सहमति छ।

संक्रमणकालीन न्यायसम्बन्धी विधेयक, शान्ति प्रक्रिया र देशमा स्थायी शान्ति कायम गर्न यससँग सम्बन्धित अन्य विषयहरू सहमतिका आधारमा अविलम्ब टुंग्याउने सहमति पनि चार दलबीच भएको छ। त्यसैगरी, संघीयता कार्यान्वयनसँग सम्बन्धित बाँकी कानुन निर्माण गरी सबै तहका सरकारलाई प्रभावकारी बनाउने विषयमा सत्तागठबन्धनका दलहरू सहमत भएका छन्।

सरकारको नीति तथा कार्यक्रमलाई मार्गदर्शन गर्ने गरी सरकारमा सहभागी दलहरूबीच साझा न्यूनतम कार्यक्रम तयार गर्ने पनि सहमति छ। सहमति कार्यान्वयनका लागि वर्तमान मन्त्रिपरिषद् पुनर्गठन गरी सहमतिअनुसार नयाँ संयुक्त सरकार गठन गरिने उल्लेख छ। १० पुसको गल्ती सच्याएर सत्तामा फर्किएको काग्रेसले प्रधानमन्त्रीको असन्तुष्टि सम्बोधन गर्न गरेको ढिलाइ र त्यहीबीचमा विपक्षी दल एमालेले ल्याएको 'गोल्डेन अफर' प्रधानमन्त्रीले नयाँ निर्णय लिने प्रमुख आधार बन्यो। यद्यपि, यो विकल्पमा बाहेक सरकारमा सहभागी हुने सबै ढोका बन्द भएको एमालेको बाध्यात्मक अवस्था र भविष्यमा पार्टी एकता गर्ने प्रचण्ड चाहनाले नयाँ गठबन्धन निर्माणमा 'रसायन'को काम गऱ्यो।

यही निर्वाचन प्रणालीमा एकल बहुमत ल्याउन नसकिने बुझाइमा रहेका एमालेका नेताहरू वामपन्थी सहकार्यमा जोड दिइरहेका थिए। अर्कोतर्फ पार्टीभित्रको विवाद र जति कोसिस गर्दा पनि ठूलो पार्टी बनाउन कठिन देखेपछि प्रचण्डले भविष्यमा वाम एकताको ढोका खोल्ने कोर्स चाहेका थिए। यो गठबन्धनले उनको उक्त चाहना मुखरित गरेको छ। यसबाहेक काग्रेससहितको गठबन्धन बनेपछि सरकारबाट बाहिरिएको राष्ट्रिय स्वतन्त्र पार्टीले 'उचित भूमिकासहित' सरकारमा फर्कने महत्त्वाकांक्षा राखिरहेको थियो। यसमा प्रधानमन्त्री प्रचण्ड सुरुदेखि नै उदार थिए। तर, खास गरेर जसपा र एकीकृत समाजवादीले असन्तुष्टि जनाएपछि रास्वपाको सरकारमा फर्कने बाटो रोकिएको थियो। पुस १० कै गठबन्धन पुनर्जीवित भएपछि रास्वपा पनि गठबन्धनमा सहभागी हुने आधार बनेको हो।

प्रधानमन्त्री प्रचण्डले केही महिनायता अर्थमन्त्रीको विकल्प खोज्न काग्रेस सभापति शेरबहादुर देउवासँग आग्रह गरिरहेका थिए। तर, अर्थमन्त्री डा. प्रकाशशरण महतले सहकार्यविनै काम गरेको प्रधानमन्त्री प्रचण्डको बुझाइ थियो। माओवादीको पदाधिकारी बैठकले वामपन्थी दलहरूलाई पनि गठबन्धनमा सम्मान गर्ने निर्णय गरेको छ। 'नयाँ कोर्स सुरु भयो। नयाँ समीकरणमा वामपन्थी दलहरूलाई पनि समेटेर लैजाने निर्णय भएको छ,' माओवादी प्रवक्ता अग्नि सापकोटाले भने, 'फेरि वाम ध्रुवीकरणको बाटोमा राजनीति अघि बढेको छ।

चार सदस्यीय कार्यदल छलफलमै

दलहरूले प्याकेजमा सहमति खोज्न कार्यदल गठन गरेका छन्। कार्यदलमा एमाले उपाध्यक्ष विष्णु पौडेल, माओवादी उपमहासचिव वर्षमान पुन, रास्वपा सभापति रवि लामिछाने र जसपा अध्यक्ष उपेन्द्र यादव छन्। मन्त्रिमण्डल भागबन्डा, मन्त्रीहरूको वरीयता, प्रदेश सरकार पुनर्गठनलगायतका विषयमा प्याकेजमै सहमति खोज्ने जिम्मेवारी कार्यदलले पाएको छ। यसअघि काग्रेसले लिएको मन्त्रालय एमालेले लिने मोटामोटी सहमति छ।

'वेटिङ प्राइममिनिस्टर...

पृष्ठ १ बाट क्रमशः

रहेको र गठबन्धन बचाउन अन्तिम प्रयास गरेका थिए। तर, प्रधानमन्त्री प्रचण्डले 'ढिला भइसकेको' जवाफ दिएपछि देउवा र खड्का फर्केका थिए।

गठबन्धन टुट्ने निश्चित भएपछि सोमबार बिहान काग्रेसले पदाधिकारी बैठक राखेर कारणबारे छलफल गरेको थियो। सहभागी एक पदाधिकारीका अनुसार उपसभापति खड्काले आफूहरू सबै सर्त मान्न तयार रहँदा मेत प्रधानमन्त्री प्रचण्ड तयार नभएको र गठबन्धन टुटेको बैठकलाई जानकारी गराएका थिए।

'प्रधानमन्त्रीलाई हामीले राष्ट्रिय सभा अध्यक्ष माओवादीबाटै बनाउन पनि काग्रेस तयार छ, काग्रेसका सबै मन्त्री फेरबदल गर्न तयार रहेको जानकारी गराएका थियौं। साथै प्रधानमन्त्रीको कार्यकाल बढाउनसमेत काग्रेस तयार छ भन्यौं, तर उहाँले त्यसका लागि ढिला भइसक्यो। अब काग्रेससँगको गठबन्धनमा रहन सकिँदैन भन्नुभयो। उहाँहरू पहिलेदेखि नै यो योजनामा रहेको देखियो,' प्रधानमन्त्रीलाई भनेको विषय खड्काले बैठकमा सुनाएका थिए।

काग्रेस प्रवक्ता डा. प्रकाशशरण महत काग्रेस प्रतिबद्ध हुँदाहुँदै पनि प्रधानमन्त्रीले एमालेसँग गठबन्धन गरेको जिकिर गर्छन्। उनी काग्रेसबाट अर्थमन्त्रीका रूपमा सरकारमा सहभागी थिए। कोशी प्रकरण, सरकारमा काग्रेसबाट असहयोग भएकोलगायतका विषय बहाना मात्रै रहेको उनको दाबी छ।

'हामी चुकेका होइनौं, काग्रेस गठबन्धनप्रति प्रतिबद्ध रहँदारहँदै पनि माओवादीबाट घात भयो। एमालेबाट पटकपटक 'एप्रोच' हुँदा पनि काग्रेस नेतृत्वले गठबन्धन परिवर्तन गर्ने कुरा सोचेको थिएन। गठबन्धन तोडेर नयाँ गठबन्धन बनाउनुमा काग्रेसको कमजोरीका रूपमा जे-जति कारण देखाइएका छन् ती सबै जस्टिफिकेसन गर्ने बहाना मात्रै हुन्,' डा. महतले भने, 'हामीले सरकारमा रहेर प्रधानमन्त्रीलाई असहयोग गरेका थिएनौं। नहुने-नमिल्ने कुरा गर्न नमिल्ने नै हो। उहाँहरूबीच पूरा कार्यकाल सरकार चलाउने, वाम एकता गर्नेलगायतका विभिन्न विषयमा पहिलेदेखि छलफल चलिरहेको थियो।'

अर्का नेता एनपी साउद असन्तुष्टि व्यवस्थापनमा काग्रेसले समयमा चासो नदिँदा एमालेसँग नजिकिने वातावरण बनेको बताउँछन्। प्रचण्ड नेतृत्वको सरकारमा परराष्ट्रमन्त्री रहेका उनी कोशी प्रकरण, मन्त्रिमण्डल पुनर्गठन, महासमितिमा आएको गठबन्धनको विषयमा मतभेदलगायतका विषयमा असमझदारी रहेको, तर पछि काग्रेस यसका लागि तयार हुँदा गठबन्धन टुट्ने वातावरण तयार भइसकेको बताउँछन्।

'कोशी प्रकरण, महासमिति बैठकका विषय र मन्त्रिमण्डल पुनर्गठनको विषयमा मतभेद भयो र त्यसलाई समयमा व्यवस्थापन गर्न नसक्दा समीकरण टुट्यो। रातारात भएको विषय होइन, यी विषय जम्मा हुँदै गएका थिए। गठबन्धनभित्र व्यवस्थापन गर्न सकिएन। तर, यी विषय व्यवस्थापन नै गरेर जान सकिँदैन भन्ने हामीलाई लागेको थिएन,' उनले भने, 'प्रधानमन्त्री हतारिनुभयो र अर्को समीकरणमा जानुभयो। हामीले गठबन्धनको निरन्तरताका लागि प्रस्ताव राखेका थियौं। तर, अन्त्यमा उहाँले अगाडि बढो भन्नुभयो र गठबन्धन टुट्यो।'

काग्रेस-माओवादी सहकार्यमा दायरा पछिल्लो समय कोशी प्रकरणसँगै बढेको थियो। गठबन्धनको सहमतिविपरीत काग्रेसको शेखर समूहले कोशीमा एमालेसँग मिलेर सरकार बनाएपछि माओवादी सशंकित थियो। त्यसपछि राष्ट्रिय सभा निर्वाचनमा पनि माओवादीको उम्मेदवारले पराजय व्यहोर्ने अवस्था आयो। यसले माओवादीले काग्रेसप्रति शंकाको दायरा बढायो। साथै, प्रधानमन्त्री प्रचण्डले अर्थमन्त्री डा. महतले असहयोग गरेको भन्दै परिवर्तनका लागि सभापति देउवालाई आग्रह गरेका थिए।

तर, सभापति देउवा यसका लागि तत्काल तयार रहेनन्। विभिन्न बहानामा ढिलाइ हुँदा अविश्वास बढ्न पुगेको काग्रेस नेताहरूको बुझाइ छ। ७ देखि १० फागुनमा चलेको काग्रेस महासमिति बैठकमा महामन्त्री गगन थापाको निर्वाचनमा गठबन्धन नगर्ने प्रस्ताव र पूर्णबहादुर खड्काले नीति प्रस्तावमा जनयुद्धलाई अपव्याख्या गरेको भन्दै माओवादी चिढिएको थियो।

काग्रेस इतरसमूहका नेता डा. मीनेन्द्र रिजाल कम्युनिस्ट पार्टीहरू नजिकिने अवस्थाका कारण काग्रेससँगको गठबन्धन टुटेको र यो अप्रत्याशित नरहेको बताउँछन्। उनी गठबन्धनमा रहेका असन्तुष्टि मिलाएर गठबन्धन कायम राख्ने अवस्था रहे पनि प्रधानमन्त्री यसका लागि तयार नरहेको तर्क गर्छन्।

'नयाँ समीकरण अचम्म हुनुपर्ने विषय थिएन। घटना घट्ने नै थियो, कहिले भन्ने मात्रै थियो। निर्वाचनमा गठबन्धनको औचित्य प्रचण्ड ओलीको समर्थनमा प्रधानमन्त्री बन्दै सकिएको थियो। मैले पटकपटक भनेको पनि हो,' डा. रिजालले भने, 'कम्युनिस्ट पार्टीका नेताहरूबीचमा पार्टी मिलाउनुपर्छ भन्ने असाध्यै ठूलो सकस छ। नयाँ गठबन्धनले भित्री रूपमा यसले दुई पार्टी मिलाउने आधार तयार गऱ्यो। त्यो एक दिनमा तयार भएको चाहना थिएन। भविष्यमा कसरी व्यवस्थापन हुन्छ भन्ने उहाँहरूको कार्यशैलीले देखाउला। जे-जति कारण देखाइए यी सबै बहाना मात्रै हुन्। प्रचण्डले मिलाउन चाहँदा सबै मिल्ने विषय थिए।'

युवा नेता एवं सांसद प्रदीप पौडेल काग्रेस नेतृत्व समयमै सजग नहुँदाको परिणामको रूपमा लिन्छन्। प्रधानमन्त्रीको योजना र काग्रेसको ढिलाइ नयाँ समीकरणको आधार भएको उनको भनाइ छ। 'निर्वाचनअगाडि मिलेर लडेको शक्ति सँगसँगै जाने कुरामा प्रधानमन्त्री पनि गम्भीर भएको देखिएन। जोसँग पनि मिल्न तयार हुने उहाँले चाहना राख्नुभयो, विकल्प प्रयोग गरेर गठबन्धन जोगाउन तयार रहनुभएन। उहाँले मिलाउन चाहेको भए विकल्प रहन्थे,' पौडेलले भने, 'प्रधानमन्त्रीले पनि औपचारिक रूपमा काग्रेसका यी कारणले गठबन्धनमा रहने अवस्था रहेन भन्नुभएको छैन। पछिल्लो समय प्रधानमन्त्रीको सर्त के हो भन्ने बुझ्ने प्रयास काग्रेसले गरेकै हो। वेटिङ प्राइममिनिस्टरका रूपमा रहेका हाम्रा सभापति पनि गठबन्धन तोडिने संकेत पाउँदा उहाँ पनि यसमा चनाखो हुनुपर्थ्यो। त्यो सजगता पनि देखिएन।'

नवनियुक्त...

पृष्ठ १ बाट क्रमशः

हेरफेरपूर्व प्रधानमन्त्री प्रचण्डले मन्त्रिपरिषद् बैठक बोलाएनन्। बिदासमेत हुन नपाई मन्त्री सिंहदरबारबाट बाहिरिए। उनीहरूले प्रधानमन्त्रीसँग बिदाइ भेटसमेत गर्न पाएनन्।

नयाँ सत्तागठबन्धनले अन्य दललाई समेटेर मन्त्रिपरिषद् विस्तार गर्ने निर्णय गरेको छ। गठबन्धनको बैठकले अन्य दललाई समेटेर मन्त्रिपरिषद् विस्तार गर्ने निर्णय गरेको हो। सोमबार साँझ प्रधानमन्त्री कोटेश्वरस्थित निवासमै पुगेर एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालसँग भेटवार्ता गरेका छन्। भेटमा प्रधानमन्त्री प्रचण्डले अध्यक्ष नेपालसँग कम्युनिष्ट एकताको कोर्स शुरु भएको भन्दै सरकारमा सहभागी हुन आग्रह गरेका थिए। एमाले महासचिव शंकर पोखरेलले एकीकृत समाजवादीलाई पनि गठबन्धनमा सामेल गरेर जाने बताएका थिए।

अहिले प्रचण्डले नै नेतृत्व गर्ने कुरा छ, आवश्यकताअनुसार भोलि निर्णय होलान्

● **प्रदीप ज्ञवाली**, उपमहासचिव, एमाले

नयाँ गठबन्धन बन्ने आधार कसरी बन्यो ?

यसमा तीनवटा कारण देख्छु। पहिलो, विभिन्न घटनाक्रममा काग्रेस र प्रधानमन्त्रीबीच दूरी बढ्दै गयो। कोशीमा मुख्यमन्त्रीको प्रश्न, राष्ट्रिय सभाको निर्वाचन, केही विवादित मन्त्रीलाई प्रधानमन्त्रीले हटाउन चाहँदा हटाउन नसकेको स्थिति र केही सेवाप्रवाहका र केही सुधारका काम गर्न खोज्दा काग्रेसबाट सहयोग नपाएकोजस्ता विभिन्न प्रश्नमा सुरु भएको अन्तरविरोध बढ्दै गएर अविश्वासको तहमा पुगेको हो। दोस्रो, एमालेले गठबन्धन देशका लागि बोझ भयो, यसको विकल्प खोज्नुपर्छ भनेर सचेतनापूर्वक बाहिर चर्चा नगरी प्रयास गरेको थियो। त्यसको परिणाम पनि हो। तेस्रो, साझा अनुभूति पनि हो। जनतामा ठूलो निराशा छ। समाजमा नयाँ-नयाँ खालका समस्या, चुनौती, अन्तरविरोध चर्किँदै गएका छन्। यही ठीक ढंगले सुशासन, सेवाप्रवाह र विकासलाई गति नदिने हो भने यसले अन्ततोगत्वा हाम्रो लोकतन्त्र र मुलुकको अस्तित्व नै जोखिममा पार्न सक्ने अनुभूतिसहित नयाँ गठबन्धन बनेको हो।

प्रधानमन्त्रीमा आलोपालो कि पूरै कार्यकाल प्रचण्ड नै ?

हामी एउटा पृष्ठभूमिबाट आयौं। छिटो-छिटो सरकार परिवर्तनले जनतामा पनि एकखालको निराशा उत्पन्न हुने, राजनीति भनेकै केवल सत्ताको भागबन्डा हुने भन्ने गलत सन्देश जाने, त्यसले दातृ निकाय, विदेशी लगानीकर्ता, निजी क्षेत्र र समग्र प्रशासनमा एकखालको अस्थिरताको सन्देश जाने भएकाले अहिले हामी त्यो विषयमा प्रवेश गरेका छैनौं। आवश्यकताअनुसार भोलिका दिनमा निर्णय होलान्। अहिलेचाहिँ प्रधानमन्त्री प्रचण्डले नै नेतृत्व गर्ने कुरा छ।

गठबन्धनको स्थायित्वको आधार के छ ?

राजनीतिक दलहरूका सामु विकल्पहरू साँघुरिँदै गएका छन्। यदि, ठीक ढंगले डेलिभरी नदिने हो भने त्यसले मुलुकमा निकै ठूलो अनिष्ट निम्त्याउन सक्ने बोध हामी सबैलाई छ। जनताले गरेका खबरदारी, गुनासा, असन्तुष्टि र लोकतन्त्रमाथि बढ्दै गएका चुनौती मुख्य कारण हुन्। जसले जिम्मेवार राजनीतिक दलहरूलाई परिपक्व ढंगले र सुझबुझका साथ अगाडि बढ्न प्रेरणा प्रदान गरेको छ। दोस्रो, हामीले विगतमा कतिपय घटनाक्रमबाट पाठ पनि सिकेका छौं। त्यसले आगामी दिनमा त्यो ढंगका गल्ती नगर्नका लागि सहयोग पुऱ्याउँछ भन्ने लाग्छ। विभिन्न विषयमा इस्युहरू रहन सक्छन्, तिनीहरूमा छलफल गर्दै अगाडि बढ्ने हाम्रो समझदारी छ।

नेतृत्वको विषयमा नेताहरूबीच जे सहमति हुन्छ, त्यो अक्षरशः लागू हुन्छ

● **देव गुरुङ**, महासचिव, माओवादी

नयाँ गठबन्धन बन्ने आधार कसरी बन्यो ?

मुख्यतः काग्रेससँग राजनीतिक विषयमै समस्या उत्पन्न भयो। राष्ट्रिय स्वाधीनताको रक्षा गर्नुपर्ने, प्राप्त उपलब्धिको रक्षा गर्नुपर्ने, सामाजिक न्याय, सुशासन र आर्थिक समृद्धिको यात्रामा अगाडि बढ्नुपर्ने अहिलेको मुख्य कार्यभार हो। समाजवादमा त जुनसुकै धर्मलाई पनि समान रूपमा स्वतन्त्रता दिनुपर्छ। तर, मध्ययुगीन सामन्ती हिन्दुराज्य कायम राख्न चाहने प्रवृत्तिले अहिलेको गणतन्त्रको रक्षा गर्छ ? त्यसले अहिलेको परिवर्तनको रक्षा गर्ला भन्ने कल्पना गर्ने मिल्ने विषय परेन। दोस्रो, अहिलेको परिवर्तनको जग भनेको १० वर्षे जनयुद्ध हो। त्यसैको आधारमा यो परिवर्तन भएको हो। जनयुद्धलाई नकारात्मक ढंगले टिप्पणी गर्नेले त्यसको परिणामको रक्षा गर्ला भनेर कसरी विश्वास गर्ने ? जगचाहिँ बेठीक हुने, परिणामचाहिँ ठीक हुने भन्ने त हुँदैन। जग बेठीक भएपछि परिणाम पनि बेठीक भन्ने निष्कर्षमा ढिलोचाँडो पुग्छ नै। तेस्रो, मुलुकको स्वाधीनता रक्षा गर्दै आर्थिक समृद्धिको यात्रामा अगाडि बढ्नुपर्ने हो।

शीतयुद्धको माहोल चलिराखेको वेलामा नेपालमा तेस्रो सैन्य अभ्यास गर्नु भनेको भूमण्डलीकृत शक्तिराष्ट्रहरूको सैन्य क्रीडास्थलको इपिसेन्टर बनाउन खोजेको त प्रस्टै छ त। सुरुमा गठबन्धन गर्ने वेला गणतन्त्रको रक्षा गर्ने, राष्ट्रियताको रक्षा गर्ने भनिए पनि घटनाक्रममा त्यस्तो देखिएन। परिस्थिति त्यसको विपरीत देखिन थाल्यो। तैपनि हामीले गठबन्धन परिवर्तन गरिहाल्नुपर्छ भनेको त होइन। हामीले सबैलाई समेट्नुपऱ्यो भनेका हौं। प्रतिपक्षलाई पनि समेटेर लानुपर्छ भन्न खोजेको हो। तर, काग्रेस छिर्दा एमाले आउट हुने, एमाले छिर्दा काग्रेस आउट हुने स्थिति बन्यो।

प्रधानमन्त्रीमा आलोपालो कि पूरै कार्यकाल प्रचण्ड नै ?

नेताहरूबीच जे सहमति हुन्छ, त्यो अक्षरशः लागू हुन्छ। सहमतिबाट अगाडि बढ्नुको विकल्प छैन।

गठबन्धनको स्थायित्वको आधार के छ ?

सबैभन्दा पहिला राष्ट्रिय सहमति जुटाउन कोसिस गर्ने हो। राष्ट्रिय सहमति जुट्न सकेन भने पनि जति दलहरू सहमत हुन्छन्, सहमति जुटाएर लैजाने हो। र, मुलुकमा स्थायित्व, स्थिरता, लोकतान्त्रिक गणतन्त्रको रक्षा, राष्ट्रिय स्वाधीनताको रक्षा गर्ने हो। स्रोत र साधनको अधिकतम प्रयोग गरेर आर्थिक समृद्धिका लागि प्रयास गर्ने हो। कुशासन, भ्रष्टाचार र कमिशनतन्त्रलाई नियन्त्रण गरेर सुशासन कायम राख्न कोसिस गर्ने हो। र, सामाजिक न्यायका लागि प्रयास र पहिल गरिराख्ने हो। यिनै मुद्दाका प्रयास गर्दै लैजाने कुरा हुन्।

प्रदेशको प्रमुख...

पृष्ठ १ बाट क्रमशः

प्रशासकीय पद स्थानीय सेवाअन्तर्गत रहने र त्यसको खटनपटन प्रदेशले गर्ने व्यवस्था गरिएको छ।

यसबाहेक खसआर्य, थारू र मुस्लिमलाई पनि आरक्षण सूचीमा राख्ने, नायब सुब्बाको पदपूर्ति बढुवाबाट मात्रै गर्ने, हाल कर्मचारीको अनिवार्य अवकाश ५८ वर्ष रहेकामा बढाएर ६० वर्ष कायम गर्नेलगायत व्यवस्था विधेयकमा छ।

२१ भदौको मन्त्रिपरिषद् बैठकले संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको सर्तसम्बन्धी विधेयक, २०८० संघीय संसद्मा पेस गर्ने निर्णय गरेको थियो। विभिन्न स्वार्थसमूहको दबाब र विवादका बीच सरकारले विधेयक टुंग्याएर प्रतिनिधिसभामा पेस गरेको हो। विधेयकले विवादित विषयहरूलाई मध्यमार्गी समाधान दिएर टुंग्याएको देखिन्छ। निजामती प्रशासनका बेथिति र तीन तहको अन्तरसम्बन्धलाई पनि विधेयकले सम्बोधन गरेको छ। निजामती सेवामा अब नेपाल सूचना प्रविधि सेवा पनि थप्ने व्यवस्था विधेयकमा गरिएको छ। अन्य सेवाहरू यथावत् नै राखिएको छ।

विधेयकमा निजामती सेवालाई अब तहगत प्रणालीमा लगिएको छ। सहायक पहिलोदेखि अधिकृत चौथोसम्मको तह निर्धारण गरिएको छ। जसअनुसार अब राजपत्रांकित विशिष्ट (सचिव) का रूपमा अधिकृत १४ औं र १३ औं रहनेछ। त्यस्तै, राजपत्रांकित प्रथम श्रेणी (सहसचिव) का रूपमा अधिकृत १२ औं र ११ औं, राजपत्रांकित द्वितीय श्रेणी (उपसचिव) का रूपमा अधिकृत १०औं र ९औं तथा राजपत्रांकित तृतीय (शाखा अधिकृत) का रूपमा ८औं र ७औं तह रहनेछ। त्यस्तै, राजपत्र अनंकित प्रथम (नासु) सहायक पाँचौं, राजपत्र अनंकित द्वितीय (खरिदार) सहायक चौथो, राजपत्र अनंकित तृतीय सहायक तेस्रो, राजपत्र अनंकित चतुर्थ सहायक दोस्रो र राजपत्र अनंकित पाँचौं सहायक पहिलो रहनेछन्।

राजपत्र अनंकित तृतीय श्रेणी वा सहायक तेस्रो तहमा कुनै निजामती कर्मचारीको पदाधिकारी नरहेमा सो श्रेणी वा तहको पद स्वतः खारेज हुने व्यवस्था विधेयकमा छ। ऐन प्रारम्भ हुनुअघि श्रेणीविहीन पदमा बहाल रहेको निजामती कर्मचारी ऐन प्रारम्भ भएपछि स्वतः राजपत्र अनंकित पाँचौं श्रेणी वा सहायक पहिलो पदमा कायम भएको मानिने व्यवस्था विधेयकमा छ।

निजामती कर्मचारीको कार्य विवरण र कार्य सम्पादन सम्झौतालाई व्यवस्थित गरेर काम र प्रगतिसँग जोडिएको छ भने सुपरिवेक्षण संयन्त्रसमेतको व्यवस्था गरिएको छ। अस्थायी दरबन्दीमा खटिएका वा काजमा गएका कर्मचारीको पद रिक्त मानी त्यसमा स्थायी पदपूर्ति गर्न नपाइने व्यवस्था पनि गरिएको छ। पुलमा राखेर त्यसलाई रिक्त मानी नयाँ पदपूर्ति गर्न नपाइने व्यवस्था विधेयकमा छ।

संघीय निजामती सेवाको पदपूर्ति सम्बन्धमा विद्यमान व्यवस्थामा केही हेरफेर गरेर प्रस्ताव गरिएको छ। हाल पदपूर्ति गर्दा लिइने आधारमा पनि केही परिवर्तन गरिएको छ। हाल पदपूर्तिमा खुला प्रतियोगिता र बढुवालाई आधार मानिन्छ। बढुवाभित्र कार्यक्षमताको मूल्यांकन, आन्तरिक प्रतियोगितात्मक परीक्षा तथा ज्येष्ठता र कार्य सम्पादन मूल्यांकन पर्छन्। विधेयकले यसमा केही परिवर्तन गर्दै अन्तरतह प्रतियोगिताको नयाँ व्यवस्था प्रस्ताव गरेको छ। जसअनुसार अब पदपूर्ति गर्दा खुला प्रतियोगिता, अन्तरतह प्रतियोगिता र बढुवाको आधारमा गर्ने व्यवस्था विधेयकमा छ।

अब खरिदारमा ८० प्रतिशत खुला, १० प्रतिशत अन्तरतह र १० प्रतिशत बढुवाबाट पदपूर्ति हुनेछ। हाल यस तहमा पदपूर्ति गर्दा ७० प्रतिशत खुला प्रतियोगिताद्वारा, २० प्रतिशत आन्तरिक प्रतियोगितात्मक परीक्षा र १० प्रतिशत ज्येष्ठता र कार्य सम्पादन मूल्यांकनद्वारा गरिन्छ।

शाखा अधिकृतको पदपूर्ति अनुपात खुलाबाट ६५, अन्तरतहबाट १० र बढुवाबाट २५ प्रतिशत कायम गरिएको छ। हाल उक्त पदमा खुला प्रतियोगिताबाट ७० र ज्येष्ठता र कार्य सम्पादन मूल्यांकनबाट ३० प्रतिशत हुने व्यवस्था छ।

उपसचिवको पदपूर्ति खुलाबाट १०, अन्तरतहबाट २० र बढुवाबाट ७० प्रतिशतको आधारमा हुने प्रस्ताव गरिएको छ। हाल यसको पदपूर्ति गर्दा खुलाबाट १०, कार्यक्षमता मूल्यांकनद्वारा ३५, आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट २० र ज्येष्ठता र कार्य सम्पादन मूल्यांकनका आधारमा ३५ प्रतिशत हुने व्यवस्था छ। त्यस्तै, सहसचिवको पदपूर्ति हाल १० प्रतिशत खुला प्रतियोगिता, ३५ प्रतिशत कार्यक्षमता मूल्यांकन, २० प्रतिशत आन्तरिक प्रतियोगितात्मक परीक्षा र ३५ प्रतिशत ज्येष्ठता र कार्य सम्पादन मूल्यांकनबाट हुँदै आएकामा अब १० प्रतिशत खुला, १० प्रतिशत अन्तरतह र ८० प्रतिशत बढुवाबाट हुनेछ।

सचिवलाई जति वेला पनि, सहसचिवलाई एक र अन्य कर्मचारीलाई दुई वर्षपछि मात्र सरुवा गर्न सकिने विधेयकले कर्मचारीको तीव्र सरुवालाई रोक्ने प्रयत्नस्वरूप व्यवस्था गरेको देखिन्छ। जसअनुसार सचिवलाई आवश्यकताअनुसार सहसचिवलाई एक वर्ष र अन्य निजामती कर्मचारीलाई दुई वर्ष पूरा भएपछि मात्र अर्को कार्यालयमा सरुवा गर्न सकिने भनिएको छ। तर, मन्त्रालय वा संवैधानिक निकायमा बहाल रहेका सहसचिवलाई दुई र अन्यलाई तीन वर्ष पूरा नभई अर्को मन्त्रालय वा संवैधानिक निकायमा सरुवा गर्न नपाइने व्यवस्था विधेयकमा छ।

विधेयकले ट्रेड युनियनका नाममा देखिएका विकृति न्यूनीकरणका लागि आचरणको व्यवस्था पनि गरेको छ। जसअन्तर्गत त्यस्ता पदाधिकारीले आफू खटिएको निकाय वा कार्यालयमा अनिवार्य रूपमा सेवा गर्नुपर्ने, काममा असर पुग्ने गरी कार्यालय समयमा ट्रेड युनियनसम्बन्धी गतिविधि गर्न नहुने, नीतिगत विषयबाहेक कुनै पनि कर्मचारीको सरुवा, बढुवा वा वृत्ति विकाससम्बद्ध विषयमा दबाब दिन वा प्रभावमा पार्न नहुने व्यवस्था गरेको छ। त्यस्तै, कुनै पनि कर्मचारीलाई ट्रेड युनियनमा आबद्ध हुन दबाब दिने वा बाध्य बनाउन नहुने र ट्रेड युनियनसम्बन्धी कामका लागि दिइएकोबाहेक अन्य कुनै पनि सरकारी साधन-स्रोत प्रयोग गर्न नहुने व्यवस्था विधेयकमा छ। यसप्रतिकूलको गतिविधि गरी विभागीय कारबाही हुने व्यवस्था गरिएको छ।

डेढ दशकअघि...

पृष्ठ १ बाट क्रमशः

स्वरूपमा फर्काउन नापी कार्यालय कैलालीको प्राविधिक टोली रेखांकनमा खटिएको हो। विगतमा ताल रहेको क्षेत्रमा हाल स्थानीयले गहुँ खेती गरेका छन्, बर्खामा धान रोप्छन्।

डिभिजन वन कार्यालय पहलमानपुरको आग्रहमा लालपुर्जा भएको व्यक्तिको जमिन र तालको क्षेत्र छुट्याउन सुरु गरिएको नापी कार्यालय कैलालीका प्रमुख नापी अधिकृत जनकराज भट्टले जानकारी दिए। रेखांकनका लागि खटिएका नापी कार्यालयका अमिन अक्षय कठरियाले स्थानीय बासिन्दा, जनप्रतिनिधि, नगरपालिका र वन कार्यालयका कर्मचारीको समन्वयमा काम थालेको बताए। उनका अनुसार तालसँग जोडिएको व्यक्तिका लालपुर्जा भएको जमिन नापेर छुट्याएपछि तालको क्षेत्र छुट्याइनेछ। तालसँग जंगलसमेत जोडिएकाले व्यक्तिको जग्गा जोडिएको क्षेत्रमा नापजाँच गरिनेछ।

भजनीका मेयर केवल चौधरीले तललाई पुरानै स्वरूपमा फर्काउन नापीको टोलीले सीमांकन गरेको क्षेत्रमा माटो हटाउने काम वैशाखपछि सुरु गरिने बताए। हुलाकी राजमार्गनजिक भएकाले पहुँचका हिसाबले पनि सहज छ। भजनी- ७ का वडाध्यक्ष अमरबहादुर कठरियाका अनुसार ०६४ को बर्खामा मोहना नदीको बाढी तालमा पसेपछि बालुवाले भरिएको थियो। ०७५ थप अर्को बाढीले पनि ताल पुऱ्यो। ताल पुरिएपछि स्थानीयले खेती लगाउन सुरु गरेका थिए। 'ताल पुरिएको एक-दुई वर्षपछि स्थानीयले खेती लगाउन सुरु गरे। अहिले यहाँ तालको अस्तित्व नै छैन,' उनले भने। स्थानीयका भनाइमा जंगलसँग जोडिएको यो ताल पाँच सय बिघामा फैलिएको थियो। तर, नक्सामा तालको क्षेत्रफल एक सय ४४ बिघा आठ कट्ठा १२ धुर उल्लेख रहेको नापी कार्यालयले जनाएको छ।

**धितोमा रहेको चल/अचल सम्पत्ति लिल

मंगलबार २२ फागुन ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

महिला फुटबलर प्रिती तीन महिना मैदानबाहिर

साउदी अरेबियामा भएको वाफ महिला फुटबल च्याम्पियनसिपको उपाधि भिडन्तमा जोर्डनविरुद्ध ७०औँ मिनेटमा घाइते भएकी मिडफिल्डर प्रिती राईको सोमबार घुँडाको शल्यक्रिया भएको छ। मैदानमा फर्किन उनलाई तीन महिना समय लाग्नेछ।

नयाँ पत्रिका

वाफ महिला फुटबल प्रतियोगिताको फाइनलमा घाइते भएकी नेपाली राष्ट्रिय फुटबल टोलीकी महत्त्वपूर्ण खेलाडी प्रिती राई कम्तीमा तीन महिना मैदानबाहिर रहने भएकी छिन्। साउदी अरेबियामा गत बिहीबार जोर्डनविरुद्धको उपाधि भिडन्तमा प्रिती चोटग्रस्त बनेकी थिइन्। नेपाल फर्केको लगत्तै उनको सोमबार बी एन्ड बी अस्पतालमा घुँडाको शल्यक्रिया भएको छ।

अस्पतालले जारी गरेको विज्ञप्तिअनुसार प्रितीको प्रा.डा. अमित जोशीको नेतृत्वमा अर्थोस्कोपिक सर्जनको टोलीले शल्यक्रिया गरेको हो। 'आर्थोस्कोपिक सर्जनहरूको टोलीद्वारा प्रितीको सफल शल्यक्रिया भएको छ, अहिले उनको अवस्था सामान्य र क्रमिक रूपमा सुधार आएको छ,' बी एन्ड बीले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

यसैबीच प्रितीले नयाँ पत्रिकासँग कुरकानी गर्दै आफू कम्तीमा तीन महिना मैदानबाहिर रहने जानकारी दिएकी छिन्। 'अहिले मेरो अवस्था सामान्य छ, खासै समस्या आएको छैन,' उनले भनिन्, 'मैदानमा फर्कन तीन महिना लाग्छ, यस अर्थमा म कम्तीमा तीन महिना मैदानबाहिर रहनेछु।' यद्यपि, अस्पतालले उनी कति समयसम्म मैदानबाहिर रहने जानकारी दिएको छैन।

चोटसँगै प्रितीले भारतीय महिला लिगको बाँकी खेल गुमाउनेछिन्। उनी किक स्टार्सबाट लिग खेल्दै आएकी थिइन्। किक स्टार्समा पनि उनको उत्कृष्ट प्रदर्शन जारी थियो। भारतीय महिला लिगमा उनले नौ खेल खेलेकी छिन्।



वाफ महिला फुटबल च्याम्पियनसिपको फाइनलमा घाइते भएकी प्रिती राई। *फाइल तस्बिर*

तीन खेल कम खेलेको प्रिती आबद्ध किक स्टार्स तेस्रो स्थानमा छ। करिअरमा उनले दोस्रोपटक घुँडाको चोट सामना गरेकी हुन्। यसअघि नेपालको यू-२० टोलीको कप्तानी गर्दा उनी घाइते भइन्। जसका कारण उनी ६ महिना मैदानबाहिर रहिन्। एएफसी यू-२० महिला एसियन छनोट खेल्दा प्यालेस्टाइनविरुद्ध घाइते भएकी थिइन्। यसपटक प्रितीले महिला साफ च्याम्पियनसिपमा कमब्याक गर्ने विश्वास गरिएको छ।

फाइनलमा घाइते

नेपाली महिला फुटबल टोलीले ३८ वर्षपछि उपाधि जित्ने लक्ष्यका साथ साउदी अरेबिया पुगेको थियो। वेस्ट एसियन फुटबल महासंघ (वाफ) को निमन्त्रणामा नेपालले प्रतिस्पर्धामा सहभागिता जनाउने अवसर पाएको थियो। उपाधि भिडन्तमा नेपाल जोर्डनसँग पेनाल्टी सुटआउटमा ५-३ ले पराजित भयो। फाइनलमा प्रिती ७०औँ मिनेटमा घाइते भएकी थिइन्। विपक्षी खेलाडीले उनको घुँडामा प्रहार गरेकी थिइन्। मैदानमा प्राथमिक उपचारपछि चिकित्सक टोलीले उनलाई खेल्न नसक्ने बताएका थिए। त्यसपछि प्रशिक्षक राजेन्द्र तामाङले प्रितीको स्थानमा ७५औँ मिनेटमा अट्याकर अनिता केसीलाई मैदान प्रवेश गराएका थिए। नेपालको मिडफिल्डमा प्रितीको प्रदर्शन महत्त्वपूर्ण रहँदै आएको छ। उनको सानदार प्रदर्शनमा नेपालले फाइनल यात्रा तय गरेको थियो। लेबननविरुद्ध २-१ ले जित निकाल्दा इन्जुरी समयमा उनले विजयी गोल गरेकी थिइन्। यसअघि प्रतियोगिता भर उनले दुई असिस्ट गरिन्।

भुटानको पोस्टमा तीन गोल

नेपालले दक्षिण एसियाली फुटबल महासंघ (साफ) यू-१६ महिला च्याम्पियनसिपमा पहिलो जित निकालेको छ। सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा सोमबार नेपालले भुटानलाई ३-० ले पराजित गरेको हो। तीन गोल पहिलो हाफमा सम्भव भएको थियो। नेपालले दोस्रो हाफमा गोलको प्रयास गरेको थियो। तर, कुनै पनि प्रहार फ्रेममा पर्न सकेन। नेपालको जितमा पूजा गिरी, कप्तान भुमिका बुढाथोकी र ज्ञानशु डोल्मा लोले गोल गरेका थिए। नेपाल पहिलो खेलमा बंगलादेशसँग २-० ले पराजित भएको थियो। भुटान पहिलो खेलमा भारतसँग ७-० ले हारको सामना गऱ्यो। लगातार हारपछि भुटानको फाइनल खेल्ने सम्भावना सकिएको छ। नेपालको फाइनल खेल्ने सम्भावना यथावत् छ। नेपालले बिहीबार भारतसँग खेल्नेछ। चार टोली सहभागी प्रतियोगिताको शीर्ष दुई फाइनलमा स्थान बनाउनेछन्।

झापा गोल्डकपको सेमिफाइनलमा एपिएफ

झापामा चिरञ्जीवी घिमिरे

विभागीय टोली एपिएफले सोमबार बागमती युथ क्लबलाई टाइब्रेकरमा ४-३ ले पराजित गर्दै छैटौँ झापा गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनल स्थान सुरक्षित गरेको छ। एपिएफको जितमा गोलरक्षक एञ्जल श्रेष्ठ नायक बने। उनले पहिलो क्वार्टरफाइनलको टाइब्रेकरमा बागमतीका दुई पेनाल्टी रोकेका थिए। बिर्तामोडस्थित डोमालाल राजवंशी रंगशालामा निर्धारित ९० मिनेटमा दुवै टोलीले गोलरहित बराबरी खेलेका थिए। त्यसपछि खेलको छिनोफानो टाइब्रेकरबाट भएको हो। टाइब्रेकरमा एपिएफका गोलरक्षक श्रेष्ठले बागमतीका निर्मल घिसिङ र अनिल मगरको प्रहार बचाउ गरेका थिए।

बागमतीका अभि लामा, विमल घिसिङ र दिवस लिम्बूको प्रहारले टाइब्रेकरमा गोल गरे। एपिएफका फोडे फोफोना, श्याम मगर, कुलदीप कार्की र प्रदीप लामाले गोल गर्न सफल भए। गोलरक्षक एञ्जलले यसअघिको पहिलो खेलमा संकटाविरुद्धको खेलमा पनि टाइब्रेकर उत्कृष्ट प्रदर्शन गरी एपिएफलाई अन्तिम आठको स्थान पक्का पारेका थिए। बागमती सीधै बाई' पाएर अन्तिम आठमा पुगेको हो।

प्रतिस्पर्धाको पहिलो हाफमा बागमती एपिएफमाथि हाबी भएको थियो। दोस्रो हाफमा एपिएफले बागमतीलाई दबाबमा राख्यो। यद्यपि दुवै टोलीको फिनिसिङ लाइन कमजोर हुँदा स्कोर भएन। सहिद स्मारक 'ए' डिभिजन लिगमा घटुवा भएको एपिएफ झापा गोल्डकपमा उत्कृष्ट प्रदर्शन गरिरहेको छ। खेलको अन्तिम इन्जुरी समयमा बागमतीका खेलाडीलाई फल गरेपछि दोहोरो पहेँलो कार्ड खाँदै एपिएफका डिफेन्डर दिपेश धिमाल मैदानबाट बाहिरिएका थिए। प्रतिस्पर्धात्मक पहिलो क्वार्टरफाइनलको १०औँ मिनेटमा पेनाल्टी



एरियाबाट बागमतीका अनिल राना मगरको सशक्त प्रहार वारनजिक हुँदै बाहिरिएको थियो। खेलको २६औँ मिनेटमा बागमतीका सनम धिमालले डिबक्सबाट गरेको प्रहार एपिएफका गोलरक्षक एञ्जलले पञ्च गर्दै खतरा टारे।

■ रणनीतिअनुसार खेल भएन

सुमन श्रेष्ठ, प्रशिक्षक, एपिएफ

बागमतीविरुद्ध जसरी खेल्नुपर्ने थियो, खेलाडीले खेल्न सकेनन्। आज रणनीतिअनुसार प्रदर्शन भएन। झापा गोल्डकपजस्तो प्रतिष्ठित प्रतियोगितामा जसीमा टेपिङ गर्नुपर्ने अवस्था आएको छ। यो लज्जास्पद हो।

■ प्राप्त अवसरमा गोल भएन

सुनिल श्रेष्ठ, प्रशिक्षक, बागमती

हामीले एपिएफविरुद्ध राम्रो गोल अवसर सिर्जना गरेका थियौँ। तर, खेलाडीले प्राप्त अवसरमा गोल गर्न नसक्दा हारको सामना गर्नुपरेको हो। खेल रणनीतिअनुसार निर्धारित समयमा बागमतीले गोल निकाल्नुपर्ने थियो।

■ सूर्य नेपाल च्यालेन्ज सुरु

पहिलो दिन रामे मगरलाई अग्रता

काठमाडौं/ भेट्रान प्रोफेसनल गल्फर रामे मगरले सोमबार सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गतको पाँचौं सूर्य नेपाल च्यालेन्जको पहिलो दिन तीन अन्डर ६५ को स्कोर गर्दै शीर्ष स्थानमा कब्जा जमाएका छन्। रामेले एमेच्योर युवा गल्फर तथा साबिक विजेता सद् भाव आचार्यलाई एक स्ट्रोकले पछि पारेका छन्। दुई अन्डर ६६ स्कोरका साथ सदभाव आचार्य दोस्रो स्थानमा छन्। भुवन नगरकोटी एक अन्डर ६७ स्कोरसहित तेस्रो स्थानमा छन्। भुवनसँगै तेस्रो स्थानमै धनबहादुर थापा रहेका छन्। इभन पार ६८ स्कोर गरेका टंकबहादुर कार्की पाँचौं स्थानमा छन्। एक ओभर ६९ स्कोरसहित रवि खड्का छैटौं स्थानमा छन्

दुई ओभर ७० स्कोरका साथ पहिलो दिनको खेल समाप्तिसम्म रमेश अधिकारी, सूर्यप्रसाद शर्मा र दिनेश प्रजापतिले संयुक्त रूपमा सातौं स्थान बाँडेका छन्। पशुपति शर्मा, जयराम श्रेष्ठ, दीपक मगर, तोरणविक्रम शाही तथा एमेच्योर गल्फरद्वय राहुल बिके र टासी छिरिडले तीन ओभर ७१ स्कोर गरी संयुक्त रूपमा १०औँ स्थान बाँडे। लामो समयपछि लयमा रहँदै शीर्ष स्थानमा रहेका रामेले फ्रन्ट नाइन तीन अन्डर ३१ स्कोरको उत्कृष्ट प्रदर्शन गरे। उनले पहिलो, दोस्रो र चौथो होलमा बर्डी प्रहार गरे। ब्याक नाइनमा उनले इभन पार खेल्दै ३४ स्कोर गरे। यस क्रममा उनले फन्ट नाइनको १०औँ, १२औँ र १३औँ होलमा एक-एक सट बचाए।

एनएनआइपिए अवार्ड चैतमा

नयाँ पत्रिका

नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघ (एनएनआइपिए) को आयोजनामा स्पोर्टस् अवार्ड १२ चैतमा हुने भएको छ। आयोजक एनएनआइपिएले सोमबार पत्रकार सम्मेलन गरी अवार्डको मिति घोषणा गरेको हो। अवार्डमा गत वर्ष गण्डकी प्रदेशमा भएको नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा समावेश भएका ३६ खेललाई आधार मानेर मनोनयन गरिने एनएनआइपिएका सचिव मन्डेकाजी श्रेष्ठले जानकारी दिएका छन्। ३६ खेललाई आधार मानी सम्बन्धित संघले सिफारिस गरेका खेलाडीलाई वर्ष उत्कृष्ट खेलाडीबाट सम्मान गरिने उनले बताए।

एनएनआइपिएले आयोजनाको स्थान भने पक्का गरेको छैन। 'हामीले ललितपुरभित्रै अवार्ड गर्ने घोषणा गरिसकेका छौं। चैतमा अत्यधिक वर्षा हुँदा त्यहीअुनसारको स्थान खोज्ने क्रम जारी छ,' श्रेष्ठले भने, 'विगतका केही वर्षदेखि उपत्यकाभित्र विभिन्न ऐतिहासिक, सांस्कृतिक सहरमा हुँदै आएको यो कार्यक्रम यसपटक ललितपुरमा हुनेछ।'

अवार्डमा ३६ खेलबाट समान एक पुरुष र महिला सर्वोकृष्ट खेलाडी पुरस्कृत हुनेछन्। यसैगरी एक पुरुष र महिला प्रतिभाशाली खेलाडीलाई सम्मान गरिनेछ। साथसाथै एक खेल पत्रकारलाई एनएनआइपिए खेल पत्रकारिता पुरस्कार, एकजना पाका खेल व्यक्तिलाई गजराज आदर्श खेल व्यक्तित्व सम्मान र एकजनालाई वर्ष उत्कृष्ट पारा खेलाडीबाट सम्मान प्रदान गरिने महासचिव शिवसुन्दर गोथेले बताए। उत्कृष्ट खेलाडीले जनही १० हजार, सर्वोत्कृष्ट खेलाडीले एक लाख र प्रतिभाशाली खेलाडीले ५० हजार रुपैयाँ प्राप्त गर्नेछन्।

अवार्डमा फुटबल, साइक्लिङ, भलिबल, एथलेटिक्स, फेन्सिङ, तेक्वान्दो, ह्यान्डबल, जिम्नास्टिक, लन टेनिस, गल्फ, हक्की, सफ्ट टेनिस, पौडी, स्क्वास, उसु, भारोत्तोलन, ट्राथोलन र क्रिकेट छन्। यसैगरी क्रिकेट आइटिएफ तेक्वान्दो, फूल कन्ट्याक्ट कराते, जुडो, कुस्ती, रग्बी, ब्याडमिन्टन, बास्केटबल, शारीरिक सुगठन, आर्चरी, कबड्डी, खो-खो, टेबल टेनिस, कराते, प्यारागलाइडिङ, बक्सिङ, बुद्धिचाल र सेपाकताक्रो रहेका छन्।

खेल संघ नवीकरण गर्न निर्देशन

कास्की/ गण्डकी प्रदेश खेलकुद परिषद्ले सबै खेल तथा संघहरूलाई सात दिनभित्र नवीकरण गर्न निर्देशन दिएको छ। परिषद्का सदस्यसचिव श्रीधर शर्माले प्रदेशका सबै जिल्लामा रहेका खेल संघहरूलाई नवीकरण गर्न जिल्ला खेलकुद विकास समितिलाई निर्देशन दिएको जानकारी दिएका छन्। प्रदेशस्थित जिल्ला खेलकुद विकास समितिहरूको अर्धवार्षिक समीक्षा एवं अन्तर्क्रिया कार्यक्रममा शर्माले सबैलाई नवीकरण गर्न भनेका हुन्। उनले समितिका काम र खेल गतिविधिलाई चुस्त बनाउन सँगै जवाफदेहिता र क्षमता बढाउन आग्रहसमेत छन्। परिषद् का कार्यालय प्रमुख तोपलाल भुसालले नवलपुरमा १४औँ गण्डकी प्रदेशस्तरीय राष्ट्रपति रनिङ सिल्डको समीक्षासँगै चैतमा हुने राष्ट्रपति सिल्ड र १०औँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी र खेलाडी छनोटका सम्बन्धमा समेत छलफल भएको बताए।

ललितपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पुल्चोक, ललितपुर
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित : २०८०/११/२२

यस ललितपुर महानगरपालिकामा रीतपूर्वक पेश हुन आएका बोलपत्रहरुको प्राविधिक तथा आर्थिक मूल्यांकनपश्चात मूल्यांकन समितिबाट भएको सिफारिसअनुसार देहायमा उल्लेखित, न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही, बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

S. No.	IFB No.	Description of work	Name of Contractor	Quoted Amount (Execluding VAT and PS)
1	Contract ID No. LMC-NCB-WORKS-080/81-03	Construction Of Transparent Green Fenee at Different Places of Lalitpur Metropolitan City	M/S Falgunanda Nirman Sewa.	NRs. 1,76,15,261.90

नेपाल सरकार
अर्थ मन्त्रालय
राजस्व परामर्श समितिको
सूचना

आगामी आर्थिक वर्ष २०८१/८२ को आर्थिक ऐन तर्जुमा गर्दा अवलम्बन गर्नुपर्ने राजस्व नीतिका साथै भन्सार महसुल, मूल्य अभिवृद्धि कर, आयकर, अन्तःशुल्क, गैरकर एवम् राजस्व चुहावट नियन्त्रण लगायत समग्र राजस्व प्रशासनमा गर्नुपर्ने सुधारका विषयमा मिति २०८० चैत्र १० गतेसम्ममा सुझाव उपलब्ध गराइदिनुहुन निजी क्षेत्र, सरकारी निकाय, एवं सरोकार राख्ने सबैमा राजस्व परामर्श समिति हार्दिक अनुरोध गर्दछ।

सुझावहरु निम्न ठेगानामा पठाउन सकिनेछः-

(१) राजस्व परामर्श समिति, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।
e-mail: rmd@mof.gov.np

(२) विषयगत सुझाव निम्न उपसमितिहरुमा पठाउन सकिनेछः-

(१) आन्तरिक राजस्व उपसमितिः
आन्तरिक राजस्व विभाग, लाजिम्पाट, E-mail: policyird@ird.gov.np वा dgpa@ird.gov.np

(२) भन्सार उपसमितिः
भन्सार विभाग, त्रिपुरेश्वर, e-mail: tariff@customs.gov.np

(३) उद्योग, वाणिज्य, लगानी तथा निर्यात प्रवर्द्धन उपसमितिः
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, e-mail: ipdivision@moics.gov.np वा info@moics.gov.np

(४) राजस्व चुहावट नियन्त्रण तथा सम्पत्ति शुद्धिकरण अनुसन्धान उपसमितिः
आर्थिक नीति विश्लेषण महाशाखा, अर्थ मन्त्रालय, सिंहदरबार, e-mail: Epad@mof.gov.np

(५) कृषि, उर्जा तथा पर्यटन क्षेत्र उपसमिति
योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा, अर्थ मन्त्रालय, सिंहदरबार,
e-mail: moev@mof.gov.np

(६) बैंक, वित्तीय सस्था, वीमा, सहकारी तथा पूँजी बजार उपसमितिः
वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, अर्थ मन्त्रालय, सिंहदरबार,
e-mail: fsmd@mof.gov.np

(७) गैरकर तथा अन्तर सरकारी राजस्व व्यवस्थापन उपसमितिः
वित्तीय संघीयता समन्वय महाशाखा, अर्थ मन्त्रालय; सिंहदरबार; e-mail: ffcd@mof.gov.np

(३) अर्थ मन्त्रालय अन्तर्गतका सम्बन्धित विभाग तथा कार्यालयहरु।

Invitation for Bids
Government of Bagmati Province
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate
Infrastructure Development Office
Kavrepalanchok, Nepal
Date of publication: - 5 March, 2024

1. ***The Government of Bagmati Province has allocated funds*** towards the cost of following construction work Bidding is open to all eligible as per Section V of bidding document.
2. ***Infrastructure Development Office, Dhulikhel, Kavrepalanchok*** invites electronic bids from eligible bidders for the construction of under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Name: Infrastructure Development Office Location: -Dhulikhel, Kavrepalanchok, Email Address: - idokavrepalanchok1@gmail.com, Telephone: -011-490713***or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

Pre-bid meeting	Last Date of Submission	Date of Opening	Bid validity	Bid security Validity Period
25 March, 2024, 11:00 AM	4 April, 2024, 12:00 PM	4 April, 2024, 1:00 PM	90 days from bid opening	30 days beyond bid validity

4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the office's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

Information to deposit the cost of bidding document in Bank:

Name of the Bank : Rastriya Banijya Bank
Name of Office : Infrastructure Development Office, Kavrepalanchok
Office Code no. : 3370126013
Office Account no. : 1000100200010000
Rajaswa (revenue) Shirshak no. : 14229

4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

S. N.	Name of Road	Construction Turnover (NRs)	Bid Security Amount (NRs)	Cost of Bid	Contract ID	Minimum Work experience of similar size and nature
1	Upgrading of Roshaiwaa Thulo Parsal Road, Temal Rural Municipality 5 & 6	Not Applicable	375,000	3,000	IDOKAVRE/W/ NCB/54/080/081	Not Applicable
2	Construction of Manikarnika Dham Road Bridge, Changunarayan Municipality 7 & 8, Bhaktapur	27 million	560,000	5,000	IDOKAVRE/W/ NCB/55/080/081	At least one number of bridge construction project with value of project at least NRs 9 million

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com